अन्तिम मस्यौदा, २०७८ चैत्र

# अग्नी एवं आगलागि नियन्त्रण कार्यढाँचा र चरणबद्ध अभ्यास हातेपुस्तिका

















*<u>हातेपुस्तिका संयोजन तथा अभिलेखन</u>*

**राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल**

पोस्ट वक्स नं ९४६० राधामोहन मार्ग १६२

नयाँ वानेश्वर काठमाण्डौ नेपाल

फोन: ९७७ १ ४४८२७३८,

# अग्नी नियन्त्रण कार्यढाँचा र चरणबद्ध अभ्यास सम्बन्धी हातेपुस्तिका

**<u>परामर्सकर्ता</u>**
ध्रुब गौतम, पिएच.डी
फोन +९७७-९८५१०९५८०८
इमेल: drrgautam@gmail.com

**© राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल २०२१**
राधामोहन मार्ग
नयाँ बानेश्वर
फोन नं. ०१-४४८२७३८
इमेल: ndrcnepal2007@gmail.com
URL:www.ndrcnepal.org.np

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| CBO | Community based organization |
| CSO | Community support organization |
| DDMC | District disaster management committee |
| DPRP | District Preparedness and Response Plan |
| DRR | Disaster risk reduction |
| DRRM | Disaster risk reduction and management |
| EWS | Early warning system |
| FNCCI | Federation of Nepalese Chambers of Commerce and Industry |
| LDCRP | Local Disasters and Climate Resilient Plan |
| LDMC | Local disaster management committee |
| LEOC | Local emergency operation center |
| LPG | Liquid petroleum gas |
| MoHA | Ministry of Home Affairs |
| NNBC | Nepal National Building Code |
| NRCS | Nepal Red Cross Society |
| O&M | Operation and maintenance |
| PPE | Protective personal equipment |
| SAR | Search and rescue |
| SME | Small and medium enterprises |
| SOP | Standard operating procedure |
| VHF | Very high frequency |

## विषयसूची


संक्षिप्त शव्दावली ........ i

१. सन्दर्भ ........ 1

२. अग्नी नियन्त्रण ढाँचा र अग्नी नियन्त्रण अभ्यासको औचित्य ........ 1

२.१ अग्नी नियन्त्रण कार्यढाँचा ........ 2

२.२ वर्तमान अन्तर ........ 2

२.३ अग्नी नियन्त्रण अभ्यास (Fire Drills) ........ 4

२.४ सीमाहरू ........ 5

क) अग्नी नियन्त्रण कार्यढाँचा (Fire control framework) ........ 5

३. वृहत अग्नी नियन्त्रण कार्यढाँचा (Comprehensive fire control framework) ........ 5

३.१ नीति, रणनीति र कार्यान्वयन ........ 6

३.२ प्रविधि, उपकरण र स्रोतहरू ........ 8

3.3 शिक्षा र ज्ञान व्यवस्थापन ........ 13

3.4 संस्थागत व्यवस्था र समन्वय ........ 17

४.१ प्राविधिक/औद्योगिक आगलागी ........ 22

४.२ मानव-सिर्जित आगलागी ........ 23

४.३ वन डढेलो ........ 24

४.४ कृषिमा आधारित आगलागी ........ 25

१. पृष्ठभूमि ........ 27

२. अग्नी नियन्त्रण अभ्यासका उद्देश्यहरू ........ 28

३. अग्नी नियन्त्रण अभ्यासको बारम्बारता (संख्या) ........ 28

४. अग्नी नियन्त्रण अभ्यासका प्रकारहरू ........ 28

५. अग्नी नियन्त्रण अभ्यासको लागि चरणबद्ध मार्गदर्शन ........ 29

५.१ अग्नी नियन्त्रण अभ्यास अघि ........ 29

५.२ अग्नी नियन्त्रण अभ्यासको समयमा ........ 36

५.३ अग्नी नियन्त्रण अभ्यास पछि ........ 44

सन्दर्भ सामग्री ........ 46

अनुसूची ........ 48

अनुसूची-१ अग्नि नियन्त्रण ढाँचा ........ 48

अनुसूची-२ चरणबद्ध अग्नी नियन्त्रण अभ्यास कार्यढाँचा ........ 54

## १. सन्दर्भ

आगलागी नेपालमा बारम्बार हुने प्रकोप हो, जसले मानवीय जीवनको क्षति र धनसम्पत्तिको ठूलो नोक्सानी गर्दछ। आगलागीको कारण मानिसहरूका घर तथा बहुमूल्य सम्पत्ति जलेर नष्ट हुन्छन् र उनीहरू प्रायः गरिबीमा पर्छन् । सहरी क्षेत्रमा यस किसिमको प्रकोप अत्यधिक विनाशकारी बन्ने सम्भावना हुन्छ । नेपालको सन्दर्भमा, तीव्र गतिमा बढ्दै गइरहेको सहरी केन्द्रका मुख्य क्षेत्रहरू जहाँ बाटो साँघुरो छ, भवनहरू पुराना छन् र घरमा काठको सामग्रीहरु जडान भएका छन् र नजिकै राखिएका छन्, आगलागीको प्रभाव अत्यधिक र अकल्पनीय हुन सक्छ। यसरी बनेका भवनहरू बढी जोखिममा छन्, किनभने आगलागी एक घरबाट अर्को घरमा सजिलै र छिटो फैलिन्छ र सम्पूर्ण बस्तीहरूलाई क्षति पुऱ्याउँछ। विगतमा भएका केही विनाशकारी आगलागीका घटनाहरू बक्स-१ मा प्रस्तुत गरिएको छ।

## २. अग्नी नियन्त्रण ढाँचा र अग्नी नियन्त्रण अभ्यासको औचित्य

नेपालमा, आगलागीले ग्रामीण र सहरी दुवै क्षेत्रमा ठूलो क्षति र क्षति पुऱ्याउँछ। गृह मन्त्रालयको तथ्याङ्क (१९७१-२०१८) अनुसार विगत ५० वर्षमा कुल १२ हजार ६ सय ९४ आगलागीका घटनामा १ हजार ७ सय ५५ जनाले ज्यान गुमाएका, २ हजार १७६ जना घाइते भएका, २ लाख ६५ हजार ९६२ परिवार प्रभावित भएका थिए भने ९० हजार ४४ घरमा क्षति पुगेको थियो । सन् २०१८ मा मात्रै २ हजार ४७८ आगलागीका घटनामा ८७ जनाको मृत्यु भएको थियो भने ३४२ जना घाइते भएका थिए । यसबाहेक १ हजार ८ सय ५७ घर ध्वस्त र २९१ घरमा क्षति पुगेर करिब ३ अर्ब ९६ करोडको आर्थिक क्षति भएको थियो । सन् २०२० मा आगलागीका २ हजार १२९ घटनाबाट कुल ५७ जनाको मृत्यु भएको थियो भने ३१८ जना घाइते भएका थिए। जलवायुजन्य प्रकोपका कारण अनुमानित ६ अर्ब ८४ करोडको सम्पत्ति क्षति भएको मध्ये लगभग ९४ प्रतिशत आगलागीका घटनाबाट मात्र भएको थियो (गौतम, २०२०)। सामान्यतया आगलागी प्राविधिक, मानवीय, चट्याङ र कृषिजन्य घटनाका कारणबाट निस्कन्छ।

**बाकस-१: विगतमा भएका विनाशकारी आगलागीको सूची**

१९७१: सिंहदरबार, काठमाडौं
१९८४: भृकुटी कागज कारखाना, नवलपरासी
२००१: भुटानी शरणार्थी शिविर, झापा
२००८: म्याङलुङ, तेह्रथुम
२००९: रामेछाप
२०१२: गोलबजारको दक्षिण, सिरहा
२०१७: यति फेब्रिक, सल्लाघारी, भक्तपुर
२०१७: सुपर ग्यास कारखाना लिमिटेड, वीरगन्ज, पर्सा
२०१९: सुबिसु केबल नेट प्रालि, काठमाडौं
२०१९: विजय लाउन्ज, काठमाडौं
२०१९: मनकामना कपास कारखाना, भक्तपुर
२०२०: इनरुवा, सुनसरी
२०२०: फुङलिङ, ताप्लेजुङ
२०२०: भगतपुर गाउँ, बर्दिया
२०२०: उज्वल इन्धन स्टेशन, ग्वार्को, ललितपुर
२०२०: अस्मिता कपास उद्योग, बाग्लुङ
२०२०: रोदिकोट गाउँ, हुम्ला
स्रोतः गौतम (२०२१)

- **प्राविधिक/औद्योगिक आगलागीः** यस प्रकारको आगलागी ग्यास चुहावट, ग्यास सिलिन्डर र मट्टितेलको चुलोको विस्फोट आदिबाट हुन्छ । यसैगरी बिद्युतीय हिटर, आइरन, टिभी, र अन्य विद्युतीय उपकरणहरू र त्रुटिपूर्ण विद्युत जडान, तारहरूको सर्ट सर्किट; उच्च गतिको हावा हुरी

चल्दा बिजुलीका तारहरु ठोक्किएर, भोल्टेजमा उतारचढाव, र कम तानिएका बिजुलीका पोलहरू; र सौर्य उर्जाको प्यानल ब्याट्रीको विस्फोटबाट समेत हुने गर्दछ।

- **मानवजन्य आगलागी:** यसप्रकारको आगलागी प्रायः बच्चाहरूको सहज पहुँचमा सलाइ लाइटर जस्ता बल्ने बस्तु राख्दा, धुम्रपान, लामखुट्टे मार्ने धुप जलाउने, लोडसेडिङको समयमा मैनबत्ती र तेलको बत्ती प्रयोग गर्ने, बिजुलीको हुकिङ, धान अथवा काठको भुसले खाना पकाउने चुलोको प्रयोग, बाहिर चुल्हो बालेर गाईबस्तुको लागि कुडो वा खोले पकाउँदा हुने गर्दछ । यसका साथै कहिलेकही पारिवारिक झैझगडा र विवादका कारण पनि हुने गर्दछ।
- **वन डढेलो:** यसप्रकारको आगलागी धुम्रपान गर्ने यात्रुहरू र पिकनिक गर्नेहरूको लापरवाहीले यस प्रकारको आगलागी हुन्छ । अशिक्षा र अज्ञानता आगलागी निम्त्याउने मूल समस्या हो। कतिपय क्षेत्रहरूमा, जंगलको छेउमा बसोबास गर्ने मानिसहरूले जानाजानी गाइवस्तुका लागि घाँस वा नयां विरूवाको पालुवा पलावोस भनेर आगो लगाइ दिन्छन । खोरिया खेतीका लागि जग्गा बनाउँदा र गैर-काष्ठ वनजन्य वस्तु सङ्कलन गर्दा प्रायजसो जङ्गलमा आगलागी हुने गरेको छ।
- **कृषिजन्य आगलागी:** यान्त्रिक थ्रेसरको प्रयोग र मलको लागि पराल जलाउने जस्ता कृषि गतिविधिहरूबाट हुने आगलागीलाई यसप्रकारमा राखिएको छ ।(यूएनडिपी, २०११)

"अग्नी नियन्त्रण कार्यढाँचा" र "अग्नी नियन्त्रण अभ्यासका लागि हातेपुस्तिका" ले आगलागीको प्रकोपबाट हुने क्षतिलाई कम गर्न प्रभावकारी अग्नि नियन्त्रक सेवा र गुणस्तरीय प्रतिकार्यको लागि सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

## २.१ अग्नी नियन्त्रण कार्यढाँचा

अग्नी नियन्त्रण कार्यढाँचामा चार तत्वहरू समावेश हुन्छन् अर्थात् (क) नीतिहरू, रणनीतिहरू, र कार्यान्वयन; (ख) प्रविधि, उपकरण र स्रोतहरू; (ग) शिक्षा र ज्ञान व्यवस्थापन; र (घ) संस्थागत व्यवस्था र समन्वय। यी तत्वहरूले एकअर्कालाई बलियो बनाउँछन्। प्रत्येक तत्वको भूमिका समग्र आगलागी व्यवस्थापनका गतिविधिहरूको व्यवस्थापनमा महत्त्वपूर्ण हुन्छ। अहिले तीनै तहका सरकारहरूसंग त्यस्तो संरचना उपलब्ध छैन । स्थानीय तहहरूसँग त्यस्ता ढाँचाहरू नभएकोले, तिनीहरूको अधिकार क्षेत्रमा रहेका दमकल स्टेशनहरूको अग्नि नियन्त्रण पूर्वतयारी र प्रतिकार्य गतिविधिहरू कमजोर रहेका छन्। स्थानीय तहहरूसँग आगलागी सुरक्षा योजनाहरूको पनिअभाव रहेको छ र कुनै पनि अग्नी नियन्त्रणका नीति तथा मार्गनिर्देश समेत छैन। नीतिगत प्रावधान र अग्नि सुरक्षा योजना दुवैको अभाव भएकाले अग्नी नियन्त्रण केन्द्रहरूमा उपकरणको अवस्था र त्यसको व्यवस्थापन कमजोर छ।

## २.२ वर्तमान अन्तर

अग्नी नियन्त्रण केन्द्रहरूमा आगलागीको प्रतिकार्यको लागि पर्याप्त अ ौजार तथा उपकरणहरू छैनन्। अग्नि नियन्त्रकहरूमा रहेको सीमित क्षमता, सीप, र ज्ञान तथा अग्नि सुरक्षा, आपतकालीन र आकस्मिक योजनाहरूको अभावले परिस्थितिलाई झन कमजोर बनाएको छ। आगलागी प्रतिकार्यको सीमित दक्षता

पनि सर्वसाधारण जनता र अग्नीसमन अधिकारीहरूमा रहेको आगलागी पूर्वतयारीको बारेमा सीमित चेतनाको परिणाम हो। अग्नी समन यन्त्र सञ्चालन र मर्मतसम्भार (O & M) कोषको अभाव, संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्न निजी क्षेत्रको अनिच्छा, अग्नि सुरक्षा कोडहरूको कमजोर कार्यान्वयन, र स्थानीय तहमा भएको सीमित स्रोत तथा जवाफदेहीताले आगलागीको पूर्वतयारी र प्रतिकार्यलाई कमजोर बनाएको छ।

अग्नी नियन्त्रण केन्द्रहरूमा व्यवस्थापकीय र प्राविधिक क्षमताहरूको अपर्याप्तताले पनि सबैभन्दा जोखिममा रहेका समुदायहरू र त्यहाँ रहेका जनताको जोखिम र संकटासन्नतालाई बढाएको छ । पालिकाहरूमा अग्नी नियन्त्रण केन्द्रहरूको कमजोर व्यवस्थापनको अर्थ अग्नी नियन्त्रणसम्बन्धी नीतिगत प्रावधानहरूको कमजोर कार्यान्वयन नै हो । अग्नि नियन्त्रक टोलीको सीमित क्षमता, औजार, उपकरण, तालिम, सीप, अग्नीपीडितहरूलाई उद्धार गर्ने क्षमता, र आगलागी निभाउनको लागि कमजोर सहयोग प्रणालीहरूले, अग्नि नियन्त्रक टोली आफैंलाइ घातक चोटपटक लाग्नुका साथै कमजोर कार्यसम्पादनमा जोखिम निम्त्याउँछ। उनीहरूको कमजोर कार्यसम्पादनका कारण अन्य सरोकारवालाहरूसंग सहकार्य र सहयोग प्राप्तिको दायरालाई पनि कम गर्छ, यो तथ्यले आगलागीको आपतकालिन अवस्थाहरूमा प्रतिकार्यमा जटिलतालाई बढाउँछ।

राम्रो अग्नि सुरक्षा योजनाहरूको अभावले शहरबासीहरू र अनियोजित बस्तीहरूमा बस्ने मानिसहरू आगलागीको उच्च जोखिममा हुन्छन जसले मानवीय जीवनको क्षती र सम्पत्तिको नोक्सानी गराउँछ। नगरपालिकाको दमकल सेवाहरूका लागि कम बजेट व्यवस्था गरिएका कारण उच्चतम क्षमतामा कार्यसम्पादन गर्न सकिरहेका छैनन् । बजेट अपर्याप्त भएकाले, अधिकांश कर्मचारीहरूलाई उचित व्यवस्थापन गर्न सकिएको छैन र कम भुक्तानी गरिएको छ । साथै मेसिन र उपकरणहरू व्यवस्थित रूपमा मर्मत गरिएका छैनन् र प्रायः अव्यवस्थित हुने गर्छन। अहिले धेरै अग्नी नियन्त्रण केन्द्रहरूमा भौतिक सम्पत्तिहरूलाई 'सम्पत्ति' भन्दा 'बोझ' को रूपमा लिने गरेको पाइन्छ। नगरपालिका, निजी क्षेत्र र मानवीय निकायहरूबाट आर्थिक सहयोग र कोषको प्रबन्ध नभएमा अग्नि नियन्त्रण सेवाहरू बन्द हुन सक्छन्। एकातिर आगलागीको पूर्वतयारीमा लगानी गर्नु बेकार हो भन्ने मानसिकता नगरपालिकाहरूको रहेको छ भने अर्कोतिर बारम्बार हुने आगलागीका कारण नगरपालिकाको अर्थतन्त्र संकटमा परेको छ । यसका अतिरिक्त, बालबालिका, महिला र अपाङ्गता भएका व्यक्तिहरू (अर्थात् सबैभन्दा जोखिममा रहेका जनसंख्या) आगलागीका कारण चोटपटक र मृत्युको सामना गरिरहेका छन् । यसैगरी पर्याप्त उपकरण, सीप र तालिमको अभावका कारण उद्धारकर्ता र अग्नि नियन्त्रक टोलीहरूको जीवन पनि जोखिममा रहेको छ ।

अग्नी सुरक्षा सम्बन्धी सवालहरू, चासो तथा चिन्ता, र उपायहरू पर्याप्त मात्रामा नीतिगत रूपमा सम्बोधन गरिएको छैन। विशेष गरी, आगलागी जोखिमको एक अन्तर्निहित कारण भवनको डिजाइन र त्रुटिपूर्ण विद्युतीकरण हो। अर्को समस्या, शहरी योजनाको समयमा नीतिगत रूपमा सम्बोधन गर्न नसकिएको फायर हाइड्रेन्ट प्रावधानको अभाव हो। यी दुवै कारणले गर्दा जनसङ्ख्या बढ्दै जाँदा आगलागीको सङ्ख्या बढ्ने सम्भावना रहेको छ।

**बाकस २: आगलागी व्यवस्थापनका सरोकारवालाहरू**

- आगलागी नियन्त्रण र व्यवस्थापनका लागि सुरक्षा निकायहरू (नेपाल प्रहरी, नेपाली सेना, नेपाल सशस्त्र प्रहरी र नगर प्रहरी) को व्यवस्थापन एकीकृत गर्ने।
- निजी क्षेत्रलाई प्रोत्साहन गर्ने। नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) जिल्ला/नगरपालिका शाखाहरू, साना तथा मझौला उद्यमहरू, कर्पोरेट हाउसहरू आगलागीको पूर्वतयारी र प्रतिकार्यमा।
- मानवीय निकाय/गैससहरूलाई आगलागीको पूर्वतयारी र आगलागीपछिका प्रयासहरूमा राहत र पुनर्लाभ सहयोग समावेश गर्नुहोस्।
- आगलागी प्रतिकार्यलाई सहयोग गर्न समुदायमा आधारित संस्थाहरू, धार्मिक संस्थाहरू, र क्लबहरूलाई स्वयंसेवक परिचालनको रूपमा समावेश गर्ने।
- आगलागीका घटनाहरू र सचेतना, राहत र पुनर्लाभ सहयोग सम्बन्धी मुद्धाहरू बारे रिपोर्टिङ, वकालत र जानकारी प्रसार गर्न मिडियाहरूलाई संलग्न गर्ने।
- परिचालन गर्न छिमेकी स्थानीय तहहरूसँग समन्वय गर्ने

विभिन्न सरोकारवालाहरूको भूमिका जस्तै,:स्थानीय तहका पदाधिकारीहरू, दमकलका कर्मचारीहरू, सुरक्षा निकायहरू, निर्वाचित प्रतिनिधिहरू, निजी क्षेत्रहरू, मानवीय निकायहरू, समुदायमा आधारित संस्थाहरू र सञ्चारमाध्यमहरू आगलागी प्रतिकार्यको समयमा महत्त्वपूर्ण हुन्छन् (बक्स-२ हेर्नुहोस्)।

स्थानीय सरकारहरू बीचको उचित अग्नी नियन्त्रण ढाँचाको अभाव र अग्नी नियन्त्रण केन्द्रहरूको अत्यन्त कमजोर प्राविधिक, व्यवस्थापकीय, वित्तीय र संस्थागत क्षमताले आगलागीको जोखिमलाई बढाएको छ।

## २.३ अग्नी नियन्त्रण अभ्यास (Fire Drills)

आगलागीका घटनाहरू व्यवस्थापन गर्न जिम्मेवार निकाय र कर्मचारिहरू बीच अग्नी नियन्त्रण अभ्यासहरू सामान्य नियमित अभ्यास होइन। स्थानीय तहहरूले आफ्ना नियमित गतिविधिहरूमा अग्नी नियन्त्रण अभ्यास आयोजना वा सहयोग गर्दैनन् । कतिपय मानवीय निकायहरूले आफ्नो अन्तर्निहित कार्यक्रमहरू अनुसार अग्नी नियन्त्रण अभ्यासहरू आयोजना गर्छन् तर ती कार्यहरू संस्थागत रूपमा अग्नी नियन्त्रण केन्द्रहरू वा सुरक्षा निकायहरूले मन पराउँदैनन् । यी अभ्यासहरू क्षमता अभिवृद्धि भन्दा बढी प्रदर्शनात्मक हुन्छन् । नतिजा स्वरूप, अभ्यासहरू कार्यक्रमिक नभइ घटनाको आधारमा मात्र गरिने भएकाले कार्यक्रमिक भन्दा पछिल्ला अवधारणात्मक फाइदा धेरै हुन्छ । अग्नी नियन्त्रण अभ्यासहरू बहुउद्देश्यीय पहलहरू हुन्, यसले अव्यवस्थित व्यवहार, भ्रम, आतंक कम गर्न र वास्तविक आगलागीको आपतकालीन समयमा सम्बन्धित पक्षहरू बीच समन्वय सुधार गर्न मद्दत गर्न सक्छ। अग्नी नियन्त्रण अभ्यासहरू कुनै पनि आगलागी सुरक्षा प्रक्रियाको महत्त्वपूर्ण भाग हुन्: जसले आगो लागेको खण्डमा मानिसहरूले के गर्नुपर्छ भन्ने कुरा बुझ्छन्, स्थानान्तरण योजना कत्तिको प्रभावकारी छ भनी परीक्षण गर्छन्, र अग्नी नियन्त्रणका कुनै पनि पक्षहरूलाई प्रभावहीन हुन नदिनका लागि सुधार गर्न मद्दत गर्छन् ।

अग्नी नियन्त्रण अभ्यासले उपलब्ध छिटो र सुरक्षित स्थानान्तरण मार्गको प्रयोगलाई दरिलो बनाउँदै जीवन रक्षा गर्दछ। यसबाट उनीहरूले  वास्तविक आगलागीका समयमा नजिकको निकास खोज्न समय खर्चनु नपर्ने सुनिश्चित गर्छ । यसका साथै यस अभ्यासले मानिसहरूलाई चरणबद्ध प्रक्रिया अनुकरण गर्न क्षमता अभिवृद्धिका लागि तालिम दिन्छ, जसबाट आपतकालिन अवस्थाहरू व्यवस्थापन गर्न उनिहरूको थप आत्मविश्वास विकास गर्छ।

आगलागी भई भवन धुवाँ वा कार्बन मोनोअक्साइडले भरिएको वा अन्य आपत्कालीन अवस्था आएमा सबैलाई सकेसम्म चाँडो कसरी सुरक्षित तवरबाट निस्कने थाहा छ भन्ने सुनिश्चित गर्नका लागि र अग्नी चेतावनीको आवाजसहित भवनमा बस्नेहरूलाई चिरपरिचित गराउनका लागि भवनहरू (आवासीय, बहुउद्देश्यीय, विद्यालय/कलेज) मा अग्नी नियन्त्रण अभ्यासहरू गरिन्छ।मानिसहरूलाई अग्नी नियन्त्रण अभ्यास प्रक्रियाहरूसँग परिचित गराउने प्रक्रिया भनेको यस्तो आपतकालीन समयमा उनीहरूलाई सुरक्षित र राम्रोसँग रहने अवसर तथा सम्भावनाहरू बढाउनु पनि हो।

यसबाहेक, नियमित अग्नी नियन्त्रण अभ्यासले सही प्रक्रियाहरूलाई सुदृढ पार्न र अनिश्चितता हटाउन मद्दत गर्दछ,  स्थानान्तरण प्रक्रियाहरू र स्थानान्तरण मार्गहरूको प्रभावकारिताको विश्लेषण गर्दछ र भविष्यका रणनीतिहरूमा सुधार गर्दछ। अग्नी नियन्त्रण अभ्यासहरूमा नियमित कृत्रिम अभ्यास वा तालिमले आकस्मिक आगलागी व्यवस्थापन, जोखिम मूल्याङ्कन, खोज र उद्धार, प्राथमिक उपचार, आगलागी निभाउने, स्थान खाली गर्ने र भीड नियन्त्रण लगायतका बारेमा नगरपालिकाका कर्मचारी, नगर प्रहरी  र विपद् फोकल पर्सनहरूको ज्ञान र बुझाइमा वृद्धि हुनेछ र आगलागीका प्रकोप न्यून गर्ने उपाय र थप विचारहरू प्रदान गर्दछ।

### २.४ सीमाहरू


विमान दुर्घटना वा अन्य कारणहरूले गर्दा विमानस्थलमा भएका आगलागीजस्ता ठूलो मात्रा र विशिष्ट प्रकृतिको आगलागी यो 'ढाँचा' र 'हातेपुस्तिका' को दायराभित्र पर्दैन। विमानस्थलमा भएको आगलागीको प्रतिकार्यमा नेपाल नागरिक उड्डयन प्राधिकरणको भूमिका प्रमुख हुन्छ, यद्यपि यसकार्यमा स्थानीय दमकल र सुरक्षा निकायहरूको सहयोग लिन सकिन्छ।

# क) अग्नी नियन्त्रण कार्यढाँचा (Fire control framework)

## ३. वृहत अग्नी नियन्त्रण कार्यढाँचा (Comprehensive fire control framework)

अग्नी नियन्त्रण कार्यढाँचा र अग्नी नियन्त्रण अभ्यासले सम्बन्धित सरोकारवालाहरूलाई आगलागी प्रकोपको प्रभावहरूलाई कम गर्न उपयुक्त कार्यहरू निर्माण गर्न सहयोग गर्दछ। अग्नी नियन्त्रण कार्यढाँचामा प्रमुख चार तत्वहरू हुन्छन्: (क) नीतिहरू, रणनीतिहरू, र कार्यान्वयन, (ii) प्रविधि, उपकरण र स्रोतहरू, (iii) शिक्षा र ज्ञान व्यवस्थापन, (iv) संस्थागत व्यवस्था र समन्वय (चित्र १)।

**चित्र १: अग्नी नियन्त्रण कार्यढाँचा**




## ३.१ नीति, रणनीति र कार्यान्वयन

### क) नीति, नियम र रणनीतिहरू

प्रभावकारी आगलागी नियन्त्रणको लागि, सान्दर्भिक नीतिहरू, नियमहरू, दिशानिर्देशहरू, र रणनीतिहरू साथै तिनीहरूको उचित कार्यान्वयनको लागि संयन्त्रको आवश्यकता छ। नीतिगत ढाँचाले सान्दर्भिक नियमहरू र दिशानिर्देशहरू तर्जुमा गर्न धेरै अवसरहरू प्रदान गर्दछ । सैद्धान्तिक रूपमा, लागत सहभागिता प्रवर्द्धन गर्न र आगलागी प्रतिकार्यलाई नियमित गर्न संघीय, प्रादेशिक र स्थानीय तहहरूमा अग्नि सेवाका लागि नीतिगत प्रावधानहरू साथै कार्यसञ्चालन विधि (SOPs) आवश्यक छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (DRRM) नीति र योजनाहरूमा आगलागी सम्बन्धी सवालहरूलाई मूलप्रवाहीकरण गर्ने, भवन संहिताहरूमा उल्लिखित प्रावधानहरू लागू गर्ने, र अग्नी सुरक्षाका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीतिहरू अपनाउने जस्ता कार्यहरू प्रभावकारी अग्नी नियन्त्रणका लागि सहायक कदमहरू हुन्।

आगलागी प्रतिकार्यका निम्न कारणले गर्दा कुशल हुन सकेको छैन; (क) सञ्चारमा ढिलाइ, (ख) दमकलहरूको ढिलाई, (ग) अनावश्यक स्थानहरूमा स्पीड ब्रेकरहरू, (घ) अन्य चालकहरूले फायर इन्जिनको हर्न वा साइरन सुनेपछि बाटो नदिने, र (ङ) अव्यवस्थित यातायात । साथै यहाँ ग्यास प्लान्टको कुनै सुरक्षा अवस्था परीक्षण गर्ने प्रावधान छैन।

नीतिगत पहलका लागि प्रमुख रणनीतिक कार्यहरू निम्न समावेश छन्:

- विद्यमान आगलागी सम्बन्धी नीतिहरू र कानुनी र संस्थागत कार्यढाँचाहरूको समीक्षा गर्नुहोस् र प्राविधिक, वित्तीय, व्यवस्थापकीय, र संस्थागत पक्षहरूको सन्दर्भमा हालको अन्तरहरू पहिचान गर्ने।
- बृहत नीतिहरू, कानुनी र संस्थागत ढाँचाहरू विकास र परिमार्जन गर्नका लागि प्रमुख नीतिगत सवालहरू पहिचान गर्न, सम्बन्धित सरोकारवालाहरूबाट नीतिगत सवालहरू सङ्कलन गर्न, नीतिगत बहस र छलफलको आयोजना गर्ने।
- नीति कार्यान्वयनका लागि, अग्नी नियन्त्रण केन्द्रहरू, स्थानीय तहहरू, निजी क्षेत्र, र अन्य सम्बन्धित पक्षहरू बीच आगलागी व्यवस्थापनमा स्पष्ट भूमिका र जिम्मेवारीहरू सहितको मार्गनिर्देशन तथा संयन्त्रको विकास गर्ने।
- आगलागी प्रतिकार्यलाइ नियमित गर्नका लागि अग्नी नियन्त्रण केन्द्र भएका र नभएका पालिकाहरू बीच लागत-साझेदारी संयन्त्रको लागि कार्यसञ्चालन विधिमा एकीकृत गर्दै, ती पालिकाको सीमा भित्र र बाहिर आगलागी प्रतिकार्य बाहनहरू नियमन गर्न कार्यसञ्चालन विधि तयार गर्ने ।
- आगलागी व्यवस्थापनको लागि कार्यसञ्चालन विधि तर्जुमा गर्ने, र यसलाई भवन संहिता, र अन्य अन्तर्सम्बन्धित क्षेत्रहरूमा कडाईका साथ लागू गर्ने।
- विपद् जोखिम न्यूनीकरण नीति र योजनाहरूमा आगलागी सम्बन्धी सवालहरूलाइ मूलप्रवाहीकरण गर्ने ।
- आगलागी प्रकोपहरूको लागि पूर्वतयारी र प्रतिकार्य गर्न स्थानीय तहमा दीर्घकालीन दृष्टिकोण, रणनीतिहरू र दिशानिर्देशहरू तयार गर्ने।।
- भवन निर्माण संहितामा भएको अग्नी सुरक्षा सम्बन्धी प्रावधानहरू र भवनको प्रकार र क्षमताको आधारमा सबै भवनहरूमा राख्नु पर्ने न्यूनतम स्तरको अनिवार्य सुरक्षा उपायहरूका बारेमा शिक्षित बनाउने र कार्यान्वयन गर्ने।
- नेपाल राष्ट्रिय भवन संहिता (NNBC १०७:१९९४) को फायर सेफ्टी कोड अनुसार फायर अलार्म र अन्य उपकरणहरूको व्यवस्था गर्ने।
- आगलागी रोकथाम र संरक्षण ऐन (१९९७), स्थानीय स्वायत्त शासन ऐन (१९९९), दमकल सञ्चालन र व्यवस्थापन निर्देशिका (२०१०), र स्थानीय सरकार सञ्चालन ऐन (२०१८) का आधारमा सरकारका प्रत्येक तहका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- ठूला आगलागी समन रणनीतिहरू र विधिहरू बनाउने र स्थानीय अग्नी नियन्त्रण केन्द्रहरूसँग समन्वय गरी सबै अग्नीजन्य घटनाहरूमा लागू गर्ने ।।

## ख) अग्नी सुरक्षा संहिता (Fire safety code)

अग्नी सुरक्षा संहिताले व्यावसायिक र औद्योगिक दुवै क्षेत्रका सबै प्रकारका भवनहरूका लागि आवश्यकताहरूको एउटा सेट प्रदान गर्दछ। नेपाल राष्ट्रिय भवन संहिता १०७:१९९४ ले निर्माणका प्रकार र उपकरणहरूमा हुने आगलागी, आगलागी भएका स्थानहरू र आगलागी निभाउने उपकरणहरू व्यवस्था गरेको छ। यसले सामान्य आवश्यकताहरू जस्तै सहज पहुँच, फराकिलो ढोका, आगलागीबाट

बच्ने तरिकाहरू, र खुला स्थानको प्रावधान सहित आगलागी क्षेत्रहरू पनि समायोजन गर्दछ। बहिर्गमनका आवश्यकताहरू र सामान्य आवश्यकताहरू प्रावधान गरिएको छ। यसले सिढीहरू, आगलागीका समय भाग्ने स्थानहरू, र बाहिर निस्कने ढोकाहरू जस्ता निकासहरूको संख्या पनि समावेश गर्दछ। भवनमा पहुँच र चट्याङ्गविरोधी एरेष्टर/कन्डक्टरहरू जस्ता सुविधाहरू पनि प्रावधान गरिएका छन्।

नेपालमा अग्नि सुरक्षा संहिता लागू भएको छैन र सर्तहरू नमान्ने भवनहरूलाई समेत भवन निर्माण अनुमति दिइन्छ। संहिता आफैंमा कमजोर छ किनकि यसले यसको स्तरीकरणका प्रकारहरूमा कुनै पनि भवनको डिजाइन वा निर्माण सामग्रीको बारेमा कुनै शर्तहरू समावेश गरेको छैन। यो संहिता नगरपालिका भवन मापदण्डमा एकीकृत गरिएको छैन, र कुनै पनि नगरपालिकालाइ अग्नी सुरक्षा संहितासँग सम्बन्धित कार्यहरूको लागि जिम्मेवार बनाइएको छैन। बाढी, डुबान र पानीजन्य रोगजस्तै आगलागीका जोखिमहरू दोहोरिरहदैनन् भनेर नगरपालिकाहरू अग्नि सुरक्षा संहिता लागू गर्न खासै गम्भीर देखिदैनन्। थोरै संस्था र प्रतिष्ठानहरूले आगलागीको पूर्वतयारी र न्यूनीकरणको क्षेत्रमा काम गर्छन् त्यसैले अग्नि नियन्त्रण केन्द्रहरूको संस्थागत विकासको लागि नागरिक समाज र दाताहरूबाट थोरै सहयोग भएको छ। यसरी संस्थागत व्यवस्था र समन्वय अझै कमजोर छ । जिल्ला विपद् व्यवस्थापन समितिले आगलागीलाई बाढी, पहिरो वा महामारी जत्तिकै महत्त्वपूर्ण प्रकोपका रूपमा मानेको छैन् ।

अग्नी सुरक्षा संहिताको लागि निम्नलिखित मुख्य रणनीतिक कार्यहरू समावेश गर्नुहोस्ः

- अग्नी सुरक्षा संहिता र यसको कार्यान्वयन सुनिश्चित गर्न यसको नियमनको प्रक्रिया विकास गर्ने।
- विभिन्न अभियान पहल मार्फत यसका प्रावधानहरूका बारेमा सर्वसाधारण लगायत सरोकारवालाहरूलाई जागरूक गर्ने। ।
- राष्ट्रिय र प्रादेशिक सरकार, स्थानीय तहहरू र अन्य सम्बन्धित सरोकारवालाहरूसँग आवधिक समीक्षा र रिफ्लेक्सन बैठकहरूमा यसले हुने कुल क्षति र जोखिमलाई जोड दिदै आगलागीलाइ सम्भावित प्रकोपको रूपमा प्राथमिकता दिनको लागि पैरवी गर्ने।
- राष्ट्रिय र प्रादेशिक सरकार तथा स्थानीय तहको भवन मापदण्ड र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्थामा अग्नी सुरक्षा संहिता सम्बन्धी प्रावधानहरूलाई मुलप्रवाहीकरणका लागि पैरवी गर्ने।
- विद्युतीय सर्ट सर्किटबाट हुने आगलागीको जोखिम कम गर्न बिजुली लाइनहरू र तार, ट्रान्सफर्मर, र भोल्टेज गार्डहरूको आवधिक परीक्षणहरू गर्ने।

## ३.२ प्रविधि, उपकरण र स्रोतहरू

### क) दमकल र पानी पम्प

दमकल र पानी पम्पहरू आगलागी स्प्रिंकलर प्रणालीको मुटु हो। धेरै ठूला भर्याङहरूले सुसज्जित दमकलहरू (क) हाइड्रोलिक रूपमा संचालित (एरियल) सीढी, र (ख) विभिन्न प्रकार र लम्बाइका पूरक सीढीहरूको पूर्ण र प्रभावकारी रूपमा आगलागी नियन्त्रणमा मद्दत गर्न सक्छ। पानीको ट्याङ्की, पानी

पम्प र विभिन्न प्रकारका पूरक पाइप (दुवै संकलन र आपूर्तिका लागि) भएको फायर इन्जिनले आगलागी प्रतिकार्य र समग्र आगलागी व्यवस्थापनमा थप महत्व राख्दछ।

नेपालका अग्नी नियन्त्रण केन्द्रहरूमा अधिकांश दमकल १०-१५ वर्षभन्दा पुराना छन्।फलस्वरूप, तिनीहरू दुई देखि तीन घण्टा निरन्तर सञ्चालन भएपछि धेरै तातेर काम गर्न नसक्ने हुन्छन्। यी दमकलका पानी पम्पहरूले राम्रोसँग काम नगर्ने भएकाले दोस्रो तला जत्तिकै उचाइमा पनि पानी छ्याप्न गाह्रो हुन्छ। साँघुरो सडक भएका भित्री-सहरी क्षेत्रहरूमा पनि ठूला र भारी दमकलको पहुँच हुदैन। भित्री सहरी क्षेत्रहरू आगलागी प्रकोपको धेरै संकटासन्न मात्र छैनन् यी क्षेत्रहरूमा अग्निनियन्त्रण सेवाहरू पनि अत्यन्तै कमजोर छन् । पानी हाइड्रेन्ट प्रणालीहरू मात्र क्रियाशील रहेका छन्। दमकलहरू आवत जावत गर्नका लागि सडकहरू प्रायः साँघुरो हुन्छन् र आवासीय भवनहरू आगलागीबाट सुरक्षित हुँदैनन्। दमकल सेवा दिनुपर्ने घरपरिवारहरूको संख्यालाई ध्यानमा राख्दा दमकलको संख्या न्यून रहेको छ र तिनीहरूलाई समेट्नको लागि विशेष भौगोलिक क्षेत्र तोकिएको छैन। पानीको उपलब्ध क्षमता न्युन छ किनकी दमकलको नियमित संचालन तथा मर्मत सम्भारको प्राबधान नै छैन् । यसैगरी पानीको स्रोतको उपलब्धता सम्बन्धमा नक्सांकन हुन नसक्दा पानी उपलब्धताको प्रत्याभूति हुन सकेको छैन ।

दमकल र पानी पम्पहरूको लागि मुख्य रणनीतिक कार्यहरू निम्नानुसार समावेश गरिएका छन्:

- ग्रामीण तथा सहरी क्षेत्रमा सडकहरूको पहुँच अनुसार ठुला साना दमकलहरू सहित अग्नी नियन्त्रण केन्द्र/विभागहरूलाई सुसज्जित र व्यवस्थित गर्ने।
- अग्नी नियन्त्रण केन्द्र/विभागहरूलाई पानी पम्पहरू, सक्शन, र डेलिभरी पाइपहरू कम्तिमा तेस्रो तल्लामा पुग्न सक्ने गरी व्यवस्थित गर्ने र नियमित रूपमा दक्षताको स्तर कायम राख्ने।
- अग्नी नियन्त्रण केन्द्रहरूमा पानी भण्डारण ट्याङ्कीहरूको आवधिक रूपमा निरीक्षण र क्षमता सुधार गर्ने। आकस्मिक समयमा पानी ल्याउन सकिने पानीको स्रोत (पोखरी, खोला र साना खोलाहरू) नक्सांकन गर्ने पानी ल्याउने समय छोट्याउन पानी पम्प वा बोरिङ स्थापना गर्ने। आगलानी नियन्त्रणका लागि रणनीतिक स्थानहरूमा वाटर हाइड्रन्टहरू स्थापना गर्ने र नक्सांकन गर्ने जहाँ पानीको पाइप सजिलैसँग उपलब्ध हुन्छ र दमकलहरूलाई छिटो प्रतिकार्य गर्न र पानी भर्न सजिलो हुन्छ।
- बढ्दो जनसङ्ख्या र सहरीकरणसँग मेल खाने गरी दमकलहरूको सन्दर्भमा अग्नी नियन्त्रण केन्द्र/विभागहरूको क्षमताको आवधिक रूपमा समीक्षा र विस्तार गर्ने। अन्तर्राष्ट्रिय मापदण्डले प्रत्येक २,००० मा कम्तिमा एक अग्नी नियन्त्रक र २८,००० जनसंख्याको लागि एउटा दमकल हुनुपर्ने उल्लेख गरिएको छ।
- परम्परागत रूपमा पानी पोखरी, पानी हाइड्रन्टहरू, र अन्य स्रोतहरूको रणनीतिक स्थानहरूबाट दूरी, जल स्रोतहरूमा पहुँच, र आपतकालिन समयमा प्रतिकार्यलाई कुशलतापूर्वक व्यवस्थापन गर्न सडक अवस्थाहरू नक्सांकन गर्ने।

## ख) औजार तथा उपकरण

कार्यस्थल र घरहरूमा आगलागीको सुरक्षा धेरै महत्त्वपूर्ण हुन्छ। अग्नी नियन्त्रण उपकरण र उचित अग्नी सुरक्षाद्वारा यसलाई सजिलैसंग सुनिश्चित गर्न सकिन्छ। आगलागी विरुद्ध अधिकतम सुरक्षा सुनिश्चित गर्न अग्नी नियन्त्रणका उपकरणहरू अपरिहार्य छन् । यी उपकरणहरूले आफ्नो ज्यान जोखिममा पारेर अरूलाई बचाउने अग्नी नियन्त्रकहरूको सुरक्षा सुनिश्चित गर्दछ । केही प्रमुख आगलागी निभाउने उपकरणहरूमा फायर एक्स्टिङगुइसर, फायर अलार्म, फायर फाइटिंग कम्बल, फायर स्प्रिंकलर, फायर होज, र दमकल समावेश छन्। आधारभूत औजार र उपकरणहरू बक्स -३ मा दिइएको छ।

**बाकस ३: औजार तथा उपकरणहरू**

- व्यक्तिगत सुरक्षा उपकरण (PPE)
- बंकर गियर
- खोज तथा उद्धारका आधारभूत उपकरण
- CO2 फोम र धुलो
- फायर एक्स्टिङगुइसर (सबै एबीसीडी प्रकारका)
- फायर र हिट प्रूफ कपडा
- प्रत्येक दमकल स्टेशनमा प्यारामेडिक टोली सहित एम्बुलेन्स
- Forcible entry tools halogen
- हल्का बोकेर हिड्न सकिने पम्प
- SCBA सेट सहित सास फेर्ने एयर कम्प्रेसरहरू
- ३२ फिट ग्राउण्ड भर्याङ र ३० मिटर एरियल भर्याङसहितको दमकल

अग्नी नियन्त्रण केन्द्रहरूमा पर्याप्त औजार तथा उपकरणहरू; जसमा व्यक्तिगत सुरक्षा उपकरण (पीपीई), खोज र उद्धार सामग्री, प्राथमिक उपचार बक्स, स्ट्रेचर, स्पेयर पाट्‌र्स, फोम, सुधारिएको भर्याङ, र आगलागी निभाउने उपकरणहरू छैनन् त्यसैले अग्नी नियन्त्रकहरूले आफ्नो क्षमता अनुसार कार्यसम्पादन सक्दैनन्। अग्नी नियन्त्रण केन्द्रहरूमा उपकरणहरू सुरक्षित रूपमा भण्डारण गर्न ठूलो बाकस वा अन्य उपयुक्त भण्डारण संयन्त्रहरू छैनन्। परिणाम स्वरूप, धेरै उपकरणहरूमा खिया लागेका छन् र काम नलाग्ने भएका छन् । कुनै पनि अग्नी नियन्त्रण केन्द्रहरूमा फोम र फोम सहितको फायर एक्स्टिङगुइसरको अभाव भएकाले विद्युतीय आगलागी व्यवस्थापन गर्न व्यवस्थित रूपमा तयारी छैन्। व्यक्तिगत सुरक्षा सामग्रीहरू फायरप्रूफ कपडा, हेलमेट, जुत्ता र आँखा सुरक्षा जस्ता उपकरण पनि अपर्याप्त छन्। राम्रोसंग भण्डारण नगरिएका कारण उपलब्ध कपडाहरू धेरै जसो मुसाले काट्ने र ढुसी लागेर क्षति हुने गरेको छ । भवन भित्रको आगलागीको फैलावटलाई नियन्त्रण गर्न उनीहरूसँग आवश्यक औजार तथा उपकरणहरू नभएकोले, अग्नी नियन्त्रण केन्द्रका कर्मचारीहरूले आगलागीलाई टुऱ्याउने विधिहरू अनुसरण गर्न सक्दैनन् । यसैगरी बिजुलीका तार र पोल, ट्रान्सफर्मर र भोल्टेज गार्डको आवधिक परीक्षण नहुँदा विद्युत सर्ट सर्किटबाट हुने आगलागीको संख्या बढ्दै गइरहेको छ । दमकलहरूसँग नजिकबाट काम गर्न एम्बुलेन्स सेवाहरू छैनन्, र ठूला स्तरको आगलागी भएमा त्यस्तो आपतकालिन व्यवस्थापन गर्न आपतकालीन स्वास्थ्य सुविधाहरू व्यवस्थित गर्ने कुनै प्रावधान छैन। स्वास्थ्य संस्थाहरूमा जलेको केसहरूको लागि कुनै विशेष बेडहरू उपलब्ध छैनन्।

औजार तथा उपकरणहरूको लागि प्रमुख रणनीतिक कार्यहरू:

- अग्नी नियन्त्रण केन्द्र/विभागका कर्मचारीहरूलाई व्यक्तिगत सुरक्षा उपकरणहरू जस्तै फायरप्रूफ पोसाक, हेलमेट, जुत्ता र आँखा सुरक्षाका साधनका साथै आधारभूत खोज र उद्धार सामग्री र यसको प्रयोग तथा भण्डारणमा अभिमुखीकरण दुवैको प्रावधानसहित सुसज्जित गर्ने।
- दमकलहरूमा राखिने स्ट्रेचरहरू सहित प्राथमिक उपचार सामग्री अग्नी नियन्त्रण केन्द्र/विभागहरूमा व्यवस्थित रूपमा राख्ने; अलग गर्न मिल्ने पानी ट्यांकी; पर्याप्त डेलीभरी पाइपको स्टक।
- आगलागी प्रतिकार्यको दक्षता र प्रभावकारिता बढाउन, मेसिनरी उपकरणहरू (बोल्ट, क्राउन र एक्सेलहरू र सरल खोज उद्धार सामग्रीहरू जस्तै काठ काट्ने चेन करौती, ढलान कटर, क्रोबार, तार र बलिया डोरीहरू, काँधमा लगाउने स्टिकहरू, क्लिपरहरू, ज्याकहरू, ह्यामर पिन्सरहरू, र हाते करौंतीहरू) को लागि पर्याप्त र आवश्यक खोज तथा उद्धार सामग्रीहरू भण्डार गर्ने र स्पेयर पार्टहरूको जोहो गरी राख्ने।
- भवनहरू भित्रको आगलागीलाई नियन्त्रण गर्न र आगलागीलाई खण्डिकरण (टुक्र्याउने) विधिहरू अवलम्बन गरी टुक्र्याउन अग्नी नियन्त्रण केन्द्रहरूमा आवश्यक औजार तथा उपकरणहरूको तत्काल प्रयोग गर्न सक्ने गरी प्रबन्ध गर्ने ।
- पर्याप्त हाइड्रोजन ग्याँस, तरल इन्धन, र प्लेटिनम रासायनिक फोमहरू र नियमित रिफिल गर्ने र साथै प्राथमिक उपचार किटहरू औद्योगिक आगलागी भएको बेलामा प्रयोग गर्न सकिने गरी अग्नी नियन्त्रण केन्द्रहरूमा भण्डारण गर्ने व्यवस्था मिलाउने।
- सहरी क्षेत्रका धेरै अग्ला भवनहरूमा प्रतिकार्यको दक्षता बढाउन दमकलहरूका लागि थप जेनेरेटरहरू र थप सुधारिएका अग्ला भर्याङ र लिफ्टहरूको प्रबन्ध गर्ने।
- फायर एक्स्टिङगुइसरको स्थापना र व्यवस्थापन गर्ने र नियमित रूपमा जाँच गर्ने र रिफिल गर्ने।
- अग्नी नियन्त्रणसहितको एम्बुलेन्स सेवा वा एम्बुलेन्स सेवाहरू अग्नी नियन्त्रण केन्द्र/विभागहरूसँग निकटमा रही काम गर्न समन्वय र व्यवस्थापन गर्ने, र ठूला स्तरको आगलागीको आपतकालीन व्यवस्थापन गर्न स्वास्थ्य संस्थाहरूमा आपतकालीन स्वास्थ्य सुविधाहरू सुधार गर्ने।
- आगलागीको प्रतिकार्य तर्फ राम्रो प्रेरणाको लागि केन्द्रमा दमकलहरूको संख्यामा आधारित स्थायी कर्मचारीहरू व्यवस्थापन गर्ने। अग्नि नियन्त्रकहरूको जोखिमको कामलाई ध्यानमा राख्दै तिनीहरूलाई बीमा योजनामा आवद्ध गर्ने ।

### ग) आगलागीको खतरा स्तरीकरण र पूर्व चेतावनी प्रणाली

आगलागीको खतरा स्तरीकरणले विनाशको मात्रा निर्धारण गर्न र सम्भावित आगलागी र तिनीहरूसँग सम्बन्धित अनुमानित क्षति र क्षतिको पूर्व चेतावनी प्रदान गर्न मद्दत गर्दछ। यो संयन्त्र जङ्गलमा भएको आगलागी, विशेषगरी नेपालको जंगलमा हुने आगलागीको अवस्थामा सबैभन्दा उपयुक्त हुन्छ। स्तरीकरण प्रणालीहरूले सम्भावित वन डढेलोको गणना गर्न आधारभूत दैनिक मौसमी तथ्यांकको प्रयोग गर्दछ। पूर्वानुमान प्रयोग गरेर, पूर्व चेतावनीले प्रमुख समयको राम्रो व्याख्या प्रदान गर्न सक्छ जसले सर्वसाधारणले

आफ्नो जीवन र सम्पत्ति बचाउने कार्य गर्न सक्छन। स्थानीय रूपमा स्थापित पूर्व चेतावनी प्रणालीका जानकारी धेरै उपयोगी छन् किनकि यसले स्थानीय मौसमी विशेषताहरू र वनस्पतिका अवस्थाहरू प्रतिबिम्बित गर्दछ। यदि स्थानीय समुदायहरू मौसम जानकारी सङ्कलन गर्न र चेतावनीहरू फैलाउन सक्रिय रूपमा संलग्न भएका छन् भने, अपनत्वको भावना निर्माण हुन्छ र मानिसहरूमा आगलागीको प्रतिकार्य गर्न ठूलो जिम्मेवारीको महसुस गर्छन्। पूर्व चेतावनी प्रणाली ले मानिसहरूलाई आगलागीको खतरालाई पहिले नै व्यवस्थापन गर्न सहयोग गर्दछ र आगलागी नियन्त्रणमा कार्यरत कर्मचारीहरू र सरोकारवालाहरूलाई आगलागीको क्षतिलाई कम गर्न वा आगलागीबाट पूर्ण रूपमा बच्न पर्याप्त समय र नेतृत्व प्रदान गर्न सक्छ।

आगलागी स्तरीकरण र पूर्व चेतावनी प्रणालीहरूलाई बढावा दिने मुख्य रणनीतिक कार्यहरूमा निम्न कुराहरू समावेश हुन्छन्:

- वनले ओगटेको जमीन क्षेत्र, वनस्पति, र दैनिक मौसमी तथ्याङ्कमा आधारित smart सूचकहरू सहित आगलागीको खतरा स्तरीकरण प्रणाली विकास गर्ने।
- विद्यमान विज्ञान र प्रविधिहरू प्रयोग गरी र स्थानीय आगलागी खतरा स्तरीकरण प्रणालीको आधारमा राष्ट्रिय, प्रादेशिक र स्थानीय पूर्व चेतावनी प्रणाली स्थापना गर्न सहज बनाउने। श्रवण सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूका लागि साइरन लागू नहुने भएकाले उनीहरूका लागि उपयुक्त उपकरणहरू जडान गर्ने।
- स्थानीय तहहरू र समुदायहरूलाई आगलागीको खतराहरूको भरपर्दो पूर्व चेतावनी छिटो उपलब्ध गराउन सूचना र सञ्चार सञ्जाल स्थापना गर्ने जसले गर्दा उनीहरूले आगलागीको खतराहरूको लागि पूर्वतयारी गर्न र प्रतिकार्य गर्न सकुन।

### घ) धेरै आगलागीका घटनाहरू र तिनीहरूको प्रकृती

जब धेरै आगलागी एकैसाथ शुरु हुन्छ वा शुरूमा लागेको आगलागी नियन्त्रणमा ल्याउनु अघि नै थप आगलागी हुन्छ, त्यसले धेरै गाह्रो र जटिल अवस्था सिर्जना गर्दछ। यस्तो अवस्थामा, अग्नी नियन्त्रणका स्रोतहरू समाप्त हुन सक्छ, प्राथमिकता र सम्भावित खतराहरूका आधारमा पुनः आवस्यक स्रोतहरूको व्यवस्था गर्नुपर्दछ। यस्तो बेलामा तुरुन्तै निर्णय लिनु पर्छ, तर विभिन्न कारणहरू र प्रायःजसो महत्त्वपूर्ण हुने प्रयाप्त जानकारीको अभावले गर्दा लिइएको पाइदैन। छिटो निर्णय लिन मद्दत पुग्ने गरी अगाडी नै सम्बन्धित निकाय र संस्थासँग सरसल्लाह र सहमती गरी समावेशी समन्वय समिति गठन गरिराख्ने। यस समितिले धेरै आगलागीका घटनाहरू व्यवस्थापन गर्न आवश्यक पर्ने स्रोतहरू (मानवीय, वित्तीय, प्राविधिक, औजार तथा उपकरणहरू) को नक्साङ्कनलाई सहज बनाउन सक्छ।

धेरै आगलागी घटनाहरू र तिनीहरूको प्रकृतिको लागि मुख्य रणनीतिक कार्यहरू निम्न छन्:

- समावेशी समन्वय समिति गठन गर्ने र भूमिका र जिम्मेवारीहरू सहित यसको कार्यसर्तहरू निर्माण गर्ने।

- निर्दिष्ट सूचकहरू सहितको धेरै घटनाहरू भएमा द्रुत रूपमा आवश्यक पर्ने स्रोत-विनियोजन र प्राथमिकता र अन्य कार्यहरू समावेश गर्ने खालका योजनाहरू निर्माण गर्ने ।

## ३.३ शिक्षा र ज्ञान व्यवस्थापन

### क) जनचेतना र शिक्षा

आगलागी नियन्त्रण र व्यवस्थापनका लागि सचेतना र शैक्षिक गतिविधिहरू महत्त्वपूर्ण छन्। समावेशी सचेतना र शिक्षाले (अ) आगलागी पत्ता लगाउन र रोक्न र (आ) स्वदेशी ज्ञान र सीपहरू प्रयोग गरेर जथाभावी भएका आगलागी नियन्त्रण गर्न अग्नी नियन्त्रण केन्द्रमा रहेका अग्नी नियन्त्रकहरूसंग काम गर्न, योगदान गर्दछ। चेतना र शिक्षा सबै उमेर समूहका मानिसहरू, विद्यालयका बालबालिकादेखि किशोरकिशोरी, युवा र वयस्क र बहुअपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक छ। विद्यालयमा आधारित अतिरिक्त क्रियाकलापहरू, मिडिया अभियानहरू (प्रिन्ट मिडिया, रेडियो र टेलिभिजन) र अनुसन्धानले धेरै श्रोताहरूमा आगलागी रोकथाम सम्बन्धी सूचना/सन्देशहरूको प्रसार गर्न मद्धत पुर्याउछ। समयमै वा प्रारम्भिक जानकारीले मानिसहरूलाई परिस्थितिहरूको बारेमा अग्रिम चेतावनी दिन सक्छ र यसरी आगलागीको जोखिम र जोखिम कम गर्न सक्छ। स्थानीय विपद् व्यवस्थापन समितिहरू (LDMCs), स्थानीय युवाहरू, युवा क्लबका सदस्यहरू,अग्नी नियन्त्रकहरू, र अग्नी नियन्त्रण कार्यदलको आवधिक कृत्रिम अभ्यासहरू मार्फत क्षमता निर्माण गर्नाले मानिसहरूलाई आगलागी व्यवस्थापनका प्राविधिक पक्षहरू सिक्न र समाधान गर्न सक्षम बनाउँछ। थप रूपमा, आकस्मिक आगलागी व्यवस्थापन सम्बन्धी गतिविधिहरूमा तालिम, तथा कृत्रिम अभ्यासहरूले आम समुदाय र सहभागीहरूमा बढेको जागरूकता र आगलागी व्यवस्थापनको राम्रो बुझाईसहित फाइदा पुर्याउँछ।

आगलागी सम्बन्धी जनचेतना र शिक्षाको लागि मुख्य रणनीतिक कार्यहरू निम्न छन्:

- तत्काल उपलब्ध शैक्षिक सामग्रीहरूको लेखाजोखा र प्रसार (स्थानीय सन्दर्भमा उपयुक्त)।
- स्थानीय समुदायहरू र अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका हेरचाहकर्ताहरूसँग संलग्नतामा उमेर-, लिङ्ग- र लक्षित समूहका लागि श्रृङ्खलावद्ध विशेष आगलागी सम्बन्धी चेतनामूलक र शैक्षिक सामग्री र क्रियाकलापहरूको विकास गर्ने।
- आगलागी रोकथाम-सम्बन्धी शिक्षामूलक सामग्रीहरू तयार गर्दा लक्षित समुदायहरूको सांस्कृतिक र सामाजिक मान्यताहरू र मानिसहरूको मौलिक ज्ञान र विद्वतालाई स्वीकार गर्ने ।
- छोटा छोटा भिडियोहरू निर्माण गर्ने, हाजिरी जवाफ प्रतियोगिताहरू आयोजना गर्ने, विषयगत बहस र छलफलहरू सञ्चालन गर्ने, पोस्टर बनाउने प्रतियोगिताहरू आयोजना गर्ने, विषयगत चुटकिलाहरू र नाटकहरू प्रस्तुत गर्ने, फोटोग्राफी, निबन्ध र नारा लेखन प्रतियोगिताहरू आयोजना गर्ने, र आगलागी पूर्वतयारी र प्रतिकार्यमा र्‍यालीहरू आयोजना गर्ने। थोरै अक्षरहरू र धेरै चित्र भएका चित्रात्मक सामग्रीहरू तयार गरी अशिक्षित व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूका लागि पनि

उपयुक्त भएको सुनिश्चित गर्ने। सामग्रीहरू तयार पार्दा सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी तयार गर्ने र साङ्केतिक भाषामा क्याप्शनको प्रावधान गर्ने।

- पूर्ण रूपमा तालिमको पाठ्यक्रम डिजाइन गर्ने र अग्नी नियन्त्रक तथा अग्नी नियन्त्रण केन्द्रमा रहेका अन्य कर्मचारीहरूलाई तालिम प्रदान गर्ने।
- स्थानीय तहका कर्मचारी, प्रहरी, र विपद् फोकल व्यक्तिहरूलाई उनीहरूको ज्ञान र सीपहरू अभिवृद्धिका लागि आपतकालीन आगलागी व्यवस्थापन, जोखिम लेखाजोखा, खोज र उद्धार, र प्राथमिक उपचार जस्ता विषयहरूमा तालिम तथा नियमित अभ्यास र कृत्रिम घटना अभ्यासहरूको आयोजना गर्ने।
- अभिमुखीकरण र समीक्षा तथा पुनरावलोकन सत्रहरूको माध्यमबाट समुदायका अगुवा, शिक्षक, युवा तथा जेष्ठ नागरिकहरूलाई आगलागीको पूर्वतयारी र प्रतिकार्यको आधारभूत सुझावहरू प्रदान गर्ने।
- अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको हेरचाह गर्नेहरूलाई लक्षित गरी आगलागीको पूर्वतयारीको बारेमा चेतना जगाउन कार्यक्रमहरूको डिजाइन र कार्यान्वयन गर्ने। यसमा अभिमुखीकरण, लोक गीत, एफएम रेडियो र टेलिभिजन प्रसारण, सामाजिक सञ्जाल, सडक नाटक, र प्रवचन कार्यक्रमहरू समावेश हुन सक्छन्।
- आगलागी नियन्त्रणका क्रममा निजी क्षेत्र, स्थानीय क्लबहरू र गैरसरकारी संस्थाहरूको प्रवर्द्धन गरी सहभागिता बढाउन मानिसहरूलाई परिचालन गर्ने, पानीको प्रबन्ध गर्ने, घाइतेहरूलाई प्राथमिक उपचार उपलब्ध गराउने, यदि छ भने, पुनर्लाभ चरण व्यवस्थापनमा राहत र प्रतिकार्य सामग्रीको र बीमा दावीका लागि फाइलिङमा सहजीकरण गर्ने।
- अग्निनियन्त्रक टोली, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, नेपाल स्काउट्स, नेपाल रेडक्रस सोसाइटी (NRCS), उद्योग वाणिज्य महासंघ (FNCCI) र गैसस महासंघबीच आगलागीको पूर्वतयारी र न्यूनीकरण, उदीयमान चुनौतिहरूमा समन्वयात्मक ढंगले आफ्ना प्रयासहरू छलफल तथा आदानप्रदान गर्न र भावी कार्यदिशा तयार गर्न आवधिक समन्वय र अन्तरक्रिया बैठकहरू आयोजना गर्ने। आगलागीको जोखिममा रहेका वडाको लागि आगलागी प्रतिकार्य, आकस्मिक आगलागी सुरक्षा र आपतकालीन योजनाहरूको तयारीमा स्थानीय तहहरूलाई सहयोग गर्ने।
- अग्नी नियन्त्रण केन्द्रको टेलिफोन नम्बर (१०१) लाई सकेसम्म इलेक्ट्रोनिक र प्रिन्ट मिडिया मार्फत प्रसारण गर्ने ताकि मानिसहरूले सही नम्बर प्रयोग गर्नेछन् र त्यसले छिटो प्रतिकार्य सुनिश्चित गर्नेछ।
- अति उच्च फ्रिक्वेन्सी (VHF) रेडियो सेट प्रबन्ध गरेर द्रुत र व्यवस्थित आगलागी प्रतिकार्यको लागि अग्नी नियन्त्रण केन्द्र, सुरक्षा बलहरू र अन्य महत्वपूर्ण सेवाहरू (एम्बुलेन्स, अस्पतालहरू) बीच सूचना तथा जानकारी आदानप्रदान गर्ने संयन्त्र स्थापना गर्ने।
- आगलागी प्रतिकार्य र न्यूनीकरणका उपायहरूमा स्थानीय प्रविधि र मौलिक ज्ञानका साथै स्थानीय अभ्यासहरू प्रयोग गर्ने।

### ख) आगलागीको पूर्वतयारी बारे सचेतना

आगलागी पूर्वतयारी गतिविधिहरूको लागि आमसञ्चार माध्यमका छापा र विद्युतीय दुबै तथा अन्य अभियानहरू परिचालन धेरै महत्त्वपूर्ण हुन्छ। टेलिभिजन, रेडियो, सडक नाटक, भिडियो, लोकगीत, पोस्टर, पर्चा, होर्डिङ र अन्य सूचना बोर्डहरू जस्ता माध्यमहरूबाट सन्देशहरू प्रसारण गर्न सकिन्छ र फैलाउनु पर्छ।

आगलागी पूर्वतयारीको बारेमा सचेतनाको लागि मुख्य रणनीतिक कार्यहरू निम्न समावेश छन्ः

- स्पष्ट सूचकहरू र प्रावधानहरू सहित ग्याँस प्लान्टहरूको सुरक्षा जाँच, विकास, नियमन र सञ्चालन गर्ने।
- आपतकालीन प्रतिकार्यका सवारी साधनहरूको स्वतन्त्र आवतजावतलाई प्राथमिकता दिन र अवरोध गर्नेलाई दण्डित गर्न नियम लागू गर्न सचेत गराउने र सञ्चार सुधार गर्ने ।
- अनावश्यक स्थानहरूमा स्पीड ब्रेकरहरू हटाउन, पुलहरू र कल्भर्टहरूको कम क्लियरेन्स, र लत्रेका वा तल झुण्डिएका बिजुलीका तारहरू हटाउन सहजीकरण गर्ने ।
- अस्पताल, मल, सार्वजनिक स्थान र सिनेमा हलहरू जस्ता सार्वजनिक भवनहरूमा जडान गरिएको फायर अलार्म र आगलागी निभाउने उपकरणहरूको नियमित मर्मतसम्भारलाई बढावा दिने।

### ग) आगलागी रोकथाम पहल

आगलागी रोकथाम सबैभन्दा लागत-प्रभावकारी न्यूनीकरण कार्यक्रमहरू मध्ये एक हो जुन लागत घटाउन, क्षतिबाट स्रोतहरू बचाउन, जीवनको क्षति र सम्पत्तिमा हुने क्षतिलाई कम गर्न, र अग्नी नियन्त्रकहरूलाई आगलागी निभाउने बारे नयाँ सीप र ज्ञानले सुसज्जित गर्न सकिन्छ। मानवीय र वित्तीय स्रोतहरूका साथै तिनीहरूको प्रभावकारी समन्वयले आगलागी रोकथाममा योगदान गर्न मद्दत गर्दछ।

आगलागी रोकथामका लागि मुख्य रणनीतिक कार्यहरू निम्न समावेश छन्ः

- स्थानीय तहहरूसँगको समन्वयमा विशेष समूहहरूलाई लक्षित गरी विषयगत आगलागी रोकथाम योजना विकास गर्ने।
- आवधिक रूपमा अद्यावधिक र समीक्षाको साथ प्रभावकारी आगलागी रोकथाम कार्यक्रम स्थापनाको मूल्य थप गर्न, आगलागीको फैलावट र तिनीहरूका कारणहरू र प्रभावहरूको तथ्यांक सङ्कलन गर्न सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने।
- पर्याप्त बजेट प्रावधानहरू सहित अग्नी नियन्त्रण केन्द्र व्यवस्थापन योजनालाई सहयोग गर्ने। साथै, दमकल स्टेशनहरूको सञ्चालन तथा मर्मतसम्भार प्रवर्द्धनका लागि आर्थिक योगदान गर्न सरकारी र निजी दुवै निकायहरूसँग समन्वय गर्ने।

### घ) आगलागी पहिचान, सतर्कता, र सन्देश प्रवाह

आगलागीको पहिचान प्रभावकारी आगलागी व्यवस्थापनको महत्त्वपूर्ण पाटो हो र भूउपग्रहबाट पठाइएका चित्र, आगलागी अवलोकन टावरहरू, हवाई निगरानी, आगलागी पहिचान गर्ने यन्त्र (detector) को स्थापना, चट्याङ पत्ता लगाउने प्रणाली, र प्राविधिक सूचकहरू तथा जनविज्ञानको प्रयोग गरेर आगलागीको निगरानी र प्रतिवेदनको माध्यमबाट पूरा गर्न सकिन्छ। जब आगलागीका संकेतहरू पहिचान हुन्छ, यसका सूचनाहरू स्थान, आकार, र आगलागीको अवस्थाको विवरण सहित, तुरुन्तै स्थानीय अग्नी नियन्त्रण केन्द्रमा प्रवाह गर्नुपर्छ। विद्युत ब्याकअपसहित स्थापित सूचना सम्प्रेषण केन्द्रहरूले प्रज्वलन र आगलागीको स्थानको बारेमा जानकारी प्राप्त गर्दछ र अग्नी नियन्त्रकहरूलाइ तुरून्तै खबर गरेर आगलागी नियन्त्रणका लागि पठाउँछ। खबरकर्ताहरूले आगलागीको स्थितिमा नियमित सञ्चार गरिरहन्छन र आगलागी नियन्त्रणमा खटिएका 'घटना कमाण्डर' बाट आवस्यकता अनुसार थप स्रोतहरू पठाउन आदेशहरू प्राप्त गरी स्रोतहरू पठाउँछन्।

आगलागीको स्थिति बारे अद्यावधिक जानकारी गराउन सार्वजनिक सञ्चार महत्त्वपूर्ण छ, यसको माध्यमबाट स्थानीय मिडिया - रेडियो, टेलिभिजन, र प्रेसका साथै सूचना प्रसारको परम्परागत प्रणालीहरू। यसका साथै यिनीहरूलाइ आगलागीको आपतकालीन सञ्चार योजनामा परिचालन गर्न आवश्यक छ।

आगलागीको पहिचान र सतर्कता र अग्नी नियन्त्रणका लागि सन्देशहरू प्रवाह गर्ने मुख्य रणनीतिक कार्यहरू निम्न समावेश छन्ः

- रिमोट सेन्सिङ, जल नक्सांकन, र भूमि र हवाई मार्गहरूको उपयुक्त संयोजन समावेश गर्ने बलियो आगलागी पहिचान गर्ने प्रणालीको प्रयोगलाई प्रोत्साहन गर्ने।
- स्थानीय भाषाहरूमा आगलागीको प्रतिवेदनको लागि आगलागी आपतकालीन सञ्चार योजना निर्माण गर्ने जस्तै दृष्टिविहीनहरूलाई लक्षित गरेर ब्रेल लिपी र भाषा।
- स्थानीय आवश्यकताहरूको आधारमा आगलागी प्रतिकार्यमा संलग्न कर्मचारीहरूलाई तालिम, आवस्यक उपकरणहरुको बन्दोबस्त र सहयोग गर्ने।
- कुनै पनि प्रतिवेदन गरिएका आगलागीका घटनाको उपयुक्त प्रतिकार्य भएको निक्यौंल गर्न प्रवाह र सञ्चार प्रणाली तथा संयन्त्रहरू विकास गर्ने र आगलागी प्रतिकार्यमा संलग्न प्रतिक्रियाकर्ताहरू, स्वयंसेवकहरू, र अन्य कर्ताहरूलाई उपयुक्त जानकारी प्रवाह गर्ने ।

### ङ) क्षमता, सीप र ज्ञान

कर्मचारी सदस्यहरुको क्षमता, सीप, र ज्ञान कुनै पनि संस्थाको लागि उच्च मूल्यवान सम्पत्ति हो जुन जीवन बचाउने कार्यमा संलग्नताको लागि महत्त्वपूर्ण हुन्छ। उनीहरूको क्षमताले जीवन र सम्पत्तिमा हुने नोक्सानी र क्षतिलाई कम गर्ने क्षमतालाई परिभाषित गर्दछ। आवधिक वा पुनर्ताजगी तालिम वा अभ्यास, कृत्रिम अभ्यास र तालिमले ज्ञान निर्माण र सीप र क्षमताहरूको अभिवृद्धि गराउँदछ । अग्नी नियन्त्रण केन्द्रका कर्मचारीहरूलाई उनीहरूको विशिष्ट ज्ञान र सीपहरू आगलागीको जोखिम व्यवस्थापन, खतरा

नक्सांकन, विश्लेषण र हावाको प्रवाहको बारेमा जानकारी, र अग्नी पहिचान गर्ने यन्त्र (फायर डिटेक्टर) को स्थापना सबै सबल आगलागी पूर्व चेतावनी प्रणालीको भाग हो।

अग्निनियन्त्रकहरूको क्षमता, सीप र ज्ञानको लागि मुख्य रणनीतिक कार्यहरू निम्न समावेश छन्:

- क्षमता र सोही अनुसार डिजाइनमा रहेका कमीहरू पहिचान गर्न आवधिक क्षमता आवश्यकता लेखाजोखा व्यवस्थापन गर्ने।
- उत्तम र समयमै प्रतिकार्यको लागि सबै सम्बन्धित सरोकारवालाहरूलाई समावेश गरी आवधिक अग्नी नियन्त्रण अभ्यासहरूको प्रवर्द्धन र नियमन गर्ने।
- स्थानीय अग्नी नियन्त्रण केन्द्रको अगुवईमा सबै सरोकारवालाहरू संलग्नतामा आगलागीको जोखिम र खतरा नक्सांकनलाई प्रवर्द्धन, नियमन र अनुगमन गर्ने।
- अग्नी नियन्त्रण केन्द्रका कर्मचारीहरूसँग आवधिक समीक्षा र पुनरावलोकन सत्रहरू आयोजना गरी विगतमा भएका कमी कमजोरीहरू सुधार गर्न अवधारणा तथा योजनामा छलफल आदान प्रदान गर्ने।
- अग्नी नियन्त्रकहरुको क्षमता अभिवृद्धि गरेर आगलागी नियन्त्रण गर्ने संयन्त्रहरू विकास गर्ने, प्रभावकारी आगलागीको पूर्वतयारीका लागि विभिन्न प्रकारका आगलागी निभाउने र नियन्त्रण गर्ने विधिहरू प्रयोग गर्ने र उद्धार कार्यका लागि सतर्कता अपनाउने ।

## ३.४ संस्थागत व्यवस्था र समन्वय

### क) आगलागी र स्रोत व्यवस्थापन

प्रभावकारी आगलागी व्यवस्थापनको लागि, प्रचुर मात्रामा स्रोतहरू आवश्यक पर्दछ। आगलागी व्यवस्थापन योजनाले आगलागीको रोकथाम र आगलागी सुरक्षालाई मध्यनजर गर्दछ भने स्रोत व्यवस्थापन योजनाले (i) स्रोत विनियोजन, (ii) स्रोतको प्राथमिकता, (iii) स्रोत प्रक्षेपण, र (iv) सामुदायिक संलग्नतालाई सम्बोधन गर्दछ। आगलागी र स्रोत व्यवस्थापन योजनाले नोक्सानी र क्षतिलाई न्यून गरेर जीवन र सम्पत्तिको सुरक्षा गर्न मद्दत गर्दछ। दमकल सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६७ मा उल्लेख गरिए अनुसार स्रोत व्यवस्थापनका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ। निजी क्षेत्र, नागरिक समाज, मानवीय क्षेत्रमा क्रियाशिल निकायहरू र अन्य क्षेत्रसंगको अर्थपूर्ण समन्वयले स्रोत व्यवस्थापन योजनाको थप महत्व बढाउछ ।

आगलागी र स्रोत व्यवस्थापनमा मुख्य रणनीतिक कार्यहरू निम्न समावेश छन्:

- विगतमा विभिन्न निकायहरूद्वारा गरिएका आगलागी र स्रोत व्यवस्थापन पहलहरूको लेखाजोखा गर्ने र असल अभ्यासहरू, प्रमुख सिकाइहरू र दुरीहरू अभिलेख गर्ने।
- उचित योजनामा सम्बोधन गर्न आवश्यक पर्ने समस्याहरू पहिचान गर्नका लागि राम्रा अभ्यासहरू, सिकाइहरू र दुरीको थप विश्लेषण गर्ने।।

- आगलागी र स्रोत व्यवस्थापन योजनाहरू (i) सम्भावित आगलागीका प्रभावहरू र आगो व्यवस्थापन प्रणालीहरू, (ii) कहिलेकही हुने तर सम्भावित खतरनाक घटनाहरू, र (iii) आगलागीको प्रकृति, आगलागीको क्षति र फाइदाहरू, र अग्नी नियन्त्रण केन्द्रहरूमा अग्नी नियन्त्रकहरू र अन्य कर्मचारीहरूको सुरक्षामा प्रभाव पार्ने जोखिम र खतराहरू बढाउने वा घटाउने कार्यहरू। जलवायु, मौसम पूर्वानुमान र पूर्व चेतावनी संयन्त्रको लेखाजोखा, र आगलागीको प्रकृति, तिनीहरूको प्रभाव कम गरी, प्रभावकारी नियन्त्रणका लागि योजना तर्जुमा प्रक्रियामा स्थानीय समुदाय र सान्दर्भिक स्थानीय कर्ताहरूको नक्सा निर्माणमा संलग्नतामा महत्त्वपूर्ण हुन्छ।
- दमकल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६७ मा भएको व्यवस्था अनुसार स्रोतहरूमा योगदान गर्न उद्योग वाणिज्य महासंघ, ठुला व्यावसायिक घरानाहरूसँग समन्वय गर्ने।
- विपद् जोखिम न्यूनीकरणका प्राथमिकतामा आधारित सेन्डाई कार्यढाँचाको भावना अनुरूप निजी क्षेत्र, नागरिक समाज, र मानवीय निकायहरूको संलग्नतामा जिल्ला पूर्वतयारी र प्रतिक्रिया योजनाहरू (DPRPs) साथै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाहरू (LDCRPs) कार्यान्वयन गर्न, वित्तीय स्रोतहरू जुटाउन नगरपालिकाहरूलाई सहजीकरण गर्ने ।

## ख) स्रोत र जवाफदेहिता

नगरपालिकाको वार्षिक र आवधिक योजनाहरूमा आगलागी जोखिम व्यवस्थापन सम्बन्धी गतिविधिहरू समावेश गरिएको छ । यी गतिविधिहरूलाई पर्याप्त मात्रामा आर्थिक विनियोजन सहित प्राथमिकता दिनु आवश्यक छ। यसका कार्य सञ्चालनका लागि पालिकाहरूलाइ जवाफदेही बनाउनु पर्दछ । योजना निर्माणका सुरुवात देखि हरेक चरणहरू योजना, अनुगमन र समापनमा जनचेतनाले महत्त्वपूर्ण भूमिका खेल्छ किनकि यसले उनीहरूको सुरक्षा र संरक्षणका मुद्दाहरूमा प्रत्यक्ष रूपमा सरोकार राख्छ ।

नगरपालिकाका कर्मचारीहरूको स्रोत र जवाफदेहिताको लागि निम्न मुख्य रणनीतिक कार्यहरू समावेश छन्:

- योजना प्रक्रियाको सात चरणहरूमा समुदायको व्यापक सहभागितामा प्राथमिकताका साथ आगलागी व्यवस्थापन सम्बन्धी गतिविधिहरू निर्माण गर्ने ।
- आगलागी पूर्वतयारी र प्रतिकार्यका लागि नगरपालिकाको कुल बजेटको निश्चित प्रतिशत प्रावधान गर्न समझदारी बनाउने र नियमन गर्ने।
- सरकारी, गैरसरकारी र निजी क्षेत्रहरूलाई निमन्त्रणा गर्दै प्रत्येक छ महिनामा वा वर्षमा कम्तीमा एक पटक आगलागीको पूर्वतयारी र प्रतिकार्य सम्बन्धी समीक्षा तथा पुनरावलोकन सत्रहरूको आयोजना गर्ने।
- आवधिक रूपमा आगलागी पूर्वतयारी प्रयासहरू र आगलागी व्यवस्थापन योजनाहरूमा संलग्नता बढाउन अग्नी नियन्त्रण टोली र स्थानीय युवाहरूको समूह गठनका लागि सहयोग गर्ने ।

- विद्यमान आपतकालीन सूचना-आदानप्रदान संयन्त्रहरू सुधार गर्न दमकल केन्द्र, स्थानीय विपद् व्यवस्थापन समिति/ नगरपालिका, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा बलहरू र अन्य सम्बन्धित अधिकारीहरू बीच तीन-अङ्कको समर्पित हटलाइन नम्बरको प्रावधान गरेर र तुरुन्त सञ्चार र कारबाहीका लागि अलर्ट संयन्त्र स्थापना गर्ने।
- आपतकालीन कार्य सञ्चालन केन्द्र र अग्नी नियन्त्रण केन्द्र र अन्य सान्दर्भिक सरोकारवालाहरू बीच कार्यात्मक समन्वय बढाएर आगलागी सम्बन्धी नोक्सानी र क्षतिको तथ्याङ्कलाई पर्याप्त रूपमा राख्नको लागि स्थानीय आपतकालीन सञ्चालन केन्द्र -LEOC डाटाबेस वा अन्य संयन्त्रहरूमा आगलागीका घटनाहरूको अभिलेख राख्ने।
- प्रभावकारी आगलागी नियन्त्रणका लागि दमकल, खानेपानी कार्यालय, नगर प्रहरी, अन्य सुरक्षा निकायहरू र नेपाल विद्युत प्राधिकरणबीच अन्तर-निकाय समन्वयलाई सबल बनाउने।
- प्रभावकारी संयुक्त आगलागी नियन्त्रणका पहलहरूको लागि टोल विकास संस्थाहरू, सामुदायिक समूहहरू र दमकल केन्द्रहरू बीचको "तल देखि माथि तह" (bottom up) को सम्बन्ध निर्माण गर्ने।

## ग) आगलागी सुरक्षा, आपतकालीन र आकस्मिक योजनाहरू

हालको परिप्रेक्ष्यमा, नेपालमा राष्ट्रिय अग्नि सुरक्षा संहिता २०५१, आगलागी रोकथाम तथा संरक्षण ऐन २०५३, स्थानीय स्वायत्त शासन ऐन २०५५, र दमकल सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६७ र हालको राष्ट्रिय विपद् जोखिम न्यूननीकरण तथा व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना (२०१८-२०३०) जस्ता विभिन्न आगलागी सम्बन्धी नीतिहरू कार्यान्वयनमा रहेका छन् । यी नीतिहरूलाई स्थानीयकरण गर्न आवश्यक छ र नगरपालिकाका कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरूलाई यी नीतिहरूमा भएका प्रावधानहरू बारे ज्ञान तथा चेतना प्रदान गर्न आवश्यक छ। सरकार, निजी क्षेत्र र अन्य सम्बन्धित निकायहरूले आ-आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्न आगलागी पूर्वतयारी र व्यवस्थापनका लागि नीतिगत प्रावधानहरू पालना गर्न आवश्यक छ। नगरपालिकाले अग्नि सुरक्षा, आपतकालीन वा आकस्मिक योजनालाई आफ्नो आगलागी पूर्वतयारी गतिविधिहरूको अंशको रूपमा अवलम्बन गर्न आवश्यक छ।

आगलागी व्यवस्थापन योजना, पूर्वतयारी र अनुगमन कुनै पनि आगलागी प्रतिकार्य योजनाको तीन प्रमुख स्तम्भहरू हुन् । यी कार्यहरू नगरपालिका क्षेत्र भित्र र बाहिर आगलागी व्यवस्थापन नियमन गर्न नगरपालिकाको कार्य सञ्चालन कार्यविधिका आधारमा हुनुपर्छ।

आगलागी सुरक्षा, आपतकालीन र आकस्मिक योजनाहरूको लागि मुख्य निम्न रणनीतिक कार्यहरू समावेश छन्:

- (i) नगरपालिकाका कर्मचारी र निर्वाचित प्रतिनिधिहरूको संलग्नतामा आगलागी सुरक्षा, आपतकालीन र आकस्मिक योजनाहरू तर्जुमा गर्ने र (ii) आगलागी व्यवस्थापन योजना, पूर्वतयारी र अनुगमन।

- नगरपालिका क्षेत्र भित्र र बाहिर आगलागी व्यवस्थापन नियमन गर्न परिभाषित भूमिका र जिम्मेवारीहरू, र लागत-साझेदारी संयन्त्र सहित कार्य सञ्चालन कार्यविधि बनाउने।
- सबैभन्दा महत्त्वपूर्ण आगलागी जोखिम क्षेत्रहरू पहिचान गर्ने र सहभागितामूलक लेखाजोखा प्रयोग गरी आगलागी हुने क्षेत्रहरूबाट सुरक्षित क्षेत्रहरूमा स्थानान्तरण मार्गहरू नक्साङ्कन गर्ने।

## घ) आगलागी पूर्वतयारी र प्रतिकार्य योजना

आगलागीको पूर्वतयारीमा आगलागीको पहिचान र प्रतिकार्य समावेश हुन्छ । यसमा आगलागी हुनु अघि आवश्यक प्रशिक्षण र उपकरणहरू समावेश हुन्छन् । आगलागी पूर्वतयारी योजना धेरै प्रभावकारी हुन सक्छ यदि यो (i) आगलागी र स्रोत व्यवस्थापन योजनामा आधारित छ, (ii) कोष र स्रोतहरू, मौसम र मानव गतिविधिहरूमा वर्षैपिच्छे हुने भिन्नताहरूलाई ध्यान दिइन्छ, (iii) उचित क्षमता समावेश गर्दछ। कर्मचारीहरूको क्षमता अभिवृद्धि (आवधिक पुनःताजगी तालिम र समीक्षा र पुनरावलोकन सत्रहरूको प्रावधान सहित), र (iv) प्राविधिक सुविधाहरू र क्षमताहरू भएका कर्मचारीहरूको व्यवस्था । आगलागीको पूर्वतयारी र प्रतिकार्य नीति र रणनीतिहरूले आगलागी प्रतिकार्य क्षमताहरू बढाउन सक्षम वातावरण प्रदान गर्न सक्छ। पालिकाका कर्मचारीहरूलाई सचेत बनाउनका साथै यी योजनाहरूले जोखिमपूर्ण क्षेत्रहरूमा लागि आगलागी व्यवस्थापनका लागि (i) आगलागी क्षेत्रको सीमाङ्कन गर्ने, (ii) प्रमुख सार्वजनिक स्थानहरूमा बिजुली र आगलागी नियन्त्रणका उपकरणहरू जडान गर्ने र आगलागी निभाउने उपकरणहरू कसरी सञ्चालन गर्ने भनेर मानिसहरूलाई सिकाउने, र (iii) विशेष प्रोटोकल विकास गर्ने।

आगलागीको तयारी र प्रतिकार्य योजनाको लागि मुख्य निम्न रणनीतिक कार्यहरू समावेश छन्:

- अग्नि नियन्त्रकहरू र सर्वसाधारण जनता दुवैका लागि सुरक्षामा ध्यान पुर्‍याएर र अनुमानित आगलागी जोखिम र मानवीय तथा वित्तीय स्रोतहरूमा आधारित आगलागी पूर्वतयारी र प्रतिकार्य योजनाहरू तर्जुमा गरेको सुनिश्चित गर्ने ।
- आगलागी नियन्त्रणका पहलहरूको लागि आगलागी सुरक्षा र व्यक्तिगत सुरक्षा कवचहरू (हेलमेट, पन्जा, आगलागी प्रतिरोधी कपडा र सुरक्षा जुत्ता) को प्रवन्ध मिलाउने।
- जोखिमको हस्तान्तरण सुनिश्चित गर्न अग्नि नियन्त्रकहरूका लागि अग्नि बीमा योजनाहरू प्रबन्ध गरेर आगलागी प्रतिकार्य क्षमता बढाउन आगलागी पूर्वतयारी र प्रतिकार्य नीति/रणनीतिहरू तयार गर्ने।
- आगलागी पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूको प्रभावकारिता बढाउन आगलागीको पूर्वतयारी र प्रतिकार्य योजनाहरू, आगलागी सम्बन्धी कार्य सञ्चालन कार्यविधि, र आगलागी जोखिम नक्साङ्कन गर्न नगरपालिकाका कर्मचारीहरूलाई जागरूक बनाउने।

- आगलागीको जोखिम न्यूनीकरण गर्न आगलागी जोखिम क्षेत्रको सिमाङ्कन, प्रमुख सार्वजनिक स्थानहरूमा आगलागी निभाउने यन्त्रहरू स्थापना, चट्याङ प्रतिरोधी यन्त्रको स्थापना र आगलागी नियन्त्रणका उपकरणहरू राख्ने।
- जोखिमपूर्ण क्षेत्रहरू जस्तै ग्यास डिपो र इन्धन स्टेशनहरू; सपिंग मल, थिएटर, सिनेमा हल र सार्वजनिक भेला हुने अन्य स्थानहरु; र अनौपचारिक बस्ती (बासिन्दा र सुकुम्बासी) लागि अग्नि व्यवस्थापन सम्बन्धी विशेष प्रोटोकल विकास गर्ने । आवासीय क्षेत्रमा तरल पेट्रोलियम ग्यास (एलपीजी) बिक्री गर्ने पेट्रोल पम्प र पसलमा आगलागीको जोखिम झनै बढेको छ किनकी तिनीहरूसँग अग्नी सुरक्षाका आधारभूत उपकरणहरू पनि छैनन् किनभने एउटा पेट्रोल पम्पमा आगलागीले करिब १ किलोमिटर वरिपरी विनाश निम्त्याउन सक्छ।
- आगलागीको जोखिम र खतरा नक्साङ्कन, हावा प्रवाहको बारेमा जानकारीको विश्लेषण र प्रसार, र आगलागी पत्ता लगाउने उपकरणहरू र निभाउने उपकरणहरूको स्थापना समावेश गरी आगलागी तयारी योजनाको विकास गर्ने।
- निम्न विषयहरू स्पषट भएको आगलागी प्रतिकार्य योजना विकास गर्नेः (i) चेतावनीको जानकारी र जानकारी प्रदान गर्ने प्रक्रियाहरू, (ii) घटना स्थलमा सतर्कता, (iii) योजना सञ्चालन, कार्य विवरण प्रस्तुती तथा समीक्षा, र (iv) विश्लेषण र कार्य समाप्ती ।

## ङ) अनुगमन र मूल्याङ्कन

आगलागी व्यवस्थापनमा गरिने कार्यहरूमध्ये अनुगमन र मूल्याङ्कन एउटा महत्त्वपूर्ण गतिविधि हो। आगलागी रोकथाम र स्रोतहरुको सुरक्षा बीच सन्तुलन कायम गर्न, दुवै आगलागी र यसको नियन्त्रण गतिविधिहरुको प्रभावको अनुगमन महत्वपूर्ण छ। लागत/लाभ लेखाजोखा विभिन्न प्रकारका स्रोतहरूको प्रभावकारिता मूल्याङ्कन गर्न उपयोगी हुन्छन्। रोकथाम कार्यक्रमहरूको प्रभावकारी अनुगमन र लेखाजोखाले विशेष गरी पहिचान गरिएका प्रकारका आगलागी र यसको नियन्त्रणको लागत घटाउन सक्छ।

अनुगमन र मूल्याङ्कनका लागि प्रमुख निम्न रणनीतिक कार्यहरू समावेश छन्ः

- आगलागी व्यवस्थापन कार्यक्रमका सबै पक्षहरूको अनुगमन र मूल्याङ्कन गर्नको लागि बृहत् योजनाको विकास र कार्यान्वयन गर्ने।
- नजिकै घटेका घटनाहरूको दस्तावेजीकरण गर्ने, र अग्नि नियन्त्रकहरू, अग्नि प्रबन्धकहरू र सर्वसाधारण जनतामाझ जोखिम कम गर्न सिकेका पाठहरूको समीक्षा गर्ने।
- आगलागी रोकथाम प्रयासहरूको प्रभावकारिता मापन गर्ने अनुगमन प्रणाली विकास गर्न आगलागी रोकथाम कार्यक्रमहरूबाट प्राप्त जानकारी र तथ्याङ्कहरू प्रयोग गर्ने।
- विश्वविद्यालयहरू, अन्य अनुसन्धान संस्थाहरू र स्थानीय समुदायहरूसँगको सहकार्यमा आगलागी र यसका नियन्त्रणका विधिहरूको पारिस्थितिक प्रभावहरूको सुपरीवेक्षण गर्ने।

# ४. आगलागीका प्रकारहरू र तिनीहरूको न्यूनीकरण उपायहरू

## ४.१ प्राविधिक/औद्योगिक आगलागी

### प्रमुख कारणहरू

अहिले औद्योगिक आगलागीको घटनाको संख्या र आवृत्ति बढिरहेको छ । (i) अव्यवस्थित वेल्डिङ र ड्रिलिंग कार्यहरू, (ii) कमजोर विद्युतीय तारहरू, (iii) भारी मेसिनहरूको व्यापक र लगातार प्रयोग, (iv) निर्माण/भारी सवारी साधनहरूको निरन्तर प्रयोग, (v) ग्यास र ज्वलनशील तरल पदार्थको अनुचित व्यवस्थापन, र (vi) अधिक तताउने औद्योगिक उपकरणहरू; औद्योगिक आगलागी हुनाका केही प्रमुख कारणहरू हुन । वेल्डिङ र ड्रिलिङ जस्ता तातो कार्यहरू जसमा आगाका झिल्काहरू यत्रतत्र फैलिन्छन् र कुनै पनि ज्वलनशील वस्तुहरू जल्छन् । विद्युतीय जोखिमहरू खुला तार जडानमा देखा पर्दछ, र जब ओभरलोड आउटलेटहरू वा सर्किटहरू र एक्सटेन्सन कर्डहरूको कम क्षमता प्रयोग गरिन्छ। भारी मेसिनहरूमा चल्ने भागहरूको घर्षणले प्रायः आगलागी निम्त्याउँछ।

### रोकथाम उपायहरू

औद्योगिक क्षेत्रहरूमा आगलागी हुन नदिन र कर्मचारीहरूको सुरक्षा गर्न निम्न संरचनात्मक र गैर-संरचनात्मक उपायहरू अपनाउनु पर्दछः

- आगलागी रोक्न भारी उपकरणहरू चलाउने स्थानमा आवधिक र नियमित रूपमा भारी उपकरणहरूको परीक्षण र मर्मत गर्ने, चिलरहरू प्रबन्ध गर्ने ।
- वेल्डिङ र ड्रिलिङ जस्ता तातो काम गरिरहेका समयमा वरिपरीका ठाउँहरू खाली गर्ने।
- औद्योगिक आगलागी नियन्त्रणको लागि उपयुक्त आगलागी निभाउने उपकरण स्थापना गर्ने र कर्मचारीहरूलाई तिनीहरूको उत्तम प्रयोगको लागि अभिमुखीकरणहरूको आयोजना गर्ने। कार्यशाला, मेसिन शेड, सवारी साधन, ट्र्याक्टर र इन्धन भर्ने स्थान जस्ता आगलागी हुने सम्भावित सबै क्षेत्रहरूमा पर्याप्त आगलागी निभाउने उपकरणहरू व्यवस्थापन गर्ने। आगलागी नियन्त्रणका साधनको आवधिक पुनःपूर्तिको लागि संयन्त्र तय गर्ने।
- भारी सवारी साधनहरूको सञ्चालन र मर्मत योजनाहरू तयार गर्ने र त्यस्ता योजनाहरूलाई कडाईका साथ लागू गर्ने।
- आगलागी र विस्फोटहरू रोक्न तरल पदार्थ र ग्याँसहरू भण्डारण र राम्रोसँग व्यवस्थापन गर्ने प्रावधानहरू तय गर्ने ।
- फायर-प्रुफ हेलमेट, चश्मा, हेडवेयर, पन्जा, खुट्टाका सामानहरू र अन्य सान्दर्भिक सामग्रीहरू जस्ता आगलागीबाट सुरक्षित हुन व्यक्तिगत सुरक्षा उपकरणहरूको व्यवस्थापन गर्ने।
- आगलागीका जोखिमहरू पहिचान गरेर आगलागी सुरक्षा परीक्षण गर्ने, र सुधारात्मक र रोकथामका उपायहरू व्यवस्थित गर्ने।

- खुला तार र कमजोर एक्स्टेन्सन कर्डहरूको प्रयोग नगर्ने, विद्युतीय उपकरण वा सर्किटहरू ओभरलोड हुनबाट जोगाउने, र प्रयोगमा नभएको बेला सबै उपकरणहरू अनप्लग गर्ने संयन्त्रको विकास गर्ने । स्तरीय मर्मत योजनाको तर्जुमा र परिपालना गर्ने।
- उपकरण मर्मत र सुरक्षा बारे कर्मचारीहरूलाई जानकारी दिन प्रशिक्षण र समीक्षा/प्रतिबिम्ब सत्रहरू व्यवस्थित गर्नुहोस्
- एकीकृत आगलागी नियन्त्रण व्यवस्थापनमा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- आगलागी जोखिम लेखाजोखालाई सम्बोधन गर्न विशिष्ट लेआउट, सम्भावित खतराहरू र जोखिमपूर्ण क्षेत्रहरू सहित आपतकालीन कार्य योजना बनाउने। कर्मचारीहरूको लागि न्यूनीकरण उपायहरूका बारेमा अभिमुखीकरण आयोजना गर्ने ।

## ४.२ मानव-सिर्जित आगलागी

### प्रमुख कारणहरू

सलाई तथा लाइटर जस्ता ज्वलनशील बस्तुहरूमा बालबालिकाको सजीलो पहुँच, धुम्रपान, लामखुट्टे मार्ने क्वाइल, लोडसेडिङको समयमा मैनबत्ती र तेलको बत्तीको प्रयोग, विद्युत् चोरी र पारिवारिक झगडा मानव सिर्जित आगलागीका प्रमुख कारण हुन् । मानव सिर्जित आगलागी सशस्त्र द्वन्द्व, नागरिक अशान्ति र आतंकवाद द्वारा पनि उत्पन्न हुन्छन्।

### रोकथाम उपायहरू

- एफएम रेडियो र टेलिभिजन मार्फत आगलागी पत्ता लगाउने यन्त्रहरू र आगलागी नियन्त्रण गर्ने उपकरणहरूको महत्त्व बारे आधारभूत जानकारी फैलाउने र लागत-लाभ विश्लेषण समेत प्रदान गरी विश्वस्त बनाउने। अग्नि नियन्त्रकहरूलाई आगलागी नियन्त्रण गर्ने उपकरणहरूको उचित प्रयोग गर्न अभिमुखीकरण गर्ने।
- आपतकालीन अवस्थामा प्रयोग गर्न सजिलो बनाउन पोखरी र इनारहरूको नक्साङ्कन गर्ने र तिनीहरूलाई राम्रोसँग व्यवस्थापन गर्ने । वर्षाको पानी संकलन गर्ने र वैकल्पिक रूपमा भण्डारण ट्याङ्कीहरू उपलब्ध गराउने।
- पालिकाका कर्मचारीहरू, नगर प्रहरीहरू र विपद् फोकल व्यक्तिहरूलाई गर्मी मौसमको कम व्यस्त समयमा आपतकालीन आगलागी व्यवस्थापन, जोखिम लेखाजोखा, खोज र उद्धार, प्राथमिक उपचार, आगलागी नियन्त्रण, स्थानान्तरण, र भीड नियन्त्रण जस्ता क्षेत्रमा तालिम, अभ्यास र कृत्रिम अभ्यासको आयोजना गर्ने। ।
- समुदायहरू 'पहिलो प्रतिकार्यकर्ता' भएकाले, सडक नाटक, अभ्यास र कृत्रिम अभ्यासहरूको आयोजना गरेर समुदायका नेताहरू, शिक्षकहरू, युवाहरू र वृद्धहरूलाई आगलागी प्रतिकार्यको आधारभूत सुझावहरू प्रदान गर्ने।

- समयमै प्रतिकार्य गर्नको लागि उचित सञ्चारको महत्वलाई ध्यानमा राखेर  अग्नी नियन्त्रण केन्द्रको टेलिफोन नम्बर १०१ को बारेमा जानकारी प्रदान गर्ने ।
- प्रशिक्षण, अभिमुखीकरण, र लोक गीतहरू समावेश आगलागी तयारीका लागि सचेतना-अभिवृद्धि कार्यक्रमहरू तर्जुमा तथा र कार्यान्वयन गर्ने । एफएम रेडियो र टेलिभिजन मार्फत घरको बीमाको आवश्यकता र फाइदाहरू सहित आगलागी सम्बन्धी सचेतनामूलक सन्देशहरू प्रसारण गर्ने।
- ग्यास सिलिन्डरको उचित व्यवस्थापन, विद्युतीय तार प्रणालीको परीक्षण र पुनर्स्थापना,  पानी, बालुवा, बाल्टिन, र आगलागी नियन्त्रण गर्ने उपकरणहरूको व्यवस्था जस्ता अग्नि सुरक्षाका उपायहरू बारे घरायसी र सामुदायिक स्तरमा सन्देशहरू फैलाउन गैर सरकारी संस्थाहरूलाई परिचालन गर्ने।   ।
- प्रत्येक घर र आगलागीको जोखिममा रहेको क्षेत्रमा अग्नि प्रतिकार्यका लागि आकस्मिक योजना तयार गर्न सहजीकरण गर्ने। प्रतिकार्य, आगलागी सुरक्षा र आपतकालीन योजनाहरू निर्माण र उचित कार्यान्वयन गर्ने।

## ४.३ वन डढेलो

### प्रमुख कारणहरू

नेपालमा सुख्खा मौसम (अप्रिलदेखि जुन) मा जंगलमा आगलागी हुने गरेको छ । वन तथा वातावरण मन्त्रालयको Forest Detection and Monitoring System अनुसार २०२० मार्चदेखि २०२१ सम्ममा जम्मा ५ हजार ६ सय २६ वन आगलागीका घटना भएका छन् । वन डढेलो प्राकृतिक र मानव सिर्जित दुवै कारणले हुन सक्छ । चट्याङ प्राकृतिक कारणले हुन्छ। खुल्ला आगोको ज्वाला; चुरोट वा बिडीका ठुटाहरू, बिजुलीको झिल्का वा प्रज्वलनको कुनै स्रोत जस्ता आगोको स्रोत ज्वलनशील पदार्थको सम्पर्कमा आएपछि आगो फैलिन्छ । यात्रुहरू,  धुम्रपान गर्नेहरू र वनभोजमा सरीक हुन आउनेहरूको लापरवाहीले वनडढेलो निम्त्याउन सक्छ। अशिक्षा र अज्ञानता आगलागी निम्त्याउने मूल कारक हो। कतिपय क्षेत्रहरूमा, जंगलको छेउमा बसोबास गर्ने मानिसहरूले घरपालुवा जनावरका लागि घाँस सोत्तर पाइन्छ भनेर जानाजानी रूखहरूको ताजा टुसाहरू छिटो बढाउनका लागि डढेलो लगाउछन। खोरिया खेतीका लागि जग्गा बनाउँदा र गैर-काष्ठ वनपैदावार सङ्कलन गर्दा प्रायजसो जङ्गलमा आगलागी हुने गरेको पाइन्छ । वन डढेलोले पारिस्थितिकीय प्रणालिमा व्यापक असर पार्छ।  लामो समयसम्म आगलागीका घटनाका कारण वायु प्रदूषण खतरनाक स्तरमा पुग्न सक्छ। आगलागीले हजारौं रूखहरू, बहुमूल्य औषधीजन्य जडीबुटी, वन्यजन्तु र अन्य वन उत्पादनहरू नष्ट गर्न सक्छ।  आगलागीबाट बच्न वन्यजन्तुहरू जंगलको छेउमा बसाइँ सर्छन्, जसले गर्दा अक्सर मानव-वन्यजन्तु द्वन्द्व निम्त्याउँछ। वन डढेलोले रूख र जनावरहरू जलाउँछ, वन्यजन्तुहरूको लागि खाद्य स्रोतहरू कम गर्छ, र आक्रामक प्रजातिहरूको विकासलाई अनुमति दिने वन्यजन्तुको बासस्थानलाई पनि परिवर्तन गर्न सक्छ।

### रोकथाम उपायहरू

वन डढेलो नियन्त्रण गर्न निम्न निवारक उपायहरू सुझाव दिइएको छः

- सामुदायिक वन उपभोक्ता समूह (CFUG) का सदस्यहरू र सामाजिक सञ्जालहरूलाई उनीहरूको क्षेत्रमा भएको डढेलो नियन्त्रण/निभाउनको लागि सचेतना र तालिम दिने। अग्नीरेखा निर्माण तथा पोखरीको संरक्षण र आवधिक मर्मत सम्भारका लागि उनीहरूलाई प्राविधिक तथा आर्थिक स्रोत उपलब्ध गराउने ।
- आगलागी नियन्त्रण प्रयासमा युवा समूहहरूलाई तालिम प्रदान गरेर, व्यक्तिगत सुरक्षा कवचहरू उपलब्ध गराइ तिनीहरूको उचित प्रयोग सम्बन्धी अभिमुखीकरण गर्ने, र वन डढेलो रोक्न र नियन्त्रणमा खटिने अग्नी नियन्त्रकहरूलाई प्रोत्साहनको व्यवस्था गर्ने।
- सुक्खा मौसममा वन कार्यालय र सामुदायिक वन समूहका कर्मचारीहरूलाई सतर्क राख्ने, तिनीहरूलाई स्थिति विश्लेषणमा संलग्न गराउने।
- वन डिभिजन र उप-डिभिजन कार्यालय र सामुदायिक वन उपभोक्ता समूह स्तरसम्म विभिन्न अग्नि नियन्त्रक उपकरणहरू, मानव संसाधन र अन्य आवश्यक सामग्रीहरू व्यवस्थापन गर्ने।
- नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको आगलागी रोकथाम तथा नियन्त्रण संयन्त्रको क्षमता विकास गर्ने र आवश्यकता परेमा प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी वन अधिकारीहरूसँगको समन्वयमा परिचालन गर्ने । आगलागी नियन्त्रणका लागि आवश्यक सामग्री (पानी र उपयुक्त फोम) सहित हेलिकप्टरहरूको परिचालन सम्बन्धी व्यवस्थापन गर्ने।
- सुक्खा मौसममा मिडिया (रेडियो, टिभी, इत्यादि) लाई परिचालन गरेर सन्देश मार्फत अग्नी सुरक्षा सम्बन्धी प्रेरक जानकारी र ज्ञान फैलाउने।
- आगलागी भएको क्षेत्र र तिनीहरूको विस्तार भइरहेको विशेष दिशा पत्ता लगाउन भू-उपग्रहीय अनुगमन प्रणालीको प्रयोग गर्ने।
- वन डढेलो विरुद्ध लड्नका लागि दीर्घकालीन रणनीतिक योजनाको विकास गर्ने र दण्ड तथा पुरस्कारको व्यवस्था गरी सामुदायिक वन उपभोक्ता समुदाय स्तरसम्म कार्यान्वयन गर्ने।
- अग्नी रेखाहरू, प्रभावकारी सुपरीवेक्षण र अनुगमन, र सुकेका दाउराहरू, कुनाकानीमा भएका फोहोरहरू, र सजिलै आगलागी हुने वनस्पति (झाडी) हटाउने जस्ता उपयोगी प्रावधानहरू समावेश गरी सामुदायिक वन सञ्चालन कार्योजना परिमार्जन गर्ने ।
- वन डढेलो लगाउने लगाउने अपराधमा कैद सजाय र दण्डको व्यवस्था समावेश गरी वन डढेलोको प्रबन्ध गर्न वन सम्बन्धी ऐन, कानून, नियम र रणनीतिहरूलाई कडाइका साथ लागू गर्ने ।

## ४.४ कृषिमा आधारित आगलागी

### प्रमुख कारणहरू

नेपालका किसानहरूले बालीनालीका अवशेष, झारपात र फोहोर हटाउन आगलागीको प्रयोग गर्छन् र वनलाई कृषि भूमिमा परिणत गर्छन्। आगो लगाएर जलाएपछि खरानीलाई बारीमा छर्छन जसले घाँसको वृद्धिलाई जैविक मलको रूपमा काम गर्दछ । मानिसहरूले आफ्नो खेतीयोग्य जमिनलाई अर्को खेतीका लागि तयार गर्न प्राङ्गारिक पदार्थ र कृषि अवशेष जलाउँछन् पराल, डाँठ र भुसहरू जलाउँदा हानिकारक

कीराहरू मारेर खेतीको उत्पादनमा वृद्धि हुने विश्वास गरिन्छ। वास्तवमा, त्यस्ता आगलागीले माटोलाई उर्वर बनाउने जैविक पदार्थहरू नष्ट गर्छ, जसले गर्दा बालीको उत्पादन समयसँगै घट्दै जान्छ र सिंथेटिक मलको आवश्यकता बढ्छ। गाइबस्तु चराउने, शिकार गर्ने, र गैर-काष्ठ वन पैदावारहरू (NTFPs) सङ्कलन गर्नेहरू प्रायः कृषिमा आधारित आगलागीको लागि जिम्मेवार हुन्छन्। स्थानीय मानिसहरूले कहिलेकाहीं कृषि र गैर-काष्ठ वन पैदावारहरू सङ्कलनका लागि जंगलमा आगो लगाउँछन्। पूजा गर्दा धूपदानमा लापरवाही, चुरोटका ठुटा फाल्ने, गाईगोठमा गाईवस्तुका लागि खाना पकाउने, खाना पकाइसकेपछि आगो ननिभाई छाड्ने र खोरिया खेती सार्ने चलन (खोरियाफडानी) ले खेतीयोग्य जमिनबाट जंगल र मानव बस्तीमा आगलागी फैलाउने र विकृतिजन्य कार्य गर्ने गरेको छ ।

**रोकथाम उपायहरू**

कृषिमा आधारित आगलागी नियन्त्रण गर्न निम्न रोकथामका उपायहरू गर्नुपर्छः

- हावा चलेको दिनमा खुला ठाउँमा खाना पकाउन बन्द गर्ने र आगो निभाउनको लागि पानी र अन्य अग्नि नियन्त्रक उपकरणहरू तयार राख्ने।
- खाना पकाउँदा र गाईवस्तुका लागि खाना बनाउँदा आगोको ख्याल गर्ने।
- विद्युतीय तारहरू आवधिक रूपमा मर्मत सम्भार गर्ने।
- बालीको अवशेष जलाउँदा हानिकारक कीराहरू मार्छ, र बालीको उपज बढ्छ जस्ता भ्रमहरू विरुद्ध चेतनामूलक अभियानहरू चलाउने।
- अध्ययन भ्रमणहरू व्यवस्थित गर्ने; क्षेत्र प्रदर्शन; जलाउने नकारात्मक प्रभावहरूमा स्थानीय भाषामा सूचना, शिक्षा र सन्देशमूलक सामग्रीहरू उत्पादन र प्रसारण गर्ने र अभिमुखीकरणका साथ व्यापक रूपमा वितरण गर्ने।
- किसानहरूलाई प्रोत्साहनका रूपमा खुल्ला रूपमा कृषिजन्य सामग्रीहरू जलाउने विकल्पहरू प्रदान गर्न सरकारहरू र किसान संघहरूको संलग्नतामा नीति तथा रणनीतिक योजना तर्जुमाका लागि सहजीकरण गर्ने।
- वैकल्पिक खेती अभ्यासहरू बारे जानकारीको आदानप्रदानको लागि किसान सञ्जालहरूको क्षमता अभिवृद्धि गर्ने।
- आगलागीको जोखिम व्यवस्थापनमा कारणहरूको दायरा र उनीहरूको भूमिका बुझ्नको लागि आगलागी व्यवस्थापन योजनामा सरोकारवालाहरू, विशेष गरी स्थानीय समुदायहरूलाई संलग्न गर्ने ।

## ख) अग्नी नियन्त्रण अभ्यास सम्बन्धी हातेपुस्तिका

### १. पृष्ठभूमि

अग्नी नियन्त्रण अभ्यास एक गतिविधि हो जसमा सहभागीहरूले व्यवस्थित रूपमा वास्तविक आगलागीको घटनामा उनीहरूले चाल्नुपर्ने कदमहरू पूरा गर्छन्, जसले गर्दा नडराईकन त्यो घटनालाई व्यवस्थापन गर्न आफुलाई तयार पार्छन्। यदि आगलागी भयो भने, मानिसहरूलाई तुरुन्तै सुरक्षित स्थानमा सार्नुपर्छ। उच्चतम सुरक्षाको लागि, प्रत्येक घर र सार्वजनिक भवन, विद्यालय, अस्पताल, सिनेमा हल, वा सरकारी कार्यालयहरूमा आगलागी निकासी प्रक्रिया हुनुपर्छ र नियमित अग्नी नियन्त्रण अभ्यासहरू सञ्चालन गर्नुपर्छ। यी अभ्यासहरू वास्तविक समयको काल्पनिक प्रतिछायाँ हुन् र यसले आगलागी सुरक्षाको लागि के गर्ने र के नगर्ने बारे ज्ञान प्रदान गर्दछ।

अग्नी नियन्त्रण अभ्यासहरू आगलागीको लागि पूर्वतयारी गर्न मात्र होइन तर वास्तविक समय परिस्थितिमा संलग्न विभिन्न प्राविधिक पक्षहरूमा मानिसहरूलाई तालिम दिन पनि गरिन्छ, जस्तै निकासी प्रक्रिया, आगलागी निभाउने र अन्य सुरक्षा उपायहरू। यस्ता अभ्यासहरू "सात P" मा आधारित हुन्छन् (उचित पूर्व योजना र पूर्वतयारीले कमजोर कार्यसम्पादनलाई रोक्छ)। अभ्यासमा संलग्न सबैका लागि उनीहरूको भूमिका र जिम्मेवारीमा साझा बुझाई गराउन अभ्यासको समयमा राम्रो नतिजाहरू प्राप्त गर्नको लागि, घण्टौंको कठोर योजनाहरू पहिल्यै पूरा गर्न आवश्यक छ ।

"उत्तम अवस्थाको लागि आशा; सबैभन्दा खराब अवस्थाको लागि तयारी" गर्न अग्नी नियन्त्रण अभ्यासहरू सम्बन्धी सिद्धान्तको एउटा उत्कृष्ट उदाहरण हो । अभ्यास एउटा सहभागीतात्मक विधिहरू प्रयोग गरेर सुरक्षा-सम्बन्धित उपायहरूको कृत्रिम वा काल्पनिक अभ्यास गर्ने तरिका हो। अग्नी नियन्त्रण अभ्यास गर्नाले व्यक्तिहरूले आफ्नो र अरूको सुरक्षा सुनिश्चित गर्न आवश्यक पर्ने ज्ञान प्राप्त गरेको सुनिश्चित गर्न मद्दत गर्छ।

अग्नी नियन्त्रण अभ्यासहरू आगलागी व्यवस्थापन र स्थानान्तरण योजनाहरूको प्रभावकारिता परीक्षण गर्न प्रयोग गरिन्छ। स्थानीय अग्नी नियन्त्रण केन्द्र, स्थानीय सरकारी कर्मचारीहरू, निजी क्षेत्र (बीमा कम्पनीहरू सहित), स्थानीय स्वास्थ्य संस्थाहरूलाई र अग्नि नियन्त्रकहरूलाई अग्नी नियन्त्रण अभ्यासको क्रममा उनीहरूले वास्तविक समयको परिदृश्य बुझ्नको लागि संलग्न गराउनु राम्रो हुन्छ। तसर्थ समीक्षा र अनुकरण गर्न र प्रत्येक अभ्यास पछि यसको प्रभावकारिता मूल्याङ्कन गर्न, यसको सवल पक्ष र सुधारका लागि क्षेत्रहरू पहिचान गर्न धेरै आवश्यक छ ताकि भविष्यका अभ्यासहरू र आगलागीको वास्तविक समयका लागि आवस्यक सुधार गरी प्रभावकारी डिजाइन गर्न सकिन्छ।

## २. अग्नी नियन्त्रण अभ्यासका उद्देश्यहरू

अग्नी नियन्त्रण अभ्यासको मुख्य उद्देश्य घटना क्षेत्रबाट सबैलाई सुरक्षित गर्ने र सम्भावित क्षतिलाई कम गर्ने माध्यम र तरिकाहरू प्रदर्शन गर्नु हो। अग्नी नियन्त्रण अभ्यासका विशिष्ट उद्देश्यहरू निम्न रहेका छन्ः

- सुरक्षित, कृत्रिम घटना अभ्यासको वातावरणमा आगलागी व्यवस्थापनका आपतकालीन प्रक्रियाहरूको बुझाइ र परिचित हुने अवसर प्रदान गर्ने,
- अप्रत्याशित आपतकालीन स्थितिमा कसरी प्रतिक्रिया गर्ने भन्ने बारे मानिसहरूलाई शिक्षा दिने र आपतकालीन अवस्थामा संलग्नतामा कार्य सञ्चालन सम्बन्धी बुझाइ निर्धारण गर्ने,
- आगलागी व्यवस्थापनको कृत्रिम अभ्यासमा संलग्न कर्मचारीहरूलाइ वास्तविक समयमा राम्रो कार्यान्वयनको लागि समीक्षा र सुधार गर्ने अवसर प्रदान गर्ने।
- आपतकालीन कार्यसञ्चालनको समयमा अनुकरण गर्न सकिने जीवन रक्षा र उद्धारका प्रविधीहरू प्रदान गर्ने ,
- आगलागी स्थानान्तरण योजनाको सम्भव भएसम्म सुधारका लागि यसको प्रभावकारिता परीक्षण गर्ने ।

## ३. अग्नी नियन्त्रण अभ्यासको बारम्बारता (संख्या)

आगलागीको कृत्रिम अभ्यास कति पटक गर्ने भन्ने कुरा, लागू भएको आगलागी संहितामा निर्दिष्ट भए बमोजिम वा वास्तविक आवश्यकताहरू र आगलागीको प्रकोपको पुनरावृत्तिको दर दुबैमा निर्भर हुन्छ। तर, आदर्श रूपमा, आगलागी सम्बन्धी कृत्रिम अभ्यास कम्तिमा प्रत्येक छ महिनामा एक पटक सञ्चालन गर्न आवश्यक छ, यदि सकिएन भने, वर्षमा एक पटक अनिवार्य सञ्चालन गर्नुपर्दछ। उक्त अभ्यासमा सबै सम्बन्धित कर्ताहरू र सरोकारवालाहरूको संलग्नता हुनुपर्छ। अभ्यासमा संलग्न भएका प्रत्येक व्यक्तिलाई आफ्नो जिम्मेवारी र वरपरका मानिसहरूको बारेमा पूर्ण रूपमा सचेत गराउनु पर्छ। यदि भवनको लेआउट परिवर्तन गरिएको छ भने, आगलागी स्थानान्तरण योजनाहरू पनि सोही अनुसार परिवर्तन गर्नुपर्छ।

## ४. अग्नी नियन्त्रण अभ्यासका प्रकारहरू

अग्नी नियन्त्रण अभ्यासहरू प्रायः दुई प्रकारमा वर्गीकृत छन्ः

अ) घोषित, र

आ) अघोषित

**चित्र २** आगलागी नियन्त्रणका कार्यहरू




मानिसहरूको अपेक्षा अनुसार घोषणा गरी सञ्चालन गरिने अभ्यासलाइ घोषित अभ्यास भनिन्छ र यसको उद्देश्यहरू अभ्यासमा संलग्न सबैले अभ्यासका प्रक्रियाहरू पढेका र बुझेका छन् भनी सुनिश्चित गर्ने, विशिष्ट प्रकोपहरू (जस्तै पूर्वनिर्धारित निकास मार्ग अवरुद्ध) मा सबैले कस्तो प्रतिक्रिया देखाउँछन् भनेर

परीक्षण गर्नु र आगलागी नियन्त्रणका उपकरणहरू पत्ता लगाउन र सञ्चालन गर्न मानिसहरूको क्षमता निर्धारण गर्ने ।

अघोषित अभ्यासहरू मानिसहरूले आशा नगरेको खतरनाक परिस्थितिमा प्रतिकार्य गर्ने मानिसहरूको क्षमता परीक्षण गर्ने राम्रो तरिका हो। यसको उद्देश्य निम्नानुसार रहेका छन् (क) भवनको परिसरमा सबैले स्पष्ट रूपमा अलार्म सुन्न सक्छन् भनेर सुनिश्चित गर्न, (ख) मानिसहरू कुन स्थानान्तरण मार्गहरू जान्छन् भनेर पत्ता लगाउने, (ग) विशेष लक्षित समूहहरू जस्तै बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिकहरूले निर्धारण गरे बमोजिमका सुरक्षाका कदमहरू चाले चालेनन् त्यसको जानकारी लिने र (घ) सबैलाई भवनबाट बाहिर निकाल्न कति समय लाग्छ भन्ने कुरा पत्ता लगाउने ।

## ५. अग्नी नियन्त्रण अभ्यासको लागि चरणबद्ध मार्गदर्शन

बृहत रूपमा अग्नी नियन्त्रण अभ्यासका चरणहरूलाई तीन खण्डहरूमा वर्गीकृत गरिएको छः अग्नी नियन्त्रण अभ्यास अघि, अग्नी नियन्त्रण अभ्यासको समयमा र अग्नी नियन्त्रण अभ्यास पछि।

### ५.१ अग्नी नियन्त्रण अभ्यास अघि

### क) अग्नि सुरक्षा समिति गठन गर्ने



अग्नी नियन्त्रण अभ्यासका लागि पूर्वतयारीको पाटोको रूपमा, शाखा/कार्यालय र सामुदायिक स्तरमा ७ देखि ११ सदस्यीय अग्नि सुरक्षा समिति गठन गर्ने। यी समितिहरूको मुख्य भूमिका आगलागी हुनु अघि, आगलागीको समयमा र आगलागी पछि के गर्ने र नगर्ने भन्ने कुराको निर्धारण गर्नु हो।

आफ्नो शाखा/कार्यालय वा समुदायका प्रत्येक व्यक्ति खाली भएको अवस्थामा भवनबाट बाहिर निस्किएको छ भनी सुनिश्चित गर्न सभा क्षेत्रमा रोल कल लिन जिम्मेवार। यी समितिहरू आफ्नो शाखा/कार्यालय वा समुदायका प्रत्येक व्यक्तिलाई स्थानान्तरणको समयमा भवनबाट बाहिर निकालिएको छ भनी सुनिश्चित गर्न जम्मा हुने स्थान (assembly area) मा रोल कल लिन जिम्मेवार छन्। विभिन्न कार्य बलहरू गठन गर्ने र अग्नी नियन्त्रण अभ्यासमा योगदान गर्न भूमिका र जिम्मेवारीहरू निर्धारण गर्ने । (बक्स-४)

**बाकस-४: विभिन्न कार्यदलको भूमिका र जिम्मेवारीहरू**

**आगलागी सूचना कार्यदल**

- विभिन्न रंगका झण्डाहरू, सतर्कता घण्टीहरू, इत्यादिको सहयोगमा चेतावनी चिन्हहरू मार्फत आपतकालीन अवस्थामा 'सुरक्षित स्थानान्तरण' को लागि चेतावनी।
- चेतावनी चिन्हहरू, फ्ल्यास लाइट, झण्डा फहराउने वा सतर्कता घण्टी बजाउने सम्बन्धी नियमित रूपमा अभ्यास गर्ने।
- सम्भावित खतराहरूको अनुगमन र अद्यावधिक गर्ने र आवधिक रूपमा कर्मचारीहरूलाई सूचित गर्ने।
- अन्य सबै कार्यदलका सदस्यहरू र बाह्य सरोकारवालाहरूसँग सम्पर्क राख्ने र तिनीहरूलाई नवीनतम अवस्था विशेष गरी दमकल सेवाहरूको बारेमा जानकारी दिने।

**स्थानान्तरण कार्यदल**

- सबै स्थानान्तरण मार्गहरूसँग परिचित हुने, सबै मानिसहरूलाई उनीहरूको नजिकको मार्गको बारेमा जानकारी दिने र नियमित रूपमा स्थानान्तरण मार्गहरूमा अवरोधहरू भए नभएको जाँच गरी छ भने हटाउने ।
- आवश्यक परेमा बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिकलाई सुरक्षित स्थानान्तरणका लागि सहयोग योजना तयार गरी उपलब्ध गराउने।
- संरचनाहरूलाइ व्यवस्थित रूपमा खाली गर्ने र नियमित रूपमा कृत्रिम अभ्यास गर्ने र आपतकालीन अवस्थामा जमघट क्षेत्र सुरक्षित र अपाङ्गता भएका व्यक्तिहरू, गर्भवती महिलाहरू र स्तनपान गराउने आमाहरूका लागि पहुँचयोग्य छ भनी सुनिश्चित गर्ने।
- रोल कल लिन, सम्बन्धित निकाय र 'खोज उद्धार टोली' लाइ प्रतिवेदन दिन अग्नी नियन्त्रण प्रमुखलाई सहयोग प्रदान गर्ने

**खोज र उद्धार कार्य बल**

- अभ्यासको समयमा भवनमा उपस्थित व्यक्तिहरूको संख्या तथा विवरण सङ्कलन गर्ने।
- कोही बेपत्ता भएमा र चोट लागेको अवस्थामा पीडितलाई 'प्राथमिक उपचार टोली' मा लैजाँदा भौतिक, दृश्यात्मक र आवाजले भवनको प्रत्येक कोठा जाँच गरेर खोज र उद्धार गर्न सहजीकरण गर्ने।

**अग्नी नियन्त्रण कार्यदल**

- उपलब्ध सबै आगलागी निभाउने प्रणाली/निभाउने साधनहरूको प्रयोगसँग परिचित र सबै उपकरणहरू कार्यात्मक अवस्थामा छन् भनी सुनिश्चित गर्ने।
- आगलागीको भइरहेको पुष्टि गर्ने र सम्भव भएमा यसलाई नियन्त्रण गर्ने।
- आगलागी थप फैलन सक्ने अवस्थाहरू पहिचान गर्ने र त्यस्ता अवस्थाहरू हटाउन सम्बन्धित कर्मचारीहरू वा कार्यदलबाट सहयोग माग्ने।
- अग्नी नियन्त्रण केन्द्रको नियन्त्रकहरूले आगलागीलाई पूर्ण रूपमा नियन्त्रण नगरेसम्म बिजुलीका मुख्य स्वीचहरू बन्द गर्ने र आगलागी धेरै नफैलिने सुनिश्चित गर्ने।

**प्राथमिक उपचार कार्यदल**

- प्राथमिक उपचार सामग्रीहरू अद्यावधिक राख्ने र यसलाई समय समयमा हेरेर थप गर्ने।
- घटनाको समयमा प्राथमिक उपचार र सबै केस र उपचारहरू अभिलेख राख्ने।
- आवश्यक भएमा नजिकैको स्वास्थ्य केन्द्र/अस्पताल आदिमा लैजाने।


## ख) अग्नी नियन्त्रण प्रमुख र वार्डेनको चयन

सक्षम, भरपर्दो र अग्नि सुरक्षाको पूर्ण प्राविधिक ज्ञान भएकाअग्नी नियन्त्रण प्रमुख र वार्डेनहरू छनोट गर्ने ताकि कोही बिरामी पर्दा, बिदामा बस्दा वा जागिर छोड्दा पनि कुनै कमी नहोस्। अग्नि सुरक्षा समितिले यिनीहरूको छनोट गरी भूमिका र जिम्मेवारीहरू निर्धारण गर्नुपर्दछ।।



## ग) भूमिका र जिम्मेवारी निर्धारण

अग्नि सुरक्षा समिति र यसका पाँचवटा विषयगत कार्यदलहरूको स्पष्ट भूमिका र जिम्मेवारीहरू निर्धारण गर्ने जसले समिति/कार्यदलका सदस्यहरूको रूपमा तिनीहरूको विशेष भूमिकालाई चित्रण गर्दछ। समिति तथा कार्यदलका सदस्यहरू भित्र र एक आपसमा आधारभूत साझा बुझाइ निर्माणका लागि अभिमुखीकरण प्रदान गर्ने । अग्रिम भूमिका र जिम्मेवारीहरूले अग्नी नियन्त्रण अभ्यास प्रक्रियालाई व्यवस्थित गर्न मद्दत गर्दछ।




## घ) स्थानीय अग्नी नियन्त्रण केन्द्रका प्रमुखहरूसँग सूचना आदान प्रदान

अग्नी नियन्त्रण प्रक्रियाहरू र स्थानान्तरण मार्गहरू सम्बन्धी असल अभ्यासहरू छलफल गर्न स्थानीय अग्नी नियन्त्रण केन्द्रसंग श्रृंखलाबद्ध बैठकहरू आयोजना गर्ने। यी बैठकहरूले विगतको सिकाइका आधारमा एकीकृत अग्नी नियन्त्रण अभ्यास योजनाहरू बनाउन गर्न मद्दत गर्नेछ।



## ङ) मानिसहरूलाई शिक्षित बनाउने




विशेषज्ञ/पेशेवरहरूसँग परामर्श गरी अग्नी नियन्त्रण अभ्यासका लागि नीतिहरू र प्रक्रियाहरू निर्धारण गर्ने र अभ्यासमा संलग्न व्यक्तिहरूसँग आदान प्रदान गर्ने। प्रत्येक व्यक्तिले नियुक्तिका समयमा अग्नी नियन्त्रण अभ्यासका नीतिहरू र प्रक्रियाहरूसंग सम्बन्धित जानकारी प्राप्त गरेको सुनिश्चित गर्ने।

## च) आधारभूत आगलागी सुरक्षा तालिम प्रदान गर्ने

सबै समिति/कार्यदलका सदस्यहरूलाई उनीहरूको नियुक्तीको समयमा आधारभूत अग्नि सुरक्षा तालिम उपलब्ध गराउनु पर्छ र पुनः ताजाकर्ताहरूद्वारा फलोअप गर्न आवश्यक छ। सबै सहभागी वा सञ्चालकहरूलाई आधारभूत आगलागी सुरक्षाको बारेमा आधारभूत बुझाइ महत्त्वपूर्ण हुन्छ । आधारभूत आगलागी सुरक्षा तालिममा स्वास्थ्य र सुरक्षा प्रोटोकलहरू, विभिन्न प्रकारका आगलागी र यसको न्यूनीकरण उपायहरू बारे जानकारी समावेश गरिनुपर्दछ।



यो ज्ञानले सदस्य/सहभागीहरू बीच राम्रो समझदारी बढाउन मद्दत गर्नेछ। अग्नी नियन्त्रण अभ्यासको सफलता मानिसहरूको क्षमता निर्माण र सुदृढ गर्न सक्षम हुनुमा निहित रहन्छ।

## छ) आगलागीबाट बच्न आपतकालीन स्थानान्तरण योजना निर्माण

विशेषज्ञ/व्यावसायीहरूसँगको परामर्शमा आगलागीबाट बच्ने र बाहिर निस्कनका लागि स्थानान्तरण मार्गहरू तयार गर्ने। यसका लागि प्रमुख रूपमा भवनको नक्सा कोरेर र त्यसमा रहेको प्रत्येक कोठाबाट दुईवटा बाटो पहिचान गरी नक्सांकन गर्नुपर्दछ। भवनमा रहेका सबै ढोका र झ्यालहरूमा र अत्यधिक




ज्वलनशील पदार्थहरू भण्डारण गरिएका स्थानहरू संकेत चिन्हहरू लगाउनुपर्दछ।।यसका साथै खुला ठाउँ पहिचान गर्ने र यसलाई योजनामा भेला हुने स्थान (assembly point) को रूपमा संकेत चिन्ह लगाउने। अग्नी नियन्त्रण केन्द्रहरू, प्रहरी, एम्बुलेन्स सेवाहरू, नजिकका अस्पतालहरू, र अन्य सान्दर्भिक व्यक्तिहरूको आपतकालीन फोन नम्बरहरू पनि सूचीबद्ध गरिराखे। आकस्मिक योजनामा स्थानान्तरण मार्गहरू र आगलागी सतर्कताहरू सहित अग्नि सुरक्षा उपकरणहरूको प्रवन्ध गर्ने। एकपटक स्थानान्तरण मार्गहरू निश्चित भएपछि, त्यहाँ रहेका सम्भावित जोखिम अवस्थाहरू र यसलाइ बढाउने तत्वहरू हटाउने। बाहिर निस्कने बाटोहरूमा जथाभावी ढल्ने गरी राखिएका क्याबिनेटहरू, फुटेका सिसा, लडेका रूखहरू, वा बिजुलीका तारहरू जस्ता अवरोधहरू हुन सक्छन्, सुरक्षित स्थानान्तरणमा यसले बाधा पुग्न सक्ने भएकाले यस्ता बस्तुहरूलाइ त्यहाँबाट हटाउनुपर्छ। सुरक्षित मार्ग सुनिश्चित गर्नका लागि स्थानान्तरण मार्गहरूलाइ दहनशील वा खतरनाक रसायन भण्डारणहरू रहेका क्षेत्रहरूबाट बचाउनु पर्छ।

## ज) परिदृश्यहरूमा आधारित अग्नी नियन्त्रण अभ्यासहरूको परिमार्जन

कृत्रिम अभ्यासहरू विभिन्न प्रतिकूल परिदृश्यहरूको कल्पना गरेर सञ्चालन गरिनुपर्छ, किनभने वास्तविक समय परिस्थिति अप्रत्याशित र अस्थिर हुन्छ। यहाँ दिइएको उदाहरण वास्तविक आपतकालीन समयको हो, स्थानान्तरण/ बाहिर निस्कने मार्गहरूमा बाधा वा अवरुद्ध हुन सक्छन्। फलस्वरूप बाहिर निस्कने मानिसहरू सहजै स्थानान्तरण मार्गलाई पछ्याएर बाहिर निस्कन नसक्ने अवस्था हुन सक्छ। कृत्रिम अभ्यासले यस्ता परिदृश्यहरूमा सबैभन्दा खराब अवस्थाको लागि मानिसहरूलाई राम्रोसँग तयार पार्न र मानिसहरूलाई वैकल्पिक मार्गहरू कल्पना गर्न बाध्य पार्ने परिकल्पना गर्नुपर्छ। यो प्रक्रियाले मानिसहरूलाई पूर्वनिर्धारित स्थानान्तरण मार्ग र वास्तविक आपतकालिन अवस्थामा वैकल्पिक मार्गहरू दुवै थाहा छ भनी सुनिश्चित गर्न मद्दत गर्दछ ।



## झ) स्थानान्तरण मार्गहरूको बारेमा सञ्चार

स्थानान्तरण मार्गहरू र भवनको स्थानान्तरण गरिसके पछिको नक्सा तयार भएपछि, पहिलो कृत्रिम अभ्यास गर्नु अघि भवनमा रहेका प्रत्येक व्यक्तिलाई यसको जानकारी गराई



वितरण गर्नुपर्छ। स्थानान्तरण मार्गहरू अवरुद्ध भएका खण्डमा मानिसहरूले आफ्नो नियमित मार्ग र वैकल्पिक मार्गहरू बुझेका छन् भनी सुनिश्चित गर्नुपर्दछ। सन्देशलाई राम्ररी बुझ्न नसक्ने व्यक्तिहरूको सुरक्षित बहिर्गमनका लागि वैकल्पिक स्थानान्तरण मार्गहरू सुनिश्चित गर्नुपर्दछ । कृत्रिम अभ्यासमा सरिक हुने मानिसहरूलाई अग्रिम रूपमा स्थानान्तरण मार्गको स्पष्टताले अभ्यासको समयमा प्रभावकारी रूपमा काम गर्न मद्दत गर्छ।

## ञ) "गर्नहुने" र "गर्न नहुने" तथा अन्य पालना गर्नुपर्ने नियमहरूको तर्जुमा

कृत्रिम अभ्यासका सबै सहभागीहरूले अभ्यासका चरणमा "गर्नहुने" र "गर्न नहुने" तथा अन्य पालना गर्नुपर्ने नियमहरू बुझ्न आवश्यक छ। उदाहरणको लागी, एक पटक फायर अलार्म बज्दा, भवनमा रहेका प्रत्येक व्यक्ति निर्धारित निकासी मार्ग प्रयोग गरेर बाहिर निस्कनु पर्छ। कुनै पनि गर्दागर्दैको अधूरो काम पूरा गर्न कसैले समय लिनु हुँदैन; सबैजना तुरुन्तै बाहिर जानुपर्छ।




स्थानान्तरणको क्रममा कसैले पनि ढिला गर्नु हुदैन, लिफ्ट वा एस्केलेटर प्रयोग गर्नु हुँदैन। सम्भावित भ्रमको सम्भावना हटाउनको लागि केही "गर्नहुने" र "गर्न नहुने" नियमहरू बनाएर मानिसहरूलाई जानकारी गराउनु पर्दछ। अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी विशेष प्रावधानहरू ( "गर्नहुने" र "गर्न नहुने" तथा अन्य पालना गर्नुपर्ने नियमहरू) तर्जुमा गर्ने।

## ट) मानिसहरूको अभिलेख अद्यावधिक गर्ने




अग्नी नियन्त्रण अभ्यास गर्दा भवनमा भएका मानिसहरूको सङ्ख्या राम्ररी अभिलेख गर्नुपर्दछ जसले भेला हुने स्थान (assembly point) मा रोल कल प्रभावकारी रूपमा गर्न सकिन्छ।

## ठ) स्थानान्तरण मार्ग खाली गर्ने



सबै प्रस्तावित स्थानान्तरण मार्गहरू सुरक्षित बहिर्गमनको लागि सहजीकरणको लागि खाली भएको कुरा सुनिश्चित गर्ने । किनकी वास्तविक आगलागीको समयमा भवन खाली गर्न र सुरक्षित भेला हुने स्थानमा पुग्नको लागि लाग्ने समय महत्त्वपूर्ण हुन्छ। समय पनि मानिसहरूले सुरक्षित भेला हुने स्थानमा पुग्नको लागी भवनहरूको तल्लाको संख्यामा निर्भर गर्दछ। यसरी स्थानान्तरण मार्गहरू सधैं अवरोध-मुक्त राख्न आवश्यक छ। अभ्यासको समयमा, यी तत्वहरू प्रदर्शन गर्न आवश्यक

## ड) नियमित आगलागी सुरक्षा जाँचको सुनिश्चितता

सबै सार्वजनिक भवनहरूमा नियमित अग्नि सुरक्षा जाँच गर्नु आवश्यक छ। सबै उपकरणहरू सञ्चालनको अवस्थामा राख्नु पर्छ र बहिर्गमन मार्गहरू र ढोकाहरू सधैं बाधारहित र स्पष्ट रूपमा संकेत चिन्ह



लगाइएको वा संकेत टाँसिएको हुनुपर्छ। भवनमा जडान गरिएको सतर्कता प्रणाली बारम्बार जाँच र परीक्षण गर्न आवश्यक छ। यी कार्यहरू वास्तविक आगलागीका समयको लागि तयारी र कृत्रिम अभ्यासको लागी धेरै महत्त्वपूर्ण छन्। उपकरणहरू काम नलाग्ने धेरै कारणले हुन सक्छन् त्यसैले अध्यावधिक गरिराखु आवश्यक छ। कृत्रिम अभ्यास गर्नु भन्दा अघि सबै कुरा क्रमबद्ध र सञ्चालित छ भनेर सुनिश्चित गर्ने ।

## ढ) धुवाँ सतर्कता प्रणाली परीक्षण

श्रवण अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयुक्त धुवाँको सतर्कता र यसका प्रणालीहरूले आगलागीका घटनाहरूमा सचेत गराउन महत्त्वपूर्ण भूमिका खेल्छन्। यी सामानहरूलाई प्रभावकारी रूपमा हरेक दिन नियमित रूपमा जाँच र मर्मत गर्न आवश्यक छ। आगलागी भएर धुवा निस्किएर सतर्कता घण्टी बज्दा भवनमा रहेका मानिसहरूलाई समयमै सचेत गराई सुरक्षित स्थानमा पुर्याउन सकिन्छ।



राम्रो कार्यसम्पादनको लागि प्रत्येक सीढीमा एउटा आयनाइजेसन र फोटोइलेक्ट्रिक (ionization and photoelectric alarms) जस्ता सतर्कता घण्टीहरू राम्रोसंग उपयुक्त स्थानहरूमा जडान गरिएका छन् भनी सुनिश्चित गर्ने । सबै धुवाँ सतर्कता घण्टीहरू एउटा बज्दा सबै एकैचोटि बज्ने गरी एकआपसमा जोडिएको हुनुपर्छ । यस्तो प्रणालीले मानिसहरूलाई आपतकालीन अवस्थामा आफ्नो सुरक्षाको लागि बहुमूल्य समय प्रदान गर्दछ।

## ण) सबै अग्रिम पूर्वतयारीको सुनिश्चितता

अग्नी नियन्त्रण अभ्यास र कुशल वास्तविक आगलागीको समयमा गरिने कार्यको सफलता अग्रिम पूर्वतयारीमा निर्भर हुन्छ। अभ्यासका चरणहरू घरको संख्या, लेआउट, त्यहाँ जटिलता र भवन परिसरको प्रकृति र भवनमा काम गर्ने व्यक्तिहरूको संख्यामा निर्भर गर्दछ। अग्नी नियन्त्रण अभ्यास र तालिमले मानिसहरूलाई छिटो, शान्त र सुरक्षित रूपमा प्रतिकार्य गर्नका लागि तयार पार्न मद्दत गर्छ।




अपाङ्गता भएका व्यक्तिहरू र जोखिममा रहेका समूहहरूका सवालहरूलाई पूर्वतयारी र स्थानान्तरण योजनाहरूमा समावेश गरिनुपर्छ, साथै अग्नी नियन्त्रण प्रमुख वा वार्डनहरूलाई प्रतिवेदन गरिएको वा भनिएको हुनुपर्छ। विगतमा भएका सिकाइहरूलाइ प्रयोग गरी डिजाइन गरेर नियमित अभ्यास गरियो भने मात्र अग्नी नियन्त्रण अभ्यासहरू प्रभावकारी हुन्छन् । अग्नी नियन्त्रण अभ्यासहरू धेरै महत्त्वपूर्ण हुन्छ जसमा प्रत्येक व्यक्तिले बहिर्गमनका लागि प्रयोग गर्ने आपतकालीन स्थानान्तरण मार्ग र भेला हुनका लागि निर्धारण गरिएको स्थान र सो स्थानमा भेला भएपछि मानिसहरूको रोल कल सञ्चालन गर्ने जिम्मेवार ब्यक्तिका बारेमा थाहा पाउनु जरूरी छ। विशेष गरी आपतकालीन अवस्थामा बालबालिका, अपाङ्गता (शारीरिक र मानसिक रूपमा) भएका व्यक्ति र ज्येष्ठ नागरिकको आवश्यकतामा ध्यान दिनु जरूरी छ ।

अपाङ्गता भएका व्यक्तिहरू जो अरूको सहायता बिना बाहिर निस्कन नसक्ने हुन सक्छन्, त्यसैले उनीहरूलाई स्थानान्तरणको क्रममा सहयोग गरिएको सुनिश्चित गर्न विशेष व्यवस्था गर्नु आवश्यक छ।।

### त) अभ्यास पूर्व आगलागी सुरक्षा उपकरणहरू प्रबन्ध

सुरक्षा उद्देश्यका लागि, आगलागी पत्ता लगाउने र चेतावनी प्रणाली जडान गरिएको हुनुपर्छ। भवनको आकार प्रकारका आधारमा विभिन्न किसिमका अग्नी नियन्त्रण उपकरणहरू र आगलागी पत्ता लगाउने यन्त्रहरू काम गर्ने अवस्थामा राख्नुपर्छ। मानिसहरूलाई तालिम दिनु पूर्व उपकरणहरू ठीकसँग जडान र परीक्षण गर्नु उत्तम हुन्छ। आगलागी सतर्कता प्रणालीहरूले काम गरिरहेका छन् र आगलागीका समयमा बहिर्गमनका लागि राखिएका संकेतहरू उपयुक्त ठाउँहरूमा छन् भन्ने कुरा नियमित जाँचहरू गरी सुनिश्चित गर्नुपर्दछ।



### थ) मुख्य सरोकारवालाहरूको भूमिका र जिम्मेवारीहरू निर्धारण र सामग्रीहरू व्यवस्थापन

(i) फायर सेफ्टी अफिसर, (ii) सेक्युरिटी (कोर फायर स्क्वाड), (iii) पर्यवेक्षक, (iv) सुरक्षा सहयोगी, र (v) कर्मचारीहरू जस्ता सम्बन्धित सरोकारवालाहरूको भूमिका र जिम्मेवारीहरू निर्धारण गरी सहभागीतामूलक तरिकाबाट भेला हुने स्थान (assembly point) मा प्रतिवेदन प्रस्तुत गर्न लगाइ उनीहरूलाई उपयुक्त सीप र ज्ञानले सुसज्जित पार्नुपर्दछ। अभ्यास र प्रदर्शनको उद्देश्यका लागि निम्नानुसारका आधारभूत सामग्रीहरू व्यवस्थापन गर्नुपर्दछ ।

- आगलागी भएको स्थानमा पानी, बालुवा वा माटो छ्याप्नका लागी भाँडो (फलामको कराई/ वा बाल्टीन)
- विभिन्न आकारका आगलागी निभाउने उपकरणहरू (Fire extinguishers)
- बाल्टिन (२० लिटर क्षमता)
- लाउड स्पिकर
- मानिसको भिड हटाउनका लागी टाँग्ने डोरी (Cautionary tape)
- प्रत्येक व्यक्तिको लागि हेलमेट, मास्क र ग्लोबहरू
- प्राथमिक उपचार किट कम्तिमा एक सेट
- कम्बल तथा तन्ना
- पाइप र रेगुलेटर सहित LPG सिलिन्डर
- पेट्रोल (५ लिटर)

### द) अग्नी नियन्त्रण कृत्रिम अभ्यास अगाडी पूर्वअभ्यास

अग्नी नियन्त्रण अभ्यास गर्नु अघि, कागजमा वा स्लाइड प्रस्तुतीकरण मार्फत प्रमुख टोली सदस्यहरू बीच पूर्वाभ्यासहरू गर्नु राम्रो हुन्छ। अग्नी नियन्त्रण प्रमुखले वार्डेनहरू र विषयगत कार्यदलहरूसँगको समन्वयमा अन्य मानिसहरूको स्पष्टता बढाउनको लागि चरणबद्ध प्रक्रियाहरू प्रस्तुत गर्न सक्छन्। प्रस्तुतीकरण पछि



छोटो प्रश्न-उत्तर सत्र राख्दा मानिसहरूमा रहेका भ्रमहरू हटाउन मद्दत गर्न सक्छ। अपाङ्गता भएका व्यक्तिहरूको लागि पनि विशेष प्रावधानहरू आवश्यक छन्।

### ध) "तटस्थ पर्यवेक्षक" नियुक्ति

तटस्थ वा मौन पर्यवेक्षकको रूपमा कार्य गर्न कुनै समिति वा कार्यदलमा आवद्ध नभएका केही व्यक्तिहरूको छनोट गर्नुहोस्। तिनीहरूको कार्यसर्त (त्यच्) हरू निर्धारण गर्नुपर्छ। तिनीहरूका केही मुख्य कार्यहरूमा (i) मानिसहरूको गतिशीलता (ढिलो/छिटो, हल्ला गरेर/शान्त), (ii) हिँड्दा सेल फोनको प्रयोग, (iii) सतर्कता घण्टी सुनेपछि पनि झोला समात्ने जस्ता असहयोगी व्यवहार गरिरहेका छन् की । , (iv) ढोका खोल्न अप्ठ्यारो वा चिप्ला भर्याङहरू जस्ता अपाङ्गता भएका व्यक्तिहरूका लागि कठिनाइहरू र (v) मानिसहरूले स्थानान्तरणका लागि निर्धारित बहिर्गमन ढोका प्रयोग गर्छन् कि गर्दैनन्।




## ५.२ अग्नी नियन्त्रण अभ्यासको समयमा

### क) योजना अनुसार अभ्यास सञ्चालन

स्थापना गरिएको धुवाँ सतर्कता घण्टी तान्नुहोस् (वा भवनमा धुवाँ सतर्कता घण्टी नभएको खण्डमा सबैलाई सतर्कता घण्टी कस्तो हुन्छ भनेर जानकारी दिन आफै सतर्कता घण्टी सिर्जना गर्ने। जलेको गन्धको अनुकरण गर्ने जसले गर्दा संकेत पनि स्पष्ट हुन्छ। त्यसपछि कागजमा वा स्लाइड प्रस्तुतीकरण द्वारा प्रस्तुती गरिएको प्रत्येक चरण पालना गर्नुपर्दछ।




### ख) कुनै काम गरिरहेको भए पूर्ण रूपमा रोक्ने

जब तपाईंले सतर्कता घण्टी सुन्नुहुन्छ वा धुवाँको गन्ध थाहा पाउनुहुन्छ, तपाईंले आफूले गरिरहनुभएको जुनसुकै काम भएपनि तुरून्तै काम रोक्नै पर्छ। कुनै पनि अधुरो काम पूरा गर्न र वरिपरी रहेका सामानहरू जम्मा गर्न तिर लाग्नु हुदैन। सतर्कता घण्टीलाई तुरुन्तै प्रतिकार्य गर्ने। कोठाबाट बाहिर निस्कने र स्थानान्तरण मार्ग हुँदै भेला हुने स्थानतर्फ अगाडि बढ्ने।ढोका खोल्नु अघि ढोका नजिकै आगलागी भएको छ छैन भनेर सुनिश्चित गर्नुपर्दछ। धुवाँको संकेतको लागि ढोकामा हेर्ने, त्यसपछि यसलाई थोरै खोलेर बाहिर हेर्ने। यदि आफुले लगाएको लुगामा आगो लागेमा, आगो ननिभेसम्म भुइँमा "रोकिने, लम्पसार हुने र शरिरलाइ घुमाउने" **("stop, drop and roll")**। अपाङ्गता भएका व्यक्तिहरूलाई रोक्न, छोड्न र रोल गर्न गाह्रो हुने भएकाले विशेष व्यवस्था गर्नु आवश्यक हुन्छ।



## ग) भवनबाट बाहिर जान शुरु गर्ने





नजिकै रहेको बाहिर जाने निकास खोज्ने र भवन खाली गर्न तोकिएको बाटो प्रयोग गरी भेला हुने स्थानतर्फ जाने। यदि नजिकको निकास कहाँ छ थाहा छैन भने, भवनबाट तल झर्दा बाहिर निस्कने संकेतहरू हेर्ने। यदि अन्य धेरै व्यक्तिहरूसँग कोठामा भए भने, सकेसम्म व्यवस्थित हुने प्रयास गर्ने। पङ्क्तिबद्ध भएर कोठाबाट बाहिर निस्कने। यस्तो अवस्थामा हानी हुनबाट जोगिन नआत्तिने र भागदौड नगर्ने, नदौडने। यदि सम्भव छ भने, अग्नी नियन्त्रण अभ्यास हुनु अघि नजिकैको आगलागी भएका बेला बाहिर निस्कने बाटोको बारेमा जानकारी राख्ने। विशेष गरी आफुले कामका लागि लामो समय बिताउने कोठा र नयाँ भवनमा भएका बेलामा स्थानान्तरण मार्ग जाँच गर्नु बुद्धिमतापुर्ण हुन्छ । उदाहरणका लागि, प्रत्येक होटलको कोठाको ढोकाको पछाडि आगलागी भइहालेमा बाहिर निस्कनका लागि स्थानान्तरण मार्ग कोरेर राख्नु वा टाँस्नु आवश्यक हुन्छ। कुनै पनि परिस्थितिमा आपतकालीन बहिर्गमनका लागि लिफ्ट प्रयोग गर्नु हुँदैन।

## घ) स्थानान्तरण मार्गमा हिड्ने




सतर्कता घण्टी बन्द भएपछि, स्थानान्तर मार्ग हुदै बाहिर निस्कनु पर्दछ। आफु वास्तवि रि जस्तै गरेर बाहिर जानु अघि प्रत्येक बन्द रहेका ढोकाहरू जाँच गर्नुपर्दछ। वास्तविक आगलागीका समयमा, ढोकाहरू कति ताता छन् भनेर थाहा पाउनका लागि परीक्षण गर्नुपर्छ। ढोका मुनिबाट धुवाँ निस्किरहेको छ की छैन हेर्ने, र ढोका तातेको छ कि छैन भनेर थाहा पाउन ढोकाको छेउमा हातमा राखेर परीक्षण गर्ने। यी कुनै पनि संकेतहरू छैनन् भने, ढोकाको ह्यान्डललाई खोल्नु अगाडि तातेको छ कि छैन थाहा पाउन हल्का रूपमा छुने र तातो नभए मात्र खाली हातले समातेर ढोका खोल्ने। यदि वास्तविक आगलागीका समयमा भए यस्ता कुनै पनि संकेतहरू फेला पर्यो भने, तुरून्तै अर्को मार्गमा जानुपर्छ। यदि ढोकाको ह्याण्डल चिसो छ भने, थोरै ढोका खोलेर बाहिर निस्कन सुरक्षित हुन्छ। यदि धुवाँ छैन भने, ढोकाबाट भेला हुने स्थानतर्फ सुरक्षित रूपमा बाहिर जाने। यदि ढोका वरिपरिको ठाउँ तातो महसुस भयो भने ढोका पछाडि आगलागी भएको हुन सक्छ। यदि सकिन्छ भने यस्तो अवस्थामा अर्को बाटो रोज्नु उपयुक्त हुन्छ। अन्यथा, आफ्नो हातमा कपडा बेरेर ढोका खोल्नु पर्छ र धुवाँ माथी उठ्ने भएकाले, "तल निहुरेर बाहिर जाने" सिद्धान्त अपनाउने। यस्तो अवस्थामा, तल निहुरिनु पर्छ वा हात घुँडा नजिकैको भागमा राखेर बाहिर निस्कनु पर्छ यसो गर्दा हावामा धुवाँ कम हुन्छ र भुइँको नजिक सास फेर्न सजिलो हुन्छ। बालबालिकाहरू, जेष्ठ नागरिकहरू र दिर्घरोगीहरू प्रायः सतर्कता घण्टीको आवाज आएपनि सुतिरहन्छन, उनीहरूलाई वास्तविक आगलागीको आपतकालमा सुरक्षित स्थानमा पुग्न अरूको सहयोग चाहिन्छ। यस्तो अवस्थामा, आवश्यक पर्ने परिवारका प्रत्येक सदस्यलाई मद्दत गर्न सोही घरमा रहेका युवाहरूलाइ लगाउनु होस् (यो विशेष गरी निजी घरहरूमा गरिने अभ्यासको लागि लागू हुन्छ)।




### ङ) धैर्य र शान्त भएर बस्ने

आगलागीको सतर्कता घण्टी सुन्दा नडराउनुहोस्। अग्नी नियन्त्रण अभ्यास सुरु हुँदा मात्र होइन अभ्यासको पुर्ण अवधीभर धैर्य र शान्त हुनु महत्त्वपूर्ण हुन्छ । अभ्यासमा संलग्न सबैजना धैर्य र शान्त भएर हिड्नु पर्छ र दौडिन हुदैन किनकि दौडदा मानिसहरू एकअर्कामा ठोक्किन वा लड्न सक्छन । साथै बहिर्गमन मार्ग धेरै भीडभाड भयो भने बाहिर निस्कन अप्ठ्यारो हुन्छ । दौडले अराजकता निम्त्याउँछ। धेरै दौडने क्रममा अरूसंग ठोक्किने सम्भावना बढी हुन्छ, यदि मानिसहरूले एकअर्कालाई धकाल्यो र ठोक्कियो भने सबैलाई बाहिर निस्कन धेरै समय लाग्छ। यदि आगलागी वास्तविक रूपमा तपाईको छेउमा छ भने तपाई मात्र दौडनु पर्छ। यसका साथै धैर्य र शान्त रहँदा त्यहाँ भएका मानिसहरूले अग्नी नियन्त्रण प्रमुख र वार्डनका निर्देशनहरू सजिलै सुन्न सक्छन। उदाहरणका लागि, यदि अग्नी नियन्त्रण वार्डनले सबैलाई फरक बाटो लिन भन्यो भने, उनीहरूले त्यो निर्देशन पालना गर्नुपर्छ। बहिर्गमनका समयमा कसैलाइ पनि नधकेल्नुहोस्, नदौड्नुहोस्, कसैसंग पनि कुरा गर्नुहोस् र पछाडि फर्किएर आगलागी भएको ठाउँमा नजानुहोस्।

### च) प्रत्येक अभ्यासलाई वास्तविक आगलागीको जस्तै व्यवहार गर्ने



यद्यपि आगलागीको अभ्यास, अभ्यासको लागि मात्र हो भन्ने सोचे तापनि यस अवधिमा वास्तविक आगलागी भएको जस्तै व्यवहार गर्नुपर्छ। अभ्यासलाई गम्भीरतापूर्वक लिनु पर्छ ताकि यसमा संलग्न सबैले उचित प्रक्रिया सिक्न सकियोस। जसले गर्दा वास्तविक आगलागी हुदा नआत्तिकन यसको व्यवस्थापन गर्न सक्षम बनाउछ। यदि अभ्यास तालिका अनुसार गरिएको र वास्तविक आपतकालको कारण अरू नै केहि हुन सक्छ भन्ने सोचियो भने वास्तवमा, यो असम्भव जस्तै हुन्छ ।

### छ) ढोका बन्द गर्ने र बत्ति बालेर छोड्ने



यदि तपाईं कोठामा बाहिर निस्कने अन्तिम व्यक्ति हुनुहुन्छ भने, बाहिर निस्कदा ढोका लक नगरी बन्द गर्दै निस्कनुहोस्। यसरी ढोका बन्द गर्दै बाहिर निस्कदा आगलागी कम फैलिन्छ किनकि त्यहाँ आगलागी फैलिनका लागि प्रयाप्त अक्सिजन हुदैन। ढोका बन्द गर्दा अन्य कोठाहरूमा प्रवेश गर्न सक्ने धुवाँ र तातोको मात्रा पनि कम हुन्छ। कोठाबाट बाहिर निस्कँदा बत्तीहरू बन्द नगर्नुहोस्। बत्तिको उज्यालोले अग्नि नियन्त्रकहरूलाई राम्रोसँग कोठाको अवस्था देख्न मद्दत गर्छ। बिद्युतीय आगलागीबाट अग्नि नियन्त्रकहरूलाई घाइते हुनबाट जोगाउन बत्तीहरू बालेर छोड्नुपर्दछ।

### छ) सीढीहरूको बाटो प्रयोग गर्ने

अग्नी नियन्त्रण अभ्यासको समयमा निर्दिष्ट मार्गहरू प्रयोग गर्नुहोस्। लिफ्ट प्रयोग नगर्नुहोस्; यसको सट्टा,



सीढीहरू प्रयोग गर्नुहोस्। वास्तविक आगलागीको समयमा, अग्नी नियन्त्रकहरूले आगलागी निभाउनका लागि लिफ्टहरू प्रयोग गर्छन्। साथै, आगलागी हुँदा लिफ्ट खतरनाक हुन सक्छ। यसका साथै सीढीहरू सामान्यतया दबाबमा हुन्छन् र त्यहाँ क्षेत्रहरूमा भन्दा कम धुवाँ फैलिएको हुन्छ। सुरक्षाका लागि सबैजना पालैपालो एउटा खुडकिलामा एकलाइनमा भिड नगरी सीढीहरूबाट ओर्लनुपर्छ। सीढीहरू फराकिला छन् भने सीढीको दुबै छेउबाट दुई लाइनमा ओर्लनका लागि पनि अनुमति दिनुपर्छ। अपाङ्गता भएका व्यक्तिहरूलाइ सिँढीबाट ओर्लन गार्हो हुने भएकाले तिनीहरूका लागि विशेष वैकल्पिक व्यवस्था गर्न आवश्यक हुन्छ।

## ज) धुवाँका संकेतहरू हेर्ने




कहिलेकाहीं, अभ्यास सञ्चालन गर्ने मानिसहरूले वास्तविक आगलागीमा के हुन्छ भनेर कृत्रिम अभ्यास गर्न निश्चित भवनका बाटाहरूमा धुवाँका संकेत चिन्हहरू राख्छन्। यदि त्यहाँ धुवाँको संकेत चिन्ह छ भने, यस्ता भवनबाट बाहिर जानका लागि वैकल्पिक मार्ग खोज्नु राम्रो हुन्छ। यदि बाहिर जाने एउटा मात्र बाटो हो भने अभ्यासमा भाग लिने सबैले सकेसम्म जमिनमा झुकेर घिस्रने अभ्यास गर्नुपर्छ। धुवाँ माथी उड्दै जाने भएकाले जमिनको सतहमा तल निहुँरिदा सास फेर्न सजिलो हुन्छ।

## झ) फुटपाथ खाली गर्ने

अग्नी नियन्त्रकहरूलाइ काम गर्नको लागि फुटपाथ खाली राखिएको सुनिश्चितता गर्ने। यदि फुटपाथको



वरपर धेरै मानिसहरू भीड भयो भने, अग्नी नियन्त्रकहरू त्यहाँ जान सक्दैनन्। सम्बन्धित निकाय वा व्यक्तिले दिएको निर्देशन मानिसहरूले सुनेका छन भन्ने कुरामा निश्चित गर्नुहोस। अग्नी नियन्त्रण प्रमुखले सबैजनालाइ सकेसम्म छिटो भेला हुने स्थानमा पुग्न निर्देशन गर्दछन र सबै मानिसको हाजिरी गरेर गणना गर्छन। त्यसैले निर्देशनहरू सुन्नका लागि सबै शान्त रहनु महत्त्वपूर्ण हुन्छ।





## ञ) सबै खाली भएको स्पष्ट संकेतको लागि पर्खने


आगलागीको सतर्कता घण्टी बन्द भयो भनेर भवनमा पुनः प्रवेश गर्न सकिन्छ भन्ने अनुमान गर्नुहुदैन। अग्नी नियन्त्रण प्रमुख वा वार्डनले भित्र फर्कन सुरक्षित छ नभनेसम्म पर्खनुपर्छ। एकचोटि भवनमा फर्किन सुरक्षित भएको सन्देश सुनेपछि सामान्य गतिविधिहरू पुनः सुरु गर्न सकिन्छ।

## ट) बाहिर निस्कने झ्याल वा अन्य बाटो खोज्ने

यदि बन्द कोठामा आगलागी द्रुत रूपमा फैलिरहेको छ भने, झ्याल वा बाहिर निस्कने अन्य बाटोहरू खोज्ने प्रयास गर्नुपर्छ। यदि आवश्यक पर्यो भने, झ्याल तोड्ने र घिस्रेर बाहिर जानु अघि फुटेका सिसाका



टुक्राहरू र काट्न सक्ने किनारहरू पन्छाउने। यदि भाग्ने बाटो फेला पार्न सकिएन भने, सकेसम्म ठुलो स्वरमा चिच्याउने। यदि कोठामा वैकल्पिक ढोका छ भने, कोठाको अर्को छेउमा आगलागी भएको छ कि छैन भनेर जाँच गरेपछि मात्र त्यहाँबाट अगाडि बढ्नुपर्छ। यदि कोठा भित्र थुनिएको अवस्था छ भने, झ्याल खोल्ने र मद्दतको लागि चिच्याउन थाल्ने। ठुलो चिच्याहट वा भवनभित्र संकेतका लागि राखिएका बत्तिहरू वा वा ऐनाले अग्नी नियन्त्रकको ध्यान आकर्षित गर्नेछ।



## ठ) सुरक्षित दूरीमा जाने


यदि भवनमा साँच्चै आगलागी भएको छ भने, भवन अन्ततः भत्किन सक्छ। तसर्थ, अभ्यासको समयमा पनि  कुनै किसिमको खतरा नहोस भनेर भवन भन्दा टाढा सुरक्षित दूरीमा जानुपर्छ।

## ड) अवलोकन गर्ने, समय र अभ्यास प्रक्रियाको अभिलेख गर्ने

अग्नी नियन्त्रण अभ्यासहरू कहिलेकाहीं हुन्छन्, त्यसैले यो प्रक्रियालाई सावधानीपूर्वक अवलोकन गर्नु



महत्त्वपूर्ण हुन्छ ताकि सहभागीहरू यसको राम्रो पक्षहरू मूल्याङ्कन गर्न सक्छन र आवश्यक सुधारका क्षेत्रहरू पहिचान गर्छन। त्यस्ता अवलोकनहरूले सिकाइको रूपमा सेवा गर्दछ जसले भविष्यमा गरिने अभ्यासका लागि डिजाइनहरू निर्माणमा प्रभावकारिता बढाउन सक्छ। भवन खाली गर्न र सबैजनालाई सुरक्षित स्थानमा भेला हुनको लागि लागेको समयको अभिलेख गर्नुपर्छ। विभिन्न व्यक्तिहरू कति चाँडो बाहिर निस्कन र सुरक्षित स्थानमा भेला हुन सक्षम भए त्यसको ट्र्याक गर्ने प्रयास गर्नुपर्छ। यदि सुरक्षित स्थानान्तरणको प्रक्रियाले धेरै लामो समय लियो भने,  यस प्रक्रियाको गति बढाउने तरिकाहरूको खोजी गर्ने र एकै समयमा हतार गर्न अझै पनि निरुत्साहित गर्ने ताकि ती कुराहरूलाई अर्को अभ्यासमा प्रयोग गर्न सकिन्छ। सहभागीहरूबाट प्राप्त प्रतिक्रियालाइ एकत्रित गरियो भने सम्भवतः यसले उपयोगी मार्गदर्शन प्रदान गर्नेछ। आगलागी सुरक्षा प्रक्रियाहरूमा समावेश गर्न र भएका सिकाइहरूलाइ भावी अभ्यासमा लागू गर्न सबै अग्नी नियन्त्रण अभ्यासहरू र त्यसमा संलग्न व्यक्तिहरूको अभिलेखीकरण गर्नु राम्रो हुन्छ। अभिलेखहरूले, परिवर्तन आवश्यक छ र अरूको लागि ज्ञान उत्पादनको प्रमाणको रूपमा काम गर्दछ, भन्ने कुरा दर्साउछ।



## ढ) उपस्थिती जनाउने

एक पटक सबैजना सुरक्षित स्थानमा पुगेपछि,  प्रमुख वा वार्डनले निर्देशन दिए अनुसार उपस्थिती जनाउनका लागि मानिसहरू पंक्तिबद्ध भएर बस्नु पर्छ। भेला हुने स्थानमा, आगलागी भएको भवनमा

अझैपनि कोही छन् वा छैनन् भनी निर्धारण गर्न उपस्थिती उठाउनु वा जनाउनुपर्छ। उपस्थिती लिँदा यदि कोही हराइरहेको छ भने, जिम्मेवार व्यक्ति/कार्यदलका सदस्यहरूले उसको अनुपस्थितिको कारण पत्ता लगाउनु महत्त्वपूर्ण हुन्छ, जसमा सतर्कता घण्टी सुन्न नसक्ने, आत्तिने वा हराएको व्यक्ति हुन सक्छ। अग्नी नियन्त्रण प्रमुखले यी कारणहरूको टिपोट गर्नुपर्दछ र जतिसक्दो चाँडो अन्तर्निहित समस्याहरू समाधान गर्नुपर्दछ। उपस्थिती लिइएको बेला, तोकिएको अग्नि नियन्त्रण प्रमुख वा वार्डनले स्थानीय अग्नि नियन्त्रण केन्द्रहरूलाई खबर गर्नुपर्छ। उनीहरूलाई आगलागी भएको ठाउँको सही ठेगाना (सडक, घर नम्बर र सम्पर्क टेलिफोन नम्बर) र आगलागीको स्रोत तथा प्रकृतिका बारेमा जानकारी गराउनुपर्छ। एकपटक बाहिर निस्किसकेपछि जलिरहेको भवनभित्र कोही पनि कुनै कारणले भित्र पस्नु हुँदैन। प्राविधिक सीप भएका प्रशिक्षित अग्नि नियन्त्रकहरू मात्र जलिरहेको भवनभित्र जानुपर्छ।


## ण) सबैलाई धन्यवाद दिने

यदि अभ्यास योजना अनुसार सम्पादन हुन सकेन भने पनि चिन्ता गर्नुहुदैन। सिकाइको रूपमा सुधार गर्ने




क्षेत्रहरू सधैं रहिरहन्छन। अर्को पटकको लागि अभ्यास डिजाइन गर्दा अघिल्लो पटकको सिकाइ प्रयोग गर्नुपर्छ। अग्नी नियन्त्रण अभ्यास प्रमुखले सक्रिय सहभागिताको लागि भाग लिने सबैलाई धन्यवाद दिनुपर्दछ। यदि सम्भव छ भने, ढोका तातेको महसुस भएको, थोरै ढोका खोलेर हेर्दा भवनबाट बाहिर निस्कने बाटोमा धुवाँ भरिएको जस्ता घटनाहरूको परिदृष्य अनुरूप अभ्यास दोहोर्याउनुपर्छ। स्थानान्तरण योजनाहरू सबैले देख्ने स्थानहरूमा टाँसेर राख्नुपर्छ। सुरक्षा उद्देश्यका लागि आगन्तुकहरू र पाहुनाहरूलाइ पनि स्थानान्तरण योजना जानकारी गराउनुपर्छ। आगलागी स्थानान्तरण योजनाको अभ्यासले जीवन बचाउन सकिन्छ, यद्यपि केही व्यक्तिहरूले अभ्यासलाई कसै-कसैले अभ्यासलाई जति गम्भिरताका साथ लिदैंनन्। अग्नी नियन्त्रण अभ्यासको समयमा उनीहरूको पूर्वतयारी र दक्षता सुधार गर्न त्यस्ता व्यक्तिहरूलाई उत्प्रेरित गर्न थप प्रयास गर्नुपर्दछ। सफल अग्नी नियन्त्रण अभ्यासको अनुकरण गर्दै (कुनै "क्षति नभएको" र जसमा बहिर्गमन कार्य लक्षित समय पुरा भएको) राम्रा कामहरूको लागि धन्यवाद प्रदान गर्नुपर्दछ।

## त) आगलागी निभाउने उपकरण (fire extinguisher) प्रयोग गर्ने चरणहरू:




### चरण १: आगलागीको प्रकार वा वर्गीकरण पहिचान गर्ने

आगलागी विशेषज्ञहरूले पाँच-अक्षर नामकरण प्रणाली प्रयोग गरी विभिन्न प्रकारका आगलागीहरू पहिचान गरेका छन् : टाइप A, टाइप B, टाइप C, टाइप D, र टाइप K (तालिका 1 मा विवरणहरू दिइएको छ)। आगलागी निभाउने उपकरणको प्रकार जलिरहेको बस्तु र आगलागीको प्रकारमा निर्भर गर्दछ।

**बाकस ४: अग्नी नियन्त्रण अभ्यास पश्चात आगलागी सुरक्षा रूजुसूची**

- के भवन र त्यसको परिसरवरपर आगलागी सतर्कता घण्टी सुनिएको थियो
- के अग्नी नियन्त्रण प्रमुख र वार्डनले योजनामा निर्दिष्ट गरिएका आफ्नो जिम्मेवारी पूरा गरे
- के स्थानान्तर मार्गहरू प्रयोग गर्ने मानिसहरूको सङ्ख्याका लागि प्रयास छन्
- मानिसहरूले कस्तो प्रतिक्रिया देखाए
- के कसैलाई आफ्नो विशिष्ट स्वास्थ्य अपाङ्गता भएका व्यक्ति वा अन्य समस्याहरूको कारणलेविशेष सहायता चाहियो

आगलागीलाई सफलतापूर्वक निभाउनका लागि, सही प्रकारको निभाउने यन्त्र प्रयोग गर्नुपर्छ। फायर बल पनि प्रयोग गर्न सकिन्छ।

**तालिका १: आगलागी र निभाउने साधनहरूको प्रकार**

| Type | आगलागीमा संलग्न बस्तु वा पदार्थ |
|---|---|
| **Type A** | काठ, कागज, कपडा, रबर, र धेरै प्रकारका प्लास्टिक। |
| **Type B** | ज्वलनशील तरल पदार्थ र ग्याँसहरू, gasoline, solvents, propane, and paint हरू सहित। |
| **Type C** | फ्युज बक्सहरू, तारहरू, नियन्त्रण प्यानलहरू, कम्प्युटरहरू, फोटोकपीहरू, मेशिनहरू, र उपकरणहरू (बिजुलीमा प्लग गरिएका कुनै पनि चीजहरू) सहित ऊर्जावान विद्युतीय उपकरणहरू। |
| **Type D** | बल्ने पाउडरहरू, फिजहरू, वा म्याग्नेसियम, टाइटेनियम, पोटासियम, र सोडियम जस्ता धातुहरूको फ्लेक्स सहित धातुहरू। |
| **Type K** | खाना पकाउने तेल र बोसो प्रायः व्यावसायिक भान्सामा प्रयोग गरिन्छ। |

## चरण २ : सही प्रकारको आगलागी निभाउने उपकरण प्राप्त गर्ने

एकचोटि आगलागीको प्रकार थाहा पाएपछि, आगलागी निभाउन उपयुक्त प्रकारको आगलागी निभाउने





उपकरण (fire extinguisher) छ कि छैन भनेर जाँच गर्नुपर्दछ। आगलागी निभाउने यन्त्रमा रहेको लेबलले तपाईंलाई कस्तो प्रकारको आगलागी (वा आगलागीको वर्ग) निभाउने यन्त्र हो र यसले सुरक्षित रूपमा निभाउन सक्छ भनी बताउनेछ। "A" लेबल भएको आगलागी निभाउने उपकरणले टाइप A आगलागी निभाउन सक्छ र यस्तै अन्य प्रकारले पनि कार्य गर्छन।




## चरण ३: आगो निभाउने उपकरण प्रयोग गर्नको लागि PASS विधि

आगलागीको प्रकार थाहा पाएर उपयुक्त आगो निभाउने उपकरण छनोट गरेपछि, आगलागी निभाउनको लागि उक्त उपकरण प्रयोग गर्नुपर्छ। कसरी आगो निभाउने उपकरण प्रयोग गर्ने भन्ने बारेमा सबैलाई थाहा हुदैन त्यसैले ती उपकरणहरूको प्रयोग गरी आगो निभाउने कार्य दक्ष र अनुभवीहरूले मात्र गर्नुपर्छ। तथापि, संकटमा कसैलाई जानकारी नभएता पनि, सरल चार-चरण विधि PASS अपनाएर आगो निभाउने उपकरणलाई सही रूपमा प्रयोग गर्न सकिन्छ। तल देखाइए अनुसार, यसलाई "PASS" को संक्षिप्त शब्दका रूपमा सम्झन सकिन्छ।




### P- PULL the pin (पिन तान्ने)

धेरै आगो निभाउने उपकरणहरूमा चित्रमा देखाइएको जस्तै फायर एक्सटिङ्गुइसरको माथिल्लो भागमा ह्यान्डलको नजिक एउटा पिन हुन्छ। त्यो पिन तानेर सुरुवात गर्नुपर्दछ। कतिपय अवस्थामा, पिनको सट्टा, लक राखिएको हुन्छ जसलाइ छुटाउनको लागि त्यसको लिभर थिच्नुपर्दछ। यी चरणहरू फरक हुन सक्ने हुनाले, आगलागी हुनु अघि कार्यस्थल वा घरमा आगो निभाउने साधनहरू कसरी चलाउने जान्नुपर्दछ।

### A- A-AIM the nozzle, horn, or hose) (नोजल, हर्न वा नलीले आगलागी भएको स्थानमा ताक्ने)

आगो निभाउने यन्त्रको नोजल, हर्न वा नलीलाई आगलागी शुरूवात भएको बिन्दुमा ताक्ने (यसको अर्थ जलिरहेको सामानको तल्लो भाग)। यस कार्यमा हुने सामान्य गल्ती भनेको आगलागी शुरू भएको बिन्दुमा लक्ष्य नगरेर आगोको ज्वालालाइ लक्षित गर्नु हो, जसले आगो निभाउँदैन।




### S-SQUEEZE the handle (आगो निभाउने यन्त्रको ह्यान्डललाइ थिच्ने)




आगलागी निभाउने यन्त्रको ह्यान्डल निचोड्नुहोस्। यसले आगलागी निभाउने उपकरणले काम गर्न थाल्छ।

### S-SWEEP from side to side at the base of the fire (आगो शुरूवात भएको बिन्दुबाट एक छेउदेखि अर्को छेउसम्म बढार्ने)




आगो शुरूवात भएको बिन्दुमा एक छेउबाट अर्को छेउसम्म आगलागीको आधार भ्याउने गरी कुचोले बढारेको जस्तै गरी बढार्ने । यो कामलाइ व्यापक गतिमा सञ्चालन गर्नुपर्दछ।आगो पुर्ण रूपमा ननिभेसम्म यस कार्यलाइ जारी राख्नुपर्दछ। आगो निभेको जस्तो देखिएपछि, आगलागी फेरि निस्केको खण्डमा त्यस क्षेत्रलाई लक्षित गर्ने, र आवश्यक भएमा निभाउने उपकरणको प्रयोग दोहोर्याउनु पर्दछ।

### थ) राम्रोसँग भण्डारण गरिएको प्राथमिक उपचार किट उपलब्ध छ सुनिश्चित गर्ने

राम्रोसंग भण्डारण गरिएको प्राथमिक उपचार किटको उपलब्धता उपयोगी हुन्छ । आगलागीको आपतकालिन अवस्थाको लागि तयारी रहन, प्राथमिक उपचार किट तयार राख्नुपर्छ। किट तयार गर्दा, औषधि, आपतकालीन फोन नम्बरहरू, र अन्य सामानहरू सहित आवश्यक सबै सामानहरू छन् भनी सुनिश्चित गर्नुपर्दछ यसका लागि स्स्वास्थ्य सेवा प्रदायकले सुझाव दिन सक्छन्। नियमित रूपमा किटमा


मिति सकिएको र प्रयोग भएको आधारमा सामान राख्नुपर्दछ। टर्चलाइट र ब्याट्रीले काम गरिरहेको छ भन्ने निश्चित गर्ने। राखिएका सामानहरूको म्याद सकिने मितिहरू जाँच गरेर र प्रयोग गरिएको आधारमा वा पुरानो सामग्रीहरू थप्नु वा बदल्नुपर्दछ। अमेरिकी रेडक्रसले दिएको सुझाव अनुसार चार जनाको परिवारको लागि आवस्यक प्राथमिक उपचार किटमा तालिका २ मा देखाइएका सूचीका सामग्रीहरूको समावेश गर्नुपर्छ।

| **तालिका २: प्राथमिक उपचार किटमा भएका सामग्रीहरूको सूची** | |
|---|---|
| • absorbent compress ड्रेसिङ (५ x ९ इन्च) २ थान<br>• टाँस्ने ब्यान्डेजहरू(विभिन्न आकारका) २५ थान<br>• टाँसिने कपडाको टेप (१०-यार्ड x १ इन्च) १ थान<br>• एन्टिबायोटिक मलम प्याकेट (लगभग । ग्राम) ५ थान<br>• एन्टिसेप्टिक वाइप प्याकेट ५ थान<br>• एस्पिरिन प्याकेट (८१ mg) २ थान<br>• कम्बल (स्पेस कम्बल) १ थान<br>• breathing barrier (एकतर्फी भल्भ भएको) १ थान<br>• instant cold compress १ थान<br>• non-latex gloves (आकारः ठूलो) २ जोडी | • २ **hydrocortisone** मलम प्याकेट (लगभग १ ग्राम प्रत्येक)<br>• कैंची<br>• रोलर ब्यान्डेज (३ इन्च चौडा) १ थान<br>• रोलर ब्यान्डेज (४ इन्च चौडा) १ थान<br>• sterile गज प्याड (३ x ३ इन्च) ५ थान<br>• sterile गज प्याड (४ x ४ इन्च) ५थान<br>• ओरल थर्मोमिटर (गैर-पारा/गैर-ग्लास)<br>• त्रिकोण पट्टीहरू २ थान<br>• चिमटी<br>• प्राथमिक उपचार निर्देशन पुस्तिका<br>• अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त अन्य किटहरू |

## ५.३ अग्नी नियन्त्रण अभ्यास पछि

### क) अग्नी नियन्त्रण अभ्यास मूल्याङ्कन

सुरक्षित स्थानमा भेला भएर हाजिरी सकिए पछि, तटस्थ पर्यवेक्षकहरूले समग्र सवल र सुधारका लागि आवश्यक क्षेत्रहरू छलफल गर्न अभ्यासमा संलग्न सबैको उपस्थितिमा दिन भरी गरिएको कार्य समीक्षाका लागि सत्र सञ्चालन गर्नुपर्छ। पर्यवेक्षकले टिपोटको मस्यौदा बनाउनु पर्छ जसले अभ्यासका चरणमा पूर्ण रूपमा राम्रा कामहरू र ठिकै मात्र भएको कामहरू समेटेको हुनुपर्दछ। प्रत्येक अभ्यास पछि, मुख्य कार्य भनेको राम्रा पक्षहरू (सफलताका कारकहरू) र सुधारका क्षेत्रहरू (सिकाइ) पहिचान गर्नु हो जुन भविष्यका लागि गरिने डिजाइनहरूमा समावेश गर्न सकिन्छ।



**मूल्याङ्कनका प्रश्नहरू निम्न सेटमा आधारित हुनुपर्छ।**

- स्थानान्तरण योजनामा निर्दिष्ट भए अनुसार आगलागी सतर्कता घण्टी ठीकसँग सक्रिय भयो?

- के भवन वा भवन परिसरमा भएका सबैले ड्रम बजाएको वा फ्ल्यासलाइटको धुवाँ सतर्कता घण्टी सुने?
- के कुनै आवाज वा अन्य प्रकारको प्रयोग गरिएका सञ्चार प्रणाली (उदाहरणका लागि, ह्यान्ड माइक) र निर्देशनहरू सबैले सुन्न सकिने थियो?
- के मानिसहरूले कोठाबाट बाहिर जानु अघि ढोका र झ्यालहरू बन्द गरेका थिए?
- के योजना अनुसार उपकरणहरू ठीकसँग बन्द गरिएको थियो?
- के सबैले अभ्यासमा भाग लिएका थिए?
- के मानिसहरूले आ-आफ्ना आपतकालीन कर्तव्यहरू ठीकसँग पूरा गरे?
- के मानिसहरूले तोकिएको स्थानान्तरण मार्गहरू अनुसरण गरे?
- अभ्यास गर्नुअघि कोरिडोर र सिँढीहरू खाली गरी अवरोधहरू हटाइएका थिए?
- बाहिर निस्कने क्रममा अरूको सहयोग चाहिने मानिसहरूले त्यो सहायता प्राप्त गरे?
- भवन खाली गरेपछि के मानिसहरू सिधै भेला हुने स्थानमा गएका थिए?
- वास्तवमा अभ्यास कति चाँडो गरियो?
- के सबै मानिसहरू अनुमानित समय सीमा भित्र बाहिर निस्किए?
- भवनबाट बाहिर निस्किएपछि कहाँ भेला हुने सबैलाई थाहा थियो?
- के अग्नी नियन्त्रण वार्डनहरूले स्थानान्तरका समयमा मानिसहरूलाई गरेका मार्गदर्शन प्रभावकारी थिए?
- के अभ्यास प्रमुख वा हाजिरीको लागि जिम्मेवार वार्डनहरूले त्यो कार्य कुशलतापूर्वक पूरा गरे?
- के विशेष मार्गहरूमा कुनै कठिनाइहरू थिए?
- उपयुक्त वैकल्पिक मार्गहरू उपलब्ध थिए?
- सतर्कता घण्टी, स्प्रिंकलर, फायर डोर, र आगलागी निभाउने उपकरणहरू लगायत सबै उपकरणहरूले प्रभावकारी रूपमा काम गरे?

## ख) सामान्य प्रक्रियाहरू पुनः सुचारू गर्ने कार्यहरू

मूल्याङ्कन पश्चात आगलागी सतर्कता प्रणालि सामान्य रूपमा सञ्चालनको अवस्थामा रहेको (काल्पनिक) आगो पुर्ण रूपमा निभाइएको छ (काल्पनिक), र आगलागी भएको क्षेत्र सफा गरिएको छ भन्ने सुनिश्चित



गर्नुपर्दछ । त्यसपछि घोषणा गरेर भवनमा पुनः प्रवेश गर्न सक्ने सन्देश सबैलाई दिनुपर्दछ । अग्नी नियन्त्रण अभ्यासको क्रममा कुनै पनि सवाल उत्पन्न भयो भने पुनः मूल्याङ्कन गर्ने र थप प्रक्रियाका लागि वरिष्ठ व्यवस्थापनसँग छलफल गर्नुपर्दछ। अग्नी नियन्त्रण अभ्यास कार्यको प्रतिवेदन तयार गर्ने र निरन्तर सुधार सुनिश्चित गर्नका लागि उत्पन्न भएका सबै सवालहरूलाई सम्बोधन गर्ने भविष्यको आगलागी सुरक्षा योजना तयार गर्नुपर्दछ ।

# सन्दर्भ सामग्री


CDRMP. 2021. Documentation of 11 fire case studies. United Nations Development Programme. Report by Dhruba Gautam.

Competency Framework for Fire Safety Regulators. National Fire Chiefs Council.

Fire Hazard and Risk Analysis in the Country for Revamping the Fire Services in the Country. November 2012. Risk Modeling and Insurance

Fire Safety Handbook. A guide for providers and staff of designated centers January 2021. Health Information and Quality Authority.

Fire and Rescue National Framework for England. May 2018

Guidelines for conducting Earthquake and Fire Mock Drills in Schools / Educational Institutions. Disaster Management Cell Department of Revenue, H.P. Secretariat, Shimla. Compiled under the GoI-UNDP DRR Program (2009-2012)

Gautam, Dhruba; Jnavaly, Shyam; Ghimire, Narayan Gopal and Hada. Rabina. Needs Assessment on Urban Disaster Preparedness: Bheemdatt, Amargadhi, Nepalgunj and Kohalpur Municipalities. National Disaster Risk Reduction Centre Nepal (NDRC Nepal). Report prepared for DCA and Save the Children.

Gautam, Dhruba (2020c). Growing Fire Incidents Wreaking Heavy Losses in Nepal. In Spotlight

Magazine, May 8. Available online: https://www.spotlightnepal.com/2020/05/14/growing-fire-incidentswreaking-heavy-losses-nepal/

Multi-Agency Fire Safety Framework May 2021

https://www.hst.uk.com/news/5-reasons-fire-drills-essential-every-business/
https://ehsdailyadvisor.blr.com/2010/09/fire-drills-why-when-and-how/
https://doorcontrolsdirect.co.uk/blog/post/8-the-importance-of-fire-drills
https://www.euro1training.com/news/importance-fire-drills-workplace/
https://www.hrheadquarters.ie/%E2%80%8Bhealth-and-well-being/the-importance-of-fire-drills/
https://www.haspod.com/blog/fire/why-when-you-need-fire-drills
https://www.fireaction.co.uk/news/importance-of-fire-drills-in-the-workplace/
https://firesafety.tips/guide-to-carrying-out-fire-drills-in-schools/
https://www.homesafetycouncil.org/SafetyGuide/sg_fire_w004.asp
http://www.concordia.ca/cunews/main/stories/2015/09/16/fire-drills-begin-next-week.html
http://www.concordia.ca/cunews/main/stories/2015/09/16/fire-drills-begin-next-week.html
http://www.concordia.ca/cunews/main/stories/2015/09/16/fire-drills-begin-next-week.html
http://www.colorado.edu/firelifesafety/fire-drills
http://www.nbcdfw.com/investigations/Life-Saving-Closed-Door-Message-Omitted-From-Some-Fire-Safety-Materials-345104012.html
http://www.fgcu.edu/EHS/fire-drills-fire-alarms-life-safety.html
http://www.concordia.ca/cunews/main/stories/2015/09/16/fire-drills-begin-next-week.html
http://kidshealth.org/kid/watch/er/fire_safety.html
http://www.colorado.edu/firelifesafety/fire-drills
https://www.safetyinfo.com/hot-work-and-welding-safety-index/
https://www.vectorsolutions.com/resources/blogs/how-to-use-a-fire-extinguisher-step-by-step-guide/
https://resources.impactfireservices.com/how-to-conduct-a-fire-drill-at-work-a-guide-to-preparing-your-employees
https://uwf.edu/finance-and-administration/departments/environmental-health-and-safety/fire-safety/fire-drill-instructions/

https://www.adp.com/spark/articles/2018/03/best-practices-for-creating-a-fire-drill-procedure-for-your-organization.aspx
https://www.highspeedtraining.co.uk/hub/conducting-fire-drill-in-schools/
https://www.wikihow.com/Act-During-a-Fire-Drill
https://www.ehs.iastate.edu/services/fire/evacuation-procedures
http://www.fao.org/3/j9255e/J9255E07.htm

## अनुसूची

### अनुसूची-१ अग्नि नियन्त्रण ढाँचा

| अग्नी नियन्त्रणका घटकहरू | रणनीति | क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|---|
| १. नीति, रणनीति र कार्यान्वयन | • नीति, नियम र रणनीतिहरू<br>• आगलागी सुरक्षा कोड | **नीति, नियम र रणनीतिहरू**<br>• अवस्थित आगलागी सम्बन्धी नीतिहरू/कानूनी/संस्थागत ढाँचाहरूको समीक्षा,<br>• आगलागी प्रतिकार्यहरू नियमन गर्न SOPs तयारी,<br>• DRR नीति र योजनाहरूमा आगलागी सम्बन्धी सवालहरूको मुलप्रवाहीकरण<br>• आगलागी सम्बन्धी भवन संहिताहरूको प्रावधानहरूमा शिक्षित गर्ने र लागू गर्ने<br>• सबै तहका कर्मचारीहरूको क्षमता<br>**आगलागी सुरक्षा संहिता**<br>• आगलागी सुरक्षा संहिता र यसको नियमनको प्रक्रिया विकास<br>• यसका प्रावधानहरूमा सर्वसाधारण लगायत सरोकारवालाहरूलाई शिक्षा दिने<br>• सम्भावित खतराको रूपमा आगलागीलाई प्राथमिकता दिन राष्ट्रिय/प्रदेश र स्थानीय सरकारहरू र अन्य सम्बन्धित सरोकारवालाहरूसँग पैरवी<br>• राष्ट्रिय/प्रदेश र स्थानीय सरकारका मापदण्ड र नीतिहरूमा आगलागी संहिता-सम्बन्धित प्रावधानहरूलाई मुलप्रवाहमा ल्याउनका लागि पैरवी | सङ्घ, प्रदेश तथा स्थानीय सरकार<br><br>सङ्घ, प्रदेश तथा स्थानीय सरकार र गैर सरकारी संस्थाहरु |
| २. प्रविधि, उपकरण र स्रोतहरू | • दमकल र पानी पम्पहरू व्यवस्थापन<br>• उपकरण र औजारहरूको | **दमकल र पानी पम्पहरू व्यवस्थापन**<br>• अग्नी नियन्त्रण केन्द्र/विभागहरूलाई दमकलसहित उपकरण व्यवस्थापन<br>• अग्नी नियन्त्रण केन्द्र/विभागहरूलाई पानी पम्पहरू र पानी तान्ने सक्सनको प्रवन्ध | सङ्घ, प्रदेश तथा स्थानीय सरकार/ निजि क्षेत्र |

| | | | |
|---|---|---|---|
| | व्यवस्थापन र अद्यावधिक<br>• आगलागीको खतरा स्तरीकरण र पूर्व सूचना प्रणालीको अनुगमन<br>• बहु प्रकारका आगलागीका घटनाहरू र तिनीहरूको प्रकृती अनुगमन | • आवधिक रूपमा समीक्षा गरेर अग्नी नियन्त्रण केन्द्रहरूको क्षमता विस्तार<br>• परम्परागत पानी पोखरी, वाटर हाइड्रेन्ट र अन्य स्रोतहरू नक्साङ्कन<br>**उपकरण तथा औजारहरूको व्यवस्थापन र अद्यावधिक**<br>• अग्नी नियन्त्रण केन्द्र/विभागका कर्मचारीहरूलाई व्यक्तिगत सुरक्षा उपकरणहरूले प्रबन्ध<br>• मेसिनरी उपकरणहरूको लागि पर्याप्त र आवश्यक स्पेयर पाट्र्सहरूको भण्डारण<br>• औद्योगिक आगलागीको प्रतिकार्य गर्न भण्डारणका लागि सहजीकरण<br>• आगलागी सेवाका लागि एम्बुलेन्स वा एम्बुलेन्स सेवाहरूको समन्वय र व्यवस्थापन<br>**आगलागीको खतरा स्तरीकरण र पूर्वसूचना प्रणालीको अनुगमन**<br>• चुस्त सूचकहरू सहित आगलागीको खतरा स्तरीकरण प्रणालीको विकास<br>• संघ, प्रदेश र स्थानीय तिनै तहमा पूर्व सूचना प्रणालीको स्थापनाका लागि सहजीकरण,<br>• सूचना र सञ्चार सञ्जाल स्थापना।<br>**बहु प्रकारका आगलागीका घटनाहरू र तिनीहरूको प्रकृती अनुगमन**<br>• निर्धारित कार्यविवरणहरू सहितको समन्वय समिति गठन<br>• स्रोत-विनियोजन र प्राथमिकताहरू समावेश भएको निर्धारित सूचकहरूसहितको योजना तर्जुमा | |
| ३. शिक्षा र ज्ञान व्यबस्थापन | • आगलागी पूर्वतयारी बारे सचेतना | **जनचेतना र शिक्षा**<br>• उमेर, लिङ्ग र लक्षित समूहका लागि विशिष्ट आगलागी सचेतना र शैक्षिक | सङ्घ, प्रदेश तथा स्थानीय सरकार/ नीजि क्षेत्र र गैर |

| | | | |
|---|---|---|---|
| | • आगलागी रोकथामका पहलहरू<br>• पहिचान तथा सन्देश प्रवाह<br>• क्षमता, सीप र ज्ञान | सामग्रीहरूको विकास<br>• लक्षित समुदायहरूको सांस्कृतिक र सामाजिक मान्यताहरूलाई स्वीकार्ने र विचार पुर्याउने<br>• छोटा भिडियोहरूको निर्माण, हाजिरी जवाफ प्रतियोगिताहरूको आयोजना, विषयगत बहस र छलफल सञ्चालन,<br>• पूर्ण प्रशिक्षणको पाठ्यक्रमको डिजाइन गर्न सहजीकरण,<br>• आगलागीको आपतकालीन व्यवस्थापनका लागि तालिम, अभ्यास, र कृत्रिम घटना अभ्यासहरूको आयोजना,<br>• आगलागीको पूर्वतयारीको बारेमा चेतना जगाउनका लागि कार्यक्रमहरू डिजाइन र कार्यान्वयन<br>• आगलागी प्रतिकार्यमा निजी क्षेत्र, स्थानीय क्लबहरू र गैरसरकारी संस्थाहरूको सहभागिता अभिवृद्धि।<br>• अग्नी नियन्त्रण टोलीहरू, सुरक्षा निकायहरू, उद्योग वाणिज्य महासंघ, आदि बीच आवधिक समन्वय र अन्तरक्रिया बैठकहरू आयोजना<br>• अग्नि-प्रतिकार्य र आकस्मिक योजनाहरूको तयारीमा नगरपालिका तथा गाउँपालिकाहरूलाई सहयोग,<br>• विद्युतीय र छापा माध्यमबाट अग्नी नियन्त्रण केन्द्रको टेलिफोन नम्बर (१०१) प्रवाह<br>• अग्नी नियन्त्रण केन्द्र, सुरक्षा बल र अन्य महत्वपूर्ण सेवाप्रदायकहरू बीच सूचना आदानप्रदानका लागि संयन्त्र स्थापना<br><br>**आगलागी पूर्वतयारी बारे सचेतना**<br>• स्पष्ट सूचकहरू र प्रावधानहरू सहित आगलागी सुरक्षा अवस्थाको लेखापरीक्षण | सरकारी संस्था |

| | | | |
|---|---|---|---|
| | | • आपतकालीन प्रतिकार्यमा परिचालन गर्ने सवारी साधनहरूको निर्वाध आवतजावतलाई प्राथमिकता दिन सञ्चार सुधार गर्न सचेतना<br>• अनावश्यक स्थानहरूमा राखिएका स्पीड ब्रेकरहरू हटाउने कार्यको नियमन गर्न सहजीकरण<br>• आगलागीको सतर्कता घण्टी र आगो निभाउने उपकरणहरूको नियमित मर्मतसम्भार कार्यको प्रवर्द्धन।<br>**आगलागी रोकथाम पहल**<br>• बृहत आगलागी रोकथाम योजना तर्जुमा<br>• आगलागीको जनसांख्यिकीय तथ्याङ्क सङ्कलन गर्न सूचना व्यवस्थापन प्रणाली स्थापना<br>• स्थायी कर्मचारीहरूको व्यवस्थापन र उत्प्रेरणा<br>• पर्याप्त बजेटसहित अग्नी नियन्त्रण केन्द्र व्यवस्थापन योजनाका लागि सहयोग<br>**पहिचान तथा सन्देश प्रवाह**<br>• प्रभावकारी आगलागि पहिचान गर्ने प्रणालीको प्रयोगको प्रवर्द्धन<br>• आगलागी आपतकालीन सञ्चार योजनाको विकास<br>• आगलागी प्रतिकार्यमा संलग्न कर्मचारीहरूलाई तालिम, उपकरण व्यवस्थापन, र सहयोग<br>• प्रेषण र सञ्चार प्रणाली तथा संयन्त्र विकास<br>• ठूला आगलागी नियन्त्रण रणनीति र रणकौशल निर्माण<br>• स्थानीय प्रविधि र मौलिक ज्ञानको प्रयोग<br>**क्षमता, सीप र ज्ञान**<br>• आवधिक क्षमता आवश्यकता लेखाजोखा गर्ने र तदनुसार क्षमता विकास क्रियाकलाप डिजाइन<br>• आवधिक अग्नी नियन्त्रण अभ्यासहरू | |

| | | | |
|---|---|---|---|
| | | प्रवर्द्धन र नियमन<br>• आगलागीको जोखिम र खतरा नक्साङ्कन कार्यको प्रवर्द्धन, नियमन र अनुगमन ।<br>• अग्नी नियन्त्रण केन्द्रका कर्मचारीहरुसंग आवधिक समीक्षा र पुनरावलोकन सत्रको आयोजना | |
| ४. संस्थागत व्यवस्था र समन्वय | • आगलागी र स्रोत व्यवस्थापन<br>• स्रोत र जवाफदेहिता<br>• आगलागी सुरक्षा, र आकस्मिक योजनाहरू<br>• आगलागी पूर्वतयारी र प्रतिकार्य योजना<br>• अनुगमन र मूल्याङ्कन | **आगलागी र स्रोत व्यवस्थापन**<br>• र स्रोत व्यवस्थापन पहलहरूको लेखाजोखा, विश्लेषण र समीक्षा<br>• आगलागी र स्रोत व्यवस्थापन योजनाहरूको निर्माण<br>• स्रोतहरूमा योगदान गर्ने उद्योग वाणिज्य महासंघ, ठुला व्यावसायिकहरूसँग समन्वय<br>• नगरपालिकाहरूलाई वित्तीय स्रोतको व्यवस्थापनका लागि सहजीकरण<br>**स्रोत र जवाफदेहिता**<br>• आगलागीसँग सम्बन्धी गतिविधिहरूको तर्जुमा र प्राथमिकीकरण<br>• नगरपालिकाको बजेटको निर्धारित प्रतिशत आगलागी व्यवस्थापनका लागि छुट्याउने र नियमन गर्ने<br>• आगलागीको पूर्वतयारी र प्रतिकार्यको समीक्षा र पुनरावलोकनको आयोजना<br>• आगलागी नियन्त्रण टोली र स्थानीय युवा समूह गठन कार्यलाई सहयोग<br>• विद्यमान आपतकालीन सूचना आदान प्रदान संयन्त्रहरूको सुधार<br>• स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको तथ्याङ्कीय प्रणालीमा आगलागीका घटनाहरूको गणना वा अभिलेखीकरण<br>• अन्तर-निकाय समन्वयलाई सबलीकरण गर्ने<br>• टोल विकास संस्थाहरू, सामुदायिक समूहहरू र अग्नी नियन्त्रण केन्द्रहरू | सङ्घ, प्रदेश तथा स्थानीय सरकार/ नीजि क्षेत्र |

| | | | |
|---|---|---|---|
| | | बीचको तलदेखि माथिसम्म(bottom up) सम्बन्ध निर्माण<br>**आगलागी सुरक्षा, र आकस्मिक योजनाहरू**<br>• नगरपालिकाका कर्मचारीहरूको संलग्नतामा आगलागी सुरक्षा, आपतकालीन र आकस्मिक योजनाहरू निर्माण<br>• निर्धारित भूमिका र जिम्मेवारीहरू सहितको कार्यसञ्चालन कार्यविधि (**SOPs**) निर्माण<br>• सबैभन्दा महत्त्वपूर्ण आगलागी जोखिम क्षेत्रहरूको पहिचान र नक्साङ्कन<br>**आगलागी पूर्वतयारी र प्रतिकार्य योजना**<br>• आगलागी पूर्वतयारी र प्रतिकार्य योजना निर्माण<br>• आगलागी सुरक्षा र व्यक्तिगत सुरक्षा उपकरण (**PPE**) को प्रवन्ध।<br>• आगलागीको पूर्वतयारी र प्रतिकार्य नीति/रणनीतिहरू तयारी<br>• आगलागीको पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा गर्न नगरपालिकाका कर्मचारीहरूलाई सचेत गर्ने<br>• आगलागी क्षेत्रको सीमाङ्कन, चटयाङ्ग प्रतिरोधी प्रविधिको स्थापना, र आगलागी निभाउने उपकरणहरू (fire extinguishers) स्थापना<br>• जोखिमपूर्ण क्षेत्रहरूको लागि आगलागी व्यवस्थापनमा विशेष प्रोटोकल विकास<br>• आगलागीको जोखिम र खतरा नक्साङ्कन सहितको आगलागी पूर्वतयारी योजना तर्जुमा<br>• **(i)** चेतावनी घण्टी र सूचना प्रक्रियाहरू, **(ii)** घटना स्थलमा सतर्कता **(iii)** योजना सञ्चालन र दैनिकी प्रस्तुती र (**iv)** विश्लेषण र कार्य समासीलाइ समावेश गरी आगलागी प्रतिकार्य योजनाको विकास | |

| | | | |
|---|---|---|---|
| | | **अनुगमन र मूल्याङ्कन**<br>• बृहत् अनुगमन योजना निर्माण र कार्यान्वयन<br>• नजिकका छुटेका घटनाहरूको अभिलेखीकरण र सिकेका पाठहरूको समीक्षा<br>• आगलागी रोकथाम कार्यक्रमहरूबाट जानकारी र तथ्याङ्कको प्रयोग<br>• आगलागी र नियन्त्रण विधिहरूको पारिस्थितिकीय प्रभाव अनुगमन | |

## अनुसूची-२ चरणबद्ध अग्नी नियन्त्रण अभ्यास कार्यढाँचा

| आगलागी घटना हुनु अघि | आगलागिको समयमा | आगलागीलागिको घटना पछि |
|---|---|---|
| १. अग्नी सुरक्षा समिति र कार्यदल स्थापना<br>• आगलागी सतर्कता कार्यदल<br>• स्थानान्तरण कार्यदल<br>• खोज र उद्धार कार्यदल<br>• अग्नी नियन्त्रण कार्यदल<br>• प्राथमिक उपचार कार्यदल | १. योजना अनुसार अभ्यास सञ्चालन | १. अग्नी नियन्त्रण अभ्यासको मूल्याङ्कन |
| २. अग्नी नियन्त्रण प्रमुख र वार्डनको चयन | २. आगलागी भएको थाहा पाउने वित्तिकै जे गरिरहेको भए पनि त्यसलाई पूर्ण रूपमा रोक्ने | २. सामान्य प्रक्रियाहरू पुनः सुरु गर्ने कार्यहरू |
| ३. भूमिका र जिम्मेवारीहरू तय गर्ने | ३. भवनबाट बाहिर निस्कने | |
| ४. स्थानीय अग्नी नियन्त्रण केन्द्रका प्रमुखहरूसँग सम्बाद | ४. स्थानान्तरण मार्गबाट हिड्ने | |
| ५. मानिसहरूलाई शिक्षित बनाउने | ५. धैर्य र शान्त रहने | |
| ६. आधारभूत आगलागी सुरक्षा तालिम प्रदान | ६. प्रत्येक अभ्यासलाई वास्तविक आगलागीमा जस्तै व्यवहार गर्ने | |
| ७. आगलागीबाट बच्न आपतकालीन योजना निर्माण | ७. ढोका बन्द गर्नुहोस् र बत्ती बाल्नुहोस् | |
| ८. परिदृश्यहरूमा आधारित अग्नी नियन्त्रण अभ्यासहरूको परिमार्जन | ८. सीढीहरूको बाटोबाट निस्कने | |
| ९. स्थानान्तरण मार्गहरूको बारेमा सञ्चार | ९. धुवाँको संकेतहरू हेर्ने | |

| | | |
|---|---|---|
| १०. गर्नुहुने र गर्नुनहुने तथा पालना गर्नुपर्ने अन्य नियमहरू | १०. फुटपाथहरू खाली गर्ने | |
| ११. मानिसहरूको अभिलेख अध्यावधिक गर्ने | ११. सबै खाली भएको संकेतको लागि पर्खने | |
| १२. स्थानान्तरण मार्ग खाली गर्ने | १२. बाहिर निस्कने झ्याल वा अन्य बाटो खोज्ने | |
| १३. नियमित आगलागी सुरक्षा जाँच भएको सुनिश्चित गर्ने | १३. सबैलाइ सुरक्षित र निश्चित दूरीमा सार्ने | |
| १४. धुवाँ सतर्कताहरू परीक्षण | १४. अवलोकन गर्ने, समय र अभ्यास प्रक्रियाको अभिलेख गर्ने | |
| १५. सबै अग्रिम तयारीको सुनिश्चितता | १५. सुरक्षित स्थानमा भेला भएपश्चात हाजिरी उठाउने | |
| १६. अभ्यास गर्नु अघि अग्नि सुरक्षा उपकरणहरू प्रवन्ध | १६. सहभागी सबैलाई धन्यवाद ज्ञापन | |
| १७. सरोकारवालाहरूको भूमिका र जिम्मेवारीहरू निर्धारण र आधारभूत सामग्रीहरूको व्यवस्थापन | १७. आगो निभाउने उपकरण प्रयोगका चरणहरू<br>• आगलागीको प्रकार वा वर्गीकरण पहिचान<br>• सही प्रकारको आगो निभाउने उपकरण उपलब्ध गर्ने<br>• आगो निभाउने यन्त्र प्रयोग गर्नको लागि PASS विधि<br>• P- पिन तान्ने<br>• A- AIM नोजल, हर्न वा नली आगलागी भएको विन्दुमा ताक्ने<br>• S-SQUEEZE ह्यान्डललाई थिच्ने वा दवाउने<br>• S-SWEEP आगलागी भएको विन्दुको आधारमा एक छेउबाट अर्के छेउसम्म कुँचोले बढारेको जस्तो बढार्ने | |
| १८. अग्नी नियन्त्रण अभ्यास अघि पूर्वअभ्यास गर्ने | १८. राम्रोसँग भण्डारण गरिएको प्राथमिक उपचार किटको उपलब्धताको सुनिश्चितता | |
| १९. "मौन पर्यवेक्षकहरू"को नियुक्ति | | |